सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ चैत २०८२, सोमबार (30 March 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउने निर्णयले तरंग

के हो सरकारले बनाउन खोजेको विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट ?

वैशाखदेखि 'ब्रिजकोर्स' बन्द गराउने शिक्षामन्त्रीको निर्णय

(विस्तृत पृष्ठ ३)

रास्वपाको ऐतिहासिक अग्निपरीक्षा




अग्रलेख

● **इन्द्रप्रसाद गोतामे (जगतजंग)**

रास्वपाको सफलता दलहरूबिचको अपवित्र गठबन्धन होइन, बरु जनताले देशको विकास र जनजीविकाका लागि रास्वपासँग गरेको सिधा 'जन-गठबन्धन' हो

(पृष्ठ ४)

रणनीति स्पष्ट नहुँदा इरान युद्धमा फस्दै अमेरिका



इरानमा ट्रम्प प्रशासनको गलत गणनाले उसले विगतका भियतनाम, अफगानिस्तान र युक्रेनबाट उचित पाठ सिकेको थिएन भन्ने पुष्टि हुन्छ

(लेख पृष्ठ ५)

हिल्टनको पुनर्बिमा अनियमितता छानबिन प्रतिवेदन अख्तियारमा

निलम्बनको सिफारिस भएका नेपाल रिका सिइओ थापालाई लिखित कारबाही गरेर दिइयो उन्मुक्ति



सुरेन्द्र थापा

हिल्टन होटेलको पुनर्बिमा दाबीमा अनियमितता देखिएपछि अख्तियारले नै अर्थ मन्त्रालयमार्फत प्राधिकरणलाई छानबिन गर्न भनेको थियो । छानबिन समितिले नेपाल रिका सिइओ सुरेन्द्र थापालाई निलम्बन गर्न सिफारिस गरे पनि बिमा प्राधिकरणले लिखित कारबाही मात्रै गरेर उन्मुक्ति दिएको छ ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

देउवा, ओली र प्रचण्डको सम्पत्ति छानबिनमा

ओली प्रधानमन्त्री हुँदा परराष्ट्रमन्त्री रहेकी देउवापत्नी आरजु राणा र ऊर्जामन्त्री दीपक खड्कामाथि पनि छानबिन हुँदै







सुवास भट्ट/नयाँ पत्रिका

पूर्वप्रधानमन्त्रीत्रय शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहाल प्रचण्ड सम्पत्ति शुद्धीकरणसम्बन्धी छानबिनमा तानिएका छन् । यो दायरामा पूर्वमन्त्रीद्वय देउवापत्नी आरजु राणा र दीपक खड्का पनि परेका छन् । नयाँ सरकारको 'स्पिरिट'अनुसार सम्पत्ति शुद्धीकरण विभागले उनीहरूमाथि छानबिन थालेको हो ।

पूर्वमन्त्री एवं कांग्रेस नेता खड्कालाई सिआइबीले आइतबार पक्राउ गरिसकेको छ भने ओली, प्रचण्ड र देउवादम्पतीको ठेगानामा प्रहरीमार्फत विभागले पत्र पठाएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी केही बुझ्नुपर्ने भन्दै पाँचैजनालाई विभागमा उपस्थित हुन पत्र काटिएको स्रोतले बतायो । पूर्वप्रधानमन्त्री ओली जेन-जी आन्दोलनमा दमन गरेको घटनामा पक्राउ परी प्रहरी हिरासत (उपचारका लागि अस्पताल)मै छन् । शनिबार पक्राउ परेका उनलाई अदालतले पाँच दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको छ । देउवादम्पती देशबाहिर छन् भने प्रचण्ड स्वदेशमै छन् ।



आरजु राणा देउवा

जेन-जी आन्दोलनका क्रममा देउवाको बुढानीलकण्ठस्थित निवासमा ठुलो मात्रामा पैसाका नोट जलेका फेला परेका थिए । त्यसका भिडियो र फोटोहरूसमेत सामाजिक सञ्जालमा सार्वजनिक भएका थिए । ओली र प्रचण्डको निवासमा भने पैसा जलेको आरोप लगाइए पनि आधिकारिक कुनै प्रमाण भेटिएको छैन । त्यस्तै, खड्काको घरमा पनि आन्दोलनकारीले विदेशी नोट जलाएको र उडाएको फोटो र भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए ।

विभागले अनुसन्धानका लागि असोज पहिलो साता ती नेताहरूको घरमा गएर जलेका भनिएका नोटबारे निरीक्षण गरी मुचुल्का उठाएर ल्याएको थियो । ती नोटको प्रहरीमार्फत फरेन्सिक परीक्षणसमेत गरिएको थियो । यसका अतिरिक्त अनुसन्धान टोलीले सामाजिक

» पृष्ठ २ मा क्रमशः

■ खड्काको घरमा स्वदेशी र विदेशी पैसा फेला परेको भिडियो सार्वजनिक भएको थियो

मन्त्रालयमै घुसमा चेक कारोबार गरेको र शक्तिको आडमा सस्तोमा स्काउटको जग्गा लिजमा लिएर बक्यौता नतिरेकोसम्मका दसी प्रमाण

पक्राउ गरिएका खड्कामाथि छानबिनका लागि सात दिनको म्याद थप

पूर्वउर्जामन्त्री एवं कांग्रेस नेता दीपक खड्काको हकमा सम्पत्ति शुद्धीकरणमा जोडिने विभिन्न आधार सार्वजनिक हुँदै आएका छन् । जेन-जी आन्दोलनका क्रममा घरमा स्वदेशी र विदेशी पैसा फेला पर्नेदेखि मन्त्रालयमै घुसमा चेक कारोबार गरेको र स्काउटको जग्गा लिजमा लिएर बक्यौता नतिरेकोसम्मका दसी प्रमाण भेटिएका छन् । सिआइबीमार्फत विभागले आइतबार बिहान पक्राउ गरेको खड्कालाई छानबिनका लागि अदालतले सात दिनको म्याद थपिदिएको छ ।

जेन-जी आन्दोलन हुँदासम्म केपी ओली नेतृत्वको सरकारमा ऊर्जामन्त्री खड्काले नेपाल स्काउटको लैनचौरस्थित तीन रोपनी जग्गा कौडीको भाउमा भाडामा लिएर शक्तिको आडमा थप १२ रोपनी जग्गा कब्जा गरेका थिए । तर, त्यही तीन रोपनीको पनि भाडाबापतको साढे तीन करोड बक्यौता उनको कम्पनी खड्काल्यान्डले अझै तिरेको छैन । भाडा नतिरेकै कारण स्काउटले उनको पार्टी प्यालेस र रेस्टुराँ स्थानीय प्रशासनको सहयोगमा डेढ वर्ष सिल गरेकोमा अन्तिम मौकास्वरूप दिइएको समयसीमामा पनि बक्यौता नतिरेपछि गत २७ कात्तिकमा भत्काइदिएको थियो । ०६५ देखि स्काउटको जग्गा दुरुपयोग गरेर उल्टै धम्की दिँदै आएका उनले स्काउटविरुद्ध नै आधा दर्जन मुद्दा अदालतमा दायर गरेका थिए । पछिल्लोपटक अदालतले बक्यौता तिर्नुपर्ने गरी फैसला गर्दासमेत उनले त्यसलाई लत्याउँदै आएका छन् ।



दीपक खड्का

ऊर्जामन्त्री छँदा मन्त्रालयमै ठेकेदारसँग घुसमा चेक लेनदेन गरेको प्रकरणमा पनि उनी विवादित छन् । जगदुल्ला जलविद्युत् आयोजनाको १६ अर्बको ठेक्कामा मिलेमतो गराउन उनले गत वर्ष मन्त्रालयमै ठेकेदारबिच चेक लेनादेना गराएका थिए । यस विषयमा अख्तियारले समेत प्रारम्भिक छानबिन थालेको थियो । तर, घटना भए पनि भरपर्दो प्रमाण नभेटिएको भन्दै अख्तियारले थप छानबिन रोकेको थियो ।

त्यस्तै, डेडिकेटेड ट्रंकलाइन प्रयोग गरेबापत नेपाल विद्युत् प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने अर्बौंको बक्यौता नतिराउन उनी व्यापारीको पक्षमा खुलेआम लागेका थिए । ४६ कम्पनीले बिजुली प्रयोग गरेबापत तिर्नुपर्ने करिब आठ अर्बको बक्यौता पूरै छुट दिलाउन पदको दुरुपयोग गरेका थिए । संसद्को लेखा समिति, मन्त्रिपरिषद्, विभिन्न तहका अदालत, विद्युत् नियमन आयोगलगायतसमेतले उक्त विद्युत् महसुल तिराउन निर्णय, आदेश तथा फैसला गर्दासमेत खड्काले सबैलाई लत्याएर व्यापारीको पक्षमा लबिङ गरेका थिए । पछिल्लोपटक जेन-जी आन्दोलनमा उनको घरमा पैसा भेटिएको भन्दै आन्दोलनकारीले बाहिर निकालेर उडाएको फोटो तथा भिडियो सार्वजनिक भएका थिए ।

पूर्वप्रधानमन्त्री ओली र गृहमन्त्री लेखकको पक्राउ 'मनासिब'

५-५ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतको अनुमति, फौजदारी मुद्दामा बयान लिन र प्रमाण जुटाउन सहज



पूर्वगृहमन्त्री रमेश लेखक सरकारी वकिल कार्यालयमा

आजदेखि नै ओली र लेखकको बयान हुन सक्ने

जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाले जाँचबुझ आयोगको प्रतिवेदनलाई आधार बनाएर अनुसन्धान अघि बढ्ने बताए । 'जाँचबुझ प्रतिवेदन हाम्रोमा आइसकेको छ । प्रतिवेदनले सिफारिस गरेको मुलुकी फौजदारी अपराध संहिताकै दफा टेकेर अनुसन्धान हुन्छ,' उनले भने ।

ओली र लेखकको रिहाइ माग्दै दायर रिटमा आज सुनुवाइ

पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई थुनामुक्त गर्नुपर्ने मागसहित सर्वोच्चमा आइतबार दायर बन्दी प्रत्यक्षीकरणको रिटमा सोमबार सुनुवाइ हुँदै छ । सर्वोच्च प्रशासनका अनुसार ओलीका हकमा उनकी पत्नी राधिका शाक्य र लेखकका हकमा उनकी श्रीमती यशोदा लेखकले रिट दर्ता गराएका छन् ।

(विस्तृत समाचार पृष्ठ २)

इनिसा विकको सामूहिक बलात्कारपछि हत्या भएको निष्कर्ष

चारै किशोरलाई जन्मकैद सजाय माग गरी मुद्दा दायर

नयाँ पत्रिका

सुर्खेतकी किशोरी इनिसा विकको सामूहिक बलात्कारपछि नै हत्या गरिएको दाबीसहित चारै किशोरविरुद्ध मुद्दा दायर भएको छ । प्रहरी अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिलले आइतबार जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरेको हो ।



इनिसा विक

आरोपीहरूलाई जन्मकैद सजाय माग गरी मुद्दा दायर गरिएको छ । पक्राउ परेकाहरू १८ वर्षभन्दा कम उमेरका भएकाले नाम भने गोप्य राखिएको छ । सबै आरोपी घटनास्थलमा देखिएको, घटनास्थलबाट एउटा प्रयोग गरिएको र तीनवटा प्रयोग नगरिएका कन्डम भेटिएको तथा उद्धार गरिएको भन्ने नदेखिएको र मृतक परिवारको किटानी जाहेरीका अधारमा चारैजनालाई समान कसुरदारका रूपमा अभियोजन गरिएको छ ।

गत २३ फागुनमा वीरेन्द्रनगर- ४ स्थित जनजागरण सामुदायिक वनमा इनिसा अचेत अवस्थामा फेला परेकी थिइन् । पछि अस्पताल लैजाँदा उनको बाटैमा मृत्यु भएको थियो । प्रहरीले लगत्तै चार युवकलाई पक्राउ गरेको थियो ।

पक्राउ परेकामध्ये एक युवकले इनिसासँग आफू प्रेमसम्बन्धमा रहेको र सहमतिमै शारीरिक सम्बन्ध राख्ने क्रममा अत्यधिक रगत बगेर उनी बेहोस भएको बयान दिएका छन् । इनिसा बेहोस भएपछि अरूलाई सहयोग गर्न आफूले बोलाएको उनको बयानमा उल्लेख छ । तर, उद्धार गरिएको भन्ने आधार नदेखिएको अभियोगपत्रमा उल्लेख छ ।

झन्झन् पेचिलो हुँदै कांग्रेस विवाद

प्रेम गौतम/नयाँ पत्रिका

आधिकारिकता विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेकै तथा निर्वाचनमा अनपेक्षित हार खाएकै वेला कांग्रेसको आन्तरिक विवाद झन्झन् बढ्दै गएको छ । जेन-जी आन्दोलनमा भएको मानवीय क्षतिको आरोपमा तत्कालीन प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखक पक्राउ परेपछि कार्यवाहक सभापतिको हैसियतमा पूर्णबहादुर खड्काले पनि विज्ञप्ति निकालेपछि संस्थापन पक्ष आक्रोशित भएको छ । साथै, उनीमाथि अनुशासनको कारबाही चलाउन सकिने जनाउ दिएको छ ।

कांग्रेसको संस्थापन पक्षले प्रक्रियामा प्रश्न उठाए पनि जेन-जी आन्दोलनका घटना जाँचबुझ आयोगका प्रतिवेदन कार्यान्वयनको समर्थन गरेको छ । तर, खड्काले जारी गरेको विज्ञप्तिमा ओली र लेखकको गिरफ्तारी राजनीतिक रूपमा पूर्वाग्रह प्रेरित रहेको भन्दै संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने चेतावनी छ । आधिकारिकता विवाद लम्बिँदा दुवै पक्ष आगामी कदमको

» पृष्ठ २ मा क्रमशः





कार्यवाहक सभापतिको हैसियतमा पूर्णबहादुर खड्काको विज्ञप्ति अनुशासनको विषय बन्न सक्ने संस्थापनको चेतावनी । कार्यवाहक सभापतिले राजनीतिक घटनाक्रममा पार्टीको धारणा सार्वजनिक गर्नु जायज र आवश्यक रहेको देउवा पक्षको भनाइ । दुवै पक्ष आगामी रणनीतिक छलफलमा ।

● **गुरुराज घिमिरे**, महामन्त्री, कांग्रेस



संवैधानिक अंगले निर्णय गरेर पार्टी अगाडि बढेपछि त्यसलाई सबै नेता-कार्यकर्ताले मान्नुपर्छ । पार्टीमा लामो समय काम गरेको नेताले मर्यादा राखेर काम गर्नुपर्छ । कार्यवाहकका नाममा विज्ञप्ति निकाल्नु हास्यास्पद छ । यो अनुशासन र मर्यादासँग जोडिएको छ । अहिले कार्यवाहकको पद पनि छैन । कांग्रेसलाई एक ढिक्का बनाउनुपर्ने आवश्यकता छ । पार्टीको वैधानिकता छ जहाँ, त्यहाँ उभिनुपर्छ । हामी छलफल गर्दै छौं । अनुशासन समितिको बैठक पनि आह्वान भएको छ ।

● **जितजंग बस्नेत**, देउवानिकट नेता



विशेष महाधिवेशनको नाममा जसरी पार्टी कब्जा गर्ने काम भयो, त्यो ठिक भएन भनेर हामी १४औं महाधिवेशनको निरन्तरता स्वरूप अगाडि बढेका छौं । अदालतमा मुद्दा विचाराधीन छ । अदालतले जे निर्णय गर्छ, त्यसलाई सबैले मान्नुपर्छ । कार्यवाहक सभापतिले राजनीतिक घटनाक्रममा पार्टीको धारणा सार्वजनिक गर्नु जायज र आवश्यक छ ।

१७ लाख अनुदान आए पनि सिराहा नगरपालिकाले किनेन औषधि, स्वास्थ्य संस्थामा सिटामोलसमेत पाइँदैन

स्वास्थ्य चौकीदेखि आधारभूत अस्पतालमा ९८ प्रकारका औषधि निःशुल्क पाउने सरकारी घोषणा, तर सिराहाका १२ स्वास्थ्य चौकी र नौ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा पाइँदैन जीवनजल, सिटामोल, आइरन चक्की

● वडा नं. ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रकी अनमि संगीता कुमारी भन्छिन्-



जीवनजल, सिटामोल, सेट्रिजिन, एमोक्सोसिलिन, सिप्रो, मेट्रोनजस्ता औषधि करिब एक वर्षदेखि आएको छैन । मौसम परिवर्तन हुँदा ज्वरो, रुघाखोकी, डायरियाका बिरामी बढ्ने भए पनि औषधि नहुँदा बाहिर पठाउनुपर्छ ।

मेयर डा. नवीनकुमार यादव भन्छन्-



ससर्त अनुदानको रकमको औषधि खरिद प्रक्रिया टेन्डरमार्फत गर्ने हो । तर, प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनू कार्यालयमा नआएकाले प्रक्रिया अगाडि बढाउन नसकिएको हो । नगरपालिकाको आन्तरिक समस्याले ढिलाइ भएको हो, चाँडै औषधिको व्यवस्थापन गर्छौं ।



सिराहा नगरपालिका- १०, नरैहिया घर भएकी सञ्जु मुखिया दुई किलोमिटर यात्रा गरी छिमेकी वडामा रहेको स्वास्थ्य चौकी भलुवाही आइपुगिन् । लडेर चोट लागेपछि पाँच वर्षकी छोरी आरुषीलाई साथमा लिएर भलुवाही पुगिन् । 'मलाई चोट लागेको छ, छोरीलाई ज्वरो, खोकी लागेर उपचार गराउन स्वास्थ्य चौकी आएकी थिएँ,' उनले भनिन्, 'चौकीमा दुःखाइ कम गर्ने र सिटामोललगायत औषधि रहेनछ, किन्न पुर्जा थमाइदिए,' उनले भनिन्, 'औषधि किनेर खाइरहेकी छु ।'

सिराहामा **सुरेन्द्रकुमार कामती**

सिराहा नगरपालिकाले नौ महिनासम्म पनि औषधि खरिद नगर्दा १२ स्वास्थ्य चौकी र नौवटा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा चरम अभाव निम्तिएको छ । स्वास्थ्य संस्थामा जीवनजल, सिटामोल, आइरन चक्कीसमेत अभाव भएपछि बिरामीले फार्मेसीबाट किन्नुपर्ने बाध्यता छ । जबकि, स्वास्थ्य चौकीदेखि आधारभूत अस्पतालमा ९८ प्रकारका औषधि निःशुल्क दिने घोषणा सरकारले हरेक वर्ष बजेटमा गर्छ ।

संघ सरकारले औषधि खरिदका लागि सिराहा नगरपालिकामा चालू आवमा १७ लाख अनुदान (सर्त) पनि पठाएको छ । तर, नगरपालिकाले भने अझै किनेको छैन । स्वास्थ्य संस्थाका लागि स्थानीय तहमार्फत औषधि खरिद हुने भए पनि योगदान भने तीन तहको सरकारको हुन्छ । तर, सिराहा नगरपालिकाले औषधि खरिदका लागि चालू आवमा बजेट नै छुट्याएन । नगरपालिकाको

» पृष्ठ २ मा क्रमशः

ओली सरकारको पालामा जोगाइएकी एमाले प्रदेश सांसद शर्मा पक्राउ

१४ वर्षीया बालिकालाई घरेलु मजदुरका रूपमा ६ वर्षसम्म बन्धक बनाई शारीरिक यातना दिएकी एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्माले सत्ताको 'निगाह'मा उन्मुक्ति पाएकी थिइन्

नयाँ पत्रिका



एमालेकी लुम्बिनी प्रदेश सांसद रेखा शर्मालाई प्रहरीले पक्राउ गरेको छ । बालिकालाई घरेलु श्रमिक बनाएर राखेको र कुटपिट गरेको कसुरमा उनलाई प्रहरीले आइतबार राति बालुवाटारस्थित घरबाटै पक्राउ गरेको हो ।

करिब दुई वर्षअघिको घटनामा उनी पक्राउ परेकी हुन् । बालबालिकासम्बन्धी कसुरमा उनलाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले जानकारी दिए ।

हालका प्रधानमन्त्री बालेन शाह काठमाडौं महानगरपालिको मेयर हुँदा उनीविरुद्ध महानगरले उजुरी दिएको थियो । तर, तत्कालीन सरकारको दबाबमा उनीविरुद्ध मुद्दा नचलाउने निर्णय भएको थियो । कसुरमा नयाँ उजुरी परेपछि पक्राउ गरिएका एक प्रहरी अधिकारीले बताए ।

शर्माको बालुवाटारस्थित घरमा घरेलु कामदारका रूपमा बस्दै आएकी बालिकको उजुरीमा शर्मामाथि दुई वर्षअघि नै महानगरपालिकाले छानबिन गरेको थियो । हिंसा भोग्दै आएकी बालिकालाई काठमाडौं महानगरपालिकाले १४ जेठ ०८१ मा उद्धार गरी सामाजिक संस्थामा पठाएको थियो ।

दाङकी एक निम्न आर्थिक अवस्था भएकी परिवारकी बालिकालाई

» पृष्ठ २ मा क्रमशः

पूर्वप्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई पाँच दिन थुनामा राख्न अदालतको अनुमति

नयाँ पत्रिका

जेन-जी आन्दोलनको पहिलो दिन भएको मानवीय क्षतिमा जिम्मेवार मानिएको आरोपमा गरिएको पूर्वप्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकको पक्राउ मनासिब भन्दै अदालतले थुनामा राख्न अनुमति दिएको छ। ओली र लेखकको पक्राउ गैरकानुनी र प्रतिशोधपूर्ण भन्दै खास गरेर एमालेले विरोध प्रदर्शन गरिरहेका वेला तथा उनीहरूका परिवारले बन्दी प्रत्यक्षीकरणको रिट सर्वोच्चमा दर्ता गराएकै दिन जिल्ला अदालत, काठमाडौंले पाँच-पाँच दिन थुनामा राख्न अनुमति दिएको हो।

न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले तीन आधार टेकेर ओली र लेखकलाई थुनामा राख्न अनुमति दिएको हो। प्रतिवादीहरूको बयान गर्न, बुझ्नुपर्ने मान्छेहरूको घटना विवरण कागज गर्न र जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन विश्लेषण गर्ने प्रयोजनका लागि हिरासतमा राख्न माग गरेको अनुमति मनासिब देखिएको आदेशमा छ। यससँगै फौजदारी मुद्दामा उनीहरूसँग प्रहरीले बयान प्रक्रिया अगाडि बढाउन सहज भएको छ।

'प्रस्तुत मुद्दामा प्रतिवादीहरूको बयान गर्न, बुझ्नुपर्ने मानिसहरूको घटना विवरण कागज गर्न तथा मिति २०८२/०५/२३ र २४ गतेको घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदन अध्ययन विश्लेषण गर्नेलगायतको प्रयोजनका लागि प्रतिवादीहरूलाई प्रहरी हिरासतमा राख्न अनुमति माग गरेको व्यहोरा मनासिब देखिँदा प्रतिवादीहरू केपी शर्मा ओली र रमेश लेखकलाई प्रहरी हिरासतमा राखी उपरोक्त लेखिएबमोजिमको कार्यहरू सम्पन्न गर्ने प्रयोजनका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (६) बमोजिम पाँच दिनको म्याद थपको अनुमति प्रदान गरिदिएको छ,' आदेशमा छ।

प्रहरीले दुवैजनालाई जरुरी पक्राउ पुर्जी दिएर शनिबार बिहान घरबाट पक्राउ गरेको थियो। प्रहरीले पूर्वगृहमन्त्री लेखकलाई अदालतमै उपस्थित गराएको थियो। तर, ओली अस्पतालमा भएका कारण भर्चुअल माध्यमबाट उपस्थित भएका थिए। पूर्वमहान्यायाधिवक्तासमेत रहेका वरिष्ठ अधिवक्ता रमेश बडालले अदालतमा ओलीको स्वास्थ्यावस्थाबारे जानकारी गराएका थिए।

न्यायाधीशले पूर्वप्रधानमन्त्री ओली अस्वस्थ भई उपचारार्थ अस्पतालमा रहेको देखिएका कारण उनको प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्नसमेत भनेका छन्। ओली त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका छन्।

२३ भदौको जेन-जी आन्दोलनमा उनीहरूकै लापरबाहीका कारण बानेश्वर क्षेत्रमा गोली लागेर मानवीय क्षति भएकाले फौजदारी मुद्दामा कारबाही गर्न गौरीबहादुर कार्की अध्यक्षताको जाँचबुझ आयोगले सिफारिस गरेको थियो। शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सोही सिफारिस कार्यान्वयन गर्ने निर्णय गर्दै प्रहरीलाई निर्देशन दिएको थियो। त्यसलगत्तै शनिबार बिहानै ओली र लेखक पक्राउ परेका थिए।

निको नहुँदासम्म ओली अस्पतालमै

पाँच दिन थुनामै राखेर अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले आदेश गरे पनि स्वास्थ्यमा सुधार नआएसम्म एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओलीलाई अस्पतालमै राखिने भएको छ। अदालतले ओलीको उपचारको प्रभावकारी व्यवस्था गर्न पनि भनेको छ।

रविको मुद्दा पूर्ण इजलासमा पठाइयो

काठमाडौं/ रास्वपा सभापति रवि लामिछानेको अभियोग संशोधनविरुद्ध परेका रिटको सुनुवाइ सर्वोच्च अदालतमा अस्वाभाविक रूपमा लम्बिएको छ। सर्वोच्चको संयुक्त इजलासले आइतबार तीनवटा रिटलाई पूर्ण इजलासमा पठाएको छ।

सम्बन्धित जिल्ला अदालतहरूमा सरकारी वकिलले अभियोगपत्र संशोधनका लागि निवेदन दिए पनि सर्वोच्चले यसमाथि निर्णय दिन ढिला गरेको छ। गत ४ माघमा दायर रिटहरूमाथि तीन दिनसम्म हेर्दाहेर्दैमा राखी सुनुवाइ भएकोमा चौथो दिन यस्तो फैसला आएको हो।

न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजिज मुसलमानको इजलासले यो आदेश गरेको हो। यद्यपि, सर्वोच्चका प्रवक्ता अर्जुनकुमार कोइरालाले भने, 'यसको आदेशमा हस्ताक्षर भएको छैन। लिखित आदेश आएपछि सार्वजनिक हुन्छ।'

यसअघि पनि चार दिनसम्म लगातार सुनुवाइ गरी न्यायाधीशहरू शारंगा सुवेदी र सुनीलकुमार पोखरेलको इजलासले कागजात झिकाउने आदेश गरेको थियो। आइतबार भने शर्मा र मुसलमानको इजलासबाट पूर्ण इजलासमा पेस गर्ने आदेश भएको हो। युवराज पौडेल, दिनेश त्रिपाठी र आभास रेग्मीसमेतको रिटमा पछिल्लो आदेश भएको हो।

तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारी बरालले २ माघमा लामिछानेउपरका अभियोगपत्रहरू संशोधन गरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिन स्वीकृति दिएकी थिइन्। यसैविरुद्ध दायर रिटहरू हालसम्म किनारा लागेका छैनन्। सर्वोच्चको फैसलापछि मात्र निर्णय गर्ने गरी ती निवेदन सम्बन्धित जिल्ला अदालतहरूमा रोकिएका छन्।

Request for Proposal for Upgradation of Books Inventory Management Software to a Web-Based System

Room to Read invites proposals (RFP) for the procurement and upgradation of Inventory Management Software to a web-based system. Eligible software development companies must have a minimum of three years of relevant experience in the field.

Date of Notice Published in Newspaper: 30 March 2026 RFP Submission Deadline: 13 April 2026, before 17:00 hrs

The Request for Proposal (RFP) must be submitted in hard copy, sealed in an envelope, and accompanied by all required documents as specified in the Terms of Reference (ToR). Submissions received after the deadline will not be considered. Room to Read reserves the right to accept or reject any or all proposals without assigning any reason.

Note: The detailed Terms of Reference (ToR) can be downloaded from the link provided below.

Room to Read.

Administration Department Room to Read
Thapathali-11, Kathmandu
Phone: (+977-1) 4102127, 4102128
Email: operations.nepal@roomtoread.org

https://bit.ly/41uZEqe

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय डडेल्लधुराको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
हर सिंह ठगुन्नाको बुहारी, पुस्कर सिंह ठगुन्नाको पत्नी, दार्चुला जिल्ला, साविक दत्तु गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी गा.पा./न.पा. वडा नं. ४ बस्ने **पार्वती देवी ठगुन्ना** (ना.प्र.नं. ११९१, जारी मिति २०६२/०२/१०, जि.प्र.का. कैलाली)।	गंगा सिंह ठगुन्नाको नाति, हर सिंह ठगुन्नाको छोरा, दार्चुला जिल्ला, साविक दत्तु गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी गा.पा./न.पा. वडा नं. ४ बस्ने **पुस्कर सिंह ठगुन्ना** (ना.प्र.नं. १४७६/१६०६१, जारी मिति २०५४/०८/०६, जि.प्र.का. दार्चुला)।

धितोको विवरण
पार्वती देवी ठगुन्ना (ना.प्र.नं. ११९१, जारी मिति २०६२/०२/१०, जि.प्र.का. कैलाली) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको डडेल्धुरा जिल्ला, साविक खलंगा गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट नं. १ क हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ४ स्थित कि.नं. १०४२ र ११६९ को क्षेत्रफल क्रमशः ०-२-०-३ र ०-०-३-१ (रोपनी) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : डडेल्लधुरा
फोन नं. ०९६-४१००१४
Website : www.siddharthabank.com

देउवा, ओली र प्रचण्डको...

पृष्ठ १ बाट क्रमशः

सञ्जालमा सार्वजनिक भएका फोटो र भिडियोसमेत विश्लेषण गरेको थियो। विभागले अनुसन्धानको दायरामा परेका नेता र तिनका परिवारका नाममा रहेका सम्पत्ति तथा कारोबारको विवरण खोजेको थियो। गत असोजमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रार कार्यालय, सिडिएस एन्ड क्लियरिङ लिमिटेड र भूमिसुधार तथा मालपोत विभागलाई पत्राचार गर्दै उनीहरूको बैंक खाता, कम्पनी, धितोपत्र कारोबार र घरजग्गाको विवरण मागेको थियो। अलग्गै अनुसन्धान टोली गठन गरेर अनुसन्धान अघि बढाए पनि विभागले छानबिन नै टुंगोमा नपुर्‍याई छाडेको थियो। अहिले नयाँ सरकार आएसँगै छानबिनको प्रक्रिया अघि बढाइएको हो।

सरकारले छानबिनको दायरामा ल्याएका देउवा पाँचपटक प्रधानमन्त्री भइसकेका नेता हुन्। पछिल्ला दशकमा सदाबहारजसो सत्ता र शक्तिमा रहेका पतिसँगको पारिवारिक सम्बन्धको दुरुपयोगबाट अनुचित लाभ लिएको आरोप देउवापत्नी आरजुमाथि लाग्दै आएको छ। नक्कली भुटानी शरणार्थी प्रकरणमा उनी अनुसन्धानको दायरामा तानिएकी थिइन्। यसबाहेक नियुक्ति, सरुवा-बढुवामा अनुचित लाभ लिएको भन्दै उनी विवादित छिन्। ठेक्कापट्टा र व्यापारमा जोडएका उनीहरूका छोरा जयवीर पनि अनुचित गतिविधिमा संलग्न भएको भन्दै विवादित छन्। त्यस्तै, चारपटक प्रधानमन्त्री भइसकेका एमाले अध्यक्ष ओली र तीनपटक प्रधानमन्त्री बनेका नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष प्रचण्डमाथि आर्थिक पारदर्शितालाई लिएर प्रश्न उठ्ने गरेको छ।

स्रोतका अनुसार शीर्ष नेताको सम्पत्ति शुद्धीकरण अनुसन्धानमा विभागले प्रारम्भिक तहमा मात्र हेर्नेछ। प्रारम्भिक छानबिनपछि सम्बन्धित कसुर हेर्ने निकायलाई थप छानबिन र अभियोजन गर्ने गरी प्रतिवेदन हस्तान्तरण गर्नेछ।

छानबिनमा रहेको विषयमा प्रमाण नष्ट हुन सक्ने भन्दै देउवाको बुढानीलकण्ठ निवास भत्काउन रोक

सरकारले देउवादम्पतीमाथि नै सम्पत्ति शुद्धीकरणमा छानबिन अघि बढाइरहँदा उनीहरूको बुढानीलकण्ठस्थित निवास भत्काउन थालिएपछि सरकारले त्यसलाई रोकेको छ। जेन-जी आन्दोलनमा आगजनी भएको घर नयाँ संरचना निर्माण गर्न भन्दै भत्काउन थालिएपछि आइतबार काठमाडौं जिल्ला प्रशासन र प्रहरीको टोली पुगेर रोक लगाएको हो। जेन-जी आन्दोलनका क्रममा देउवानिवासमा ठुलो परिणाममा जलेका नोटका फोटो र भिडियो बाहिरिएको थियो। त्यसपछि उक्त निवासमा कोही बसेको छैन। देउवादम्पती अहिले विदेशमा छन्। जिल्ला प्रशासन र प्रहरी टोलीले निवासको अवलोकन गरेर दसी, प्रमाण नष्ट हुन सक्ने भन्दै निवास भत्काउने र नयाँ बनाउने कार्य रोक्न निर्देशन दिएको छ। 'उहाँहरू (देउवादम्पती)उपर राज्यको निकायले हेरिरहेको छ। त्यससँग निवास पनि जोडिन्छ,' अनुगमन टोलीका एक सदस्यले भने, 'तर, कबाडीमा एउटा पार्टीलाई दिएर त्यसले निवास भत्काउन थालेको रहेछ। राज्यको निकायले भोलि आवश्यक पर्दा प्रमाण हेर्न खोज्ला, प्रमाणहरूको पुनर्पुष्टि गर्न खोज्ला। यस्तो स्थितिमा प्रमाण नष्ट नहोस् भनेर भत्काउने र नयाँ संरचना बनाउने कार्य रोक्न निर्देशन दिइएको छ। अहिले त्यो कार्य रोकिएको अवस्था छ।'

ओली सरकारको...

पृष्ठ १ बाट क्रमशः

पढाइदिने भन्दै घरमा राखेकामा अत्यधिक काममा लगाउने गरेको गुनासोका आधारमा उनलाई महानगरले उद्धार गरेको थियो। जाहेरी दर्ता भएपछि त्यसविरुद्ध सांसद शर्मा उच्च अदालत गएकी थिइन्। सुरुमा अदालतले धरपकड नगर्न अन्तरिम आदेश दिएकोमा २३ साउन ०८१ मा दाबी नपुग्ने फैसला भएपछि अनुसन्धानका लागि बाटो खुलेको थियो। त्यसपछि पनि प्रहरीले सरकारको दबाबमा अनुसन्धानमा चासो दिएन। त्यसको बालेनले फेसबुकमार्फत नै सरकारको चर्को आलोचना गरेका थिए।

उद्धारपछि बालिकाका बुबा छोरी आफूलाई बुझाउनुपर्ने भन्दै बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च अदालत गएका थिए। सर्वोच्चले बालिकाको इच्छालाई नै केन्द्रमा राखी अभिभावकको समेत सहमतिमा उनलाई संस्थामै राख्न परमादेश दियो। सोहीअनुसार बालिका हाल महानगरको संरक्षणमा एक संस्थामा बसेर पढ्दै आएकी छिन्।

काठमाडौं महानगरपालिकाले परिवारबाहिर आफन्त तथा अन्य व्यक्तिको घरमा बसेका बालबालिकामाथि अध्ययन गर्दा बाल श्रमशोषणको घटना पत्ता लागेको हो। त्यसवेला अरूको घरमा बसेर सामुदायिक विद्यालयमा पढ्ने २५५ जना विद्यार्थीलाई फर्म भर्न लगाएर अध्ययन भएको थियो। जसमध्ये २९ जनाले आफूले गम्भीर प्रकृतिको हिंसा भोग्दै आएको बताएका थिए। तीमध्ये महानगरपालिकाले २० जनाको उद्धार गरिसकेको छ। नेता, प्रहरी, प्राध्यापकका घरबाट बालबालिकाको उद्धार भएको थियो। त्यसवेला अन्य व्यक्तिविरुद्ध पनि प्रहरीमा जाहेरी परेर कारबाही भएको थियो।

६ वर्षदेखि यसरी गरिएको थियो शोषण

महानगरपालिकाले गत भदौमा बालबालिकाको क्षेत्रमा काम गर्न केही विद्यार्थी इन्टर्नमा मागेको थियो। सोही क्रममा ३१ विद्यार्थी छनोट भए। उनीहरू विद्यार्थीको अवस्था बुझ्न महानगरभित्रका विद्यालयमा पुगे। यही क्रममा उनीहरू धुम्बाराही माध्यमिक विद्यालय पुगे। त्यहाँ उनीहरूले अभिभावकसँग नबस्ने सम्पर्कमा आएका पाँच विद्यार्थीलाई बाल अधिकार, संरक्षण र वकालतका सम्बन्धमा अनलाइन फर्म भर्न लगाएका थिए। सोही क्रममा कक्षा ७ मा अध्ययनरत १४ वर्षीया बालिकाले आफू ६ वर्षदेखि घर जान नपाएको र शारीरिक यातना भोग्नुपरेको फाराममा उल्लेख गरेकी थिइन्। महानगरले थप खोज्दा एमाले प्रदेश सांसद रेखा शर्माले धुम्बाराहीस्थित निजी निवासमा ती बालिकालाई बन्धक बनाएर श्रमशोषण गर्दै आएकी थिइन्। त्यसलगत्तै महानगरको टोली शर्माको घर पुगेर बालिकाको उद्धार गरेको थियो। महानगरको टोलीसँग बालिकाले 'भनेको नमान्दा शर्माले लाठी, पाइप, हातले शरीरमा कुटपिट गर्ने गरेको' बताएकी थिइन्। घरमा उनले पोछा लगाउने, पानी भर्ने, भाँडा माझ्ने, घर सफा गर्ने, खाना बनाउने र बगैँचा सफा गर्नेलगायतका काम गर्नुपर्ने बताएकी थिइन्। बालिकाको उद्धार गरेपछि महानगरले प्रहरीमा जाहेरी दिएको थियो। तर, सत्ताको आडमा लामो समय प्रहरीले नै मुद्दा अगाडि बढाएन। सदनसम्मै हंगामा मच्चिएपछि प्रहरीले शर्माविरुद्धको अनुसन्धानको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा पठाएको थियो।

मोटरसाईकलहरू Scrap बिक्रीको सूचना

यस कार्यालयको नाममा दर्ता रहेको ०९ थान मोटरसाईकलहरू जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा Scrap बिक्री गरिने भएकाले PAN मा दर्ता भएका ईच्छुक फर्म तथा कम्पनीहरूबाट यो प्रस्ताव आब्हान गरिएको छ। कोटेसन फारम निशुल्क रुपमा कार्यालय समयमा मिति २०८२।१२।१६ देखि २०८२।१२।१८ सम्म प्राप्त गर्न सकिनेछ। मोटरसाईकलहरू सोही मितिको २:०० बजे देखि ४:०० बजेसम्म अवलोकन गर्न सकिनेछ। कोटेसन फारम बुझाउने मिति : २०८२।१२।१९ गते बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म रहनेछ। प्राप्त कोटेसनहरू २०८२।१२।१९ गते १:३० मा खोलिनेछ, साथै सबैभन्दा बढि रकम कबोल गर्नेलाई छनौट गरिनेछ। नोट : मोटरसाईकलहरूको दर्ता खारेज गर्नुपर्ने भएकोले आबश्यक साईजको ईन्जिन नं र चेसिस नं काटी संस्थालाई बुझाउनु पर्नेछ। कबोल गरिएको रकम संस्थाको खातामा जम्मा भैसकेपछि मात्र मोटरसाईकलहरू कार्यालय बाट लिएर जान पाईनेछ।

प्रशासन विभागः रुम टु रिड, थापाथली, काठमाडौं। ०१-४१०२१२७/४१०२१२८

झन्झन् पेचिलो...

पृष्ठ १ बाट क्रमशः

रणनीतिक छलफलमा जुटेका छन्। तत्कालीन प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली र तत्कालीन गृहमन्त्री एवं कांग्रेस नेता लेखकलाई गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको क्रममा सरकारले पक्राउ गरेपछि कांग्रेसका दुईवटा विज्ञप्ति आएका थिए। प्रवक्ताको हैयिसतमा संस्थापनबाट देवराज चालिसे र खड्काले कार्यवाहक सभापतिको नाममा विज्ञप्ति जारी गरेपछि कांग्रेसभित्र यसले हलचल पैदा गरेको छ।

ओली र लेखक पक्राउको विषयमा कांग्रेसको संस्थापन पक्षले भदौ २३ र २४ गतेका दुवै घटनामा संलग्नलाई कारबाही गर्नुपर्नेमा पार्टी प्रस्ट रहेको र यसमा सरकारलाई साथ रहने बताएको छ। यसमा सरकार स्वयं संयमित र परिपक्व नभए कानुनको शासन कमजोर हुन सक्ने र देश पुनः द्वन्द्व र अस्थिरतातर्फ जान सक्ने ध्यानाकर्षण गरिएको छ।

अर्कोतर्फ खड्काले कार्यवाहक सभापतिको रूपमा जारी गरेको विज्ञप्तिमा ओली र लेखकको पक्राउलाई संविधान र प्रचलित कानुनविपरीत भन्दै सरकारको कदमको भर्त्सना छ। पक्राउले संवैधानिक र कानुनी प्रश्न उब्जाएको भन्दै दुवैलाई यथाशीघ्र रिहा गर्न माग गरिएको छ। खड्काले आइपर्ने जुनसुकै परिस्थितिको राजनीतिक रूपमा सामना गर्न तयार रहन पनि कार्यकर्तालाई अपिल गरेका छन्। लेखक देउवा पक्षधर नेता हुन्।

स्रोतका अनुसार कांग्रेसको पदाधिकारी बैठकमा खड्काले कार्यवाहकको नाममा निकालेको विज्ञप्तिको विषयमा छलफल भएको छ। कतिपय नेताले खड्कालाई कारबाही गर्नुपर्ने विषय उठाएका छन्। महामन्त्री गुरुराज घिमिरेले खड्काले अनुशासन मिचेको र कारबाहीको दायरामा आउन सक्ने संकेत दिए। 'संवैधानिक अंगले निर्णय गरेर पार्टी अगाडि बढेपछि त्यसलाई सबै नेता-कार्यकर्ताले मान्नुपर्छ। पार्टीमा लामो समय काम गरेको नेताले मर्यादा राखेर काम गर्नुपर्छ। कार्यवाहकका नाममा विज्ञप्ति निकाल्नु हास्यास्पद छ। यो अनुशासन र मर्यादासँग जोडिएको छ,' उनले नयाँ पत्रिकासँग भने, 'अहिले कार्यवाहकको पद पनि छैन। कांग्रेसलाई एक ढिक्का बनाउनुपर्ने आवश्यकता छ। पार्टीको वैधानिकता छ जहाँ, त्यहाँ उभिनुपर्छ। हामी छलफल गर्दै छौं। अनुशासन समितिको बैठक पनि आह्वान भएको छ।'

खड्काले यसअघि तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरेका थिए। विशेष महाधिवेशन बोलाउने निर्णय र तयारी गरेपछि तत्कालीन कांग्रेस नेतृत्वले थापा र शर्मा तथा मन्सुरमाथि कारबाही गरेको थियो। जेन-जी आन्दोलनपछि सभापति देउवाले खड्कालाई कार्यवाहकको जिम्मेवारी दिएका थिए।

देउवा पक्ष अदालतको आदेश नआएसम्म समानान्तर गतिविधि गर्ने निष्कर्षमा पुगेको छ। खड्काको सभापतित्वमा १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक बोलाउने तयारी छ। संस्थापन पक्षले १४औँ महाधिवेशनको कार्यतालिका पास गरे पनि देउवा पक्षले भने विवाद नटुंगिएसम्म उक्त निर्णयको औचित्य नरहने प्रतिक्रिया दिएको छ।

देउवानिकट नेता जितजंग बस्नेत खड्काको विज्ञप्ति स्वाभाविक भएको र अन्य विषय अदालतको फैसला भएपछि सोहीअनुसार अगाडि बढ्ने बताउँछन्। 'विशेष महाधिवेशनको नाममा जसरी पार्टी कब्जा गर्ने काम भयो, त्यो ठिक भएन भनेर हामी १४औँ महाधिवेशनको निरन्तरतास्वरूप अगाडि बढेका छौं। अदालतमा मुद्दा विचाराधीन छ। अदालतले जे निर्णय गर्छ, त्यसलाई सबैले मान्नुपर्छ,' जितजंग बस्नेतले भने, 'कार्यवाहक सभापतिले राजनीतिक घटनाक्रममा पार्टीको धारणा सार्वजनिक गर्नु जायज र आवश्यक छ।'

निर्वाचनमा सभापति थापासहित विशेष महाधिवेशनबाट नवनिर्वाचित पदाधिकारी सबै पराजित भएपछि पूर्वसंस्थानप पक्ष आक्रमक भएको छ। र, सोहीअनुसार समानान्तर गतिविधि अघि बढाउँदै १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक बोलाउन लागेको छ। पूर्वसंस्थापन पक्ष अदालतबाट आफ्नो पक्षमा फैसला आउनेमा विश्वस्त देखिएको छ। त्यसैले सो पक्षले निर्वाचनलगत्तै गतिविधि बढाएको स्रोतहरू बताउँछन्।

निर्वाचन आयोगले विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएपछि त्यसको विरुद्धमा निर्वतमान सभापति देउवा पक्ष अदालत गएको थियो। २१ फागुनको निर्वाचन देउवा पक्ष पनि थापाकै हस्ताक्षरमा निर्वाचनमा गएको थियो। फागुन २१ को निर्वाचनमा तत्कालीन सभापति शेरबहादुर देउवाको हस्ताक्षरमा समानुपातिक र गगन थापाको हस्ताक्षरमा प्रत्यक्षतर्फका उम्मेदवारले निर्वाचन लडेका थिए।

निर्वाचनमा कांग्रेस ३८ सिटमा खुम्चिएको छ। जसको नैतिक जिम्मेवारी लिँदै थापाले सभापतिबाट राजीनामा दिएका थिए। यद्यपि, केन्द्रीय कार्यासमिति बैठकले थापाको राजीनामा अस्वीकृत गरेको छ। त्यसपछि थापाको नेतृत्वमा बसेको केन्द्रीय कार्य समिति बैठकले १५औँ महाधिवेशनको कार्यतालिका ल्याएको छ। तर, तत्कालीन संस्थापन पक्षले अदालतले मुद्दाको किनारा नलगाएसम्म कार्यतालिकाको अर्थ नरहने बताएको छ।

अनुशासन समितिको बैठक आह्वान

कांग्रेसले १८ चैतमा केन्द्रीय अनुशासन समितिको बैठक बोलाएको छ। कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार १ बजे पार्टी केन्द्रीय कार्यालय सानेपामा बैठक बस्नेछ। कांग्रेसभित्र निवर्तमान सभापति शेरबहादुर देउवा पक्षले समानान्तर गतिविधि गरिरहेको र कार्यवाहक सभापतिको नाममा पूर्णबहादुर खडकाले विज्ञप्ति जारी गरेपछि बोलाइएको बैठकलाई अर्थपूर्ण रूपमा हेरिएको छ। गत २१ फागुनको निर्वाचनमा अन्तर्घात भएका उजुरी पनि आएका छन्। 'पूर्वसंस्थापन पक्षको नाममा भएका समानान्तर गतिविधि र निर्वाचनमा भएका अन्तर्घातका विषयमा छलफल हुन्छ। आवश्यकताअनुसार अनुशासनको कारबाही पनि हुन सक्छ,' थापानिकट एक नेताले भने।

१७ लाख अनुदान...

पृष्ठ १ बाट क्रमशः

कुल बजेट भने एक अर्ब तीन करोड २५ लाख छ। सिराहा नगरपालिकाका स्वास्थ्य सहसंयोजक विन्देश्वर यादवले स्वास्थ्य संस्थामा औषधि अभाव भएको भनेर प्रमुख प्रशासकीय अधिकृतसँगै मेयरलाई जानकारी गराएको र चाँडै प्रक्रिया अगाडि बढाउने आश्वासन पाएको बताए।

आफैं चिकित्सकसमेत रहेको सिराहा नगरपालिकाका मेयर डा. नवीनकुमार यादवले आन्तरिक रूपमा समस्या भएको र चाँडै औषधिको व्यवस्थापन हुने बताए। ससर्त अनुदानको रकमको औषधि खरिद प्रक्रिया टेन्डरमार्फत गर्ने उनले बताए। तर, प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनु कार्यालयमा नआएकाले टेन्डर प्रक्रिया अगाडि बढाउन नसकिएको उनले बताए। प्रमुख प्रशासकीय अधिकृत सोनु ५ चैतदेखि नगरपालिका आएका छैनन्। ४ चैतमा कार्यपालिका बैठकमा वडाध्यक्षहरू र प्रमुख प्रशासकीय अधिकृत सोनुबिचमा विवाद बढेपछि उनी बैठक नै छाडेर बाहिरिएका थिए। वडाध्यक्षहरूले विगतमा वडामार्फत भएका कामको भुक्तानी मागेका थिए।

वडा नम्बर ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत अनमी संगीता कुमारीले जीवनजल, सिटामोल, सेट्रिजिन, एमोक्सोसिलिन, सिप्रो, मेट्रोनजस्ता औषधि करिब एक वर्षदेखि उपलब्ध नभएको बताइन्। मौसम परिवर्तन हुँदा ज्वरो, रुघाखोकी, डायरियाका बिरामी बढ्ने भए पनि औषधि नहुँदा समस्या रहेको उनले बताइन्।

वडा नम्बर १२ मा रहेको स्वास्थ्य चौकी सारस्वरका प्रमुख प्रदीपनारायण ठाकुरले औषधि पूरै अभाव भएको बताए। जाँच गराउन आउनेलाई औषधि बाहिरै किनेर खान आग्रह गर्नुपरेको भन्दै ठाकुरले सिराहा नगरपालिकाले औषधि आपूर्ति नै बन्द गरेको बताए।

स्वास्थ्यकर्मीले बिरामी जाँच्छन्, औषधि किन्न फार्मेसी पठाउँछन्

तीन वर्षीय छोरा आयानलाई ज्वरो र रुघाखोकीले च्यापेपछि सिराहा नगरपालिका-९, ठेंगहीकी सबिना खातुन एक किलोमिटरनजिकैको गुलरिया चौकस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र पुगिन्। आधारभूत स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्यकर्मीले आयानको स्वास्थ्य जाँच त गरिन्, तर औषधि किन्न बाहिर (औषधि पसल) पठाइन्। ज्वरो निको हुनका लागि दिइने सिटामोलसमेत औषधि पसलबाट किन्नुपरेको खातुनले बताइन्। 'खाली बच्चाको ज्वरो जाँच गरिदियो,' उनले भनिन्, 'औषधि छैन भनेर बाहिर पठाइदियो।' सोही स्वास्थ्य केन्द्रमा कार्यरत अनमी शोभाकुमारी यादवका अनुसार सिराहा नगरपालिकाले चालू आव ०८२/८३ मा औषधि नपठाउँदा बिरामीलाई बाहिरबाट औषधि किन्न आग्रह गर्दै आएको बताइन्। औषधि भएका वेला दैनिक १०-१५ जना उपचार गराउन आउने गरे पनि अहिले आउनै छाडेको उनको अनुभव छ। 'सिटामोल, आइरन चक्की, क्याल्सियम, जीवनजल, ग्यास्टिकका औषधिदेखि एन्टिबायोटिक छैन,' यादवले भनिन्, 'औषधि नै नभएपछि उपचार गराउन आउनेहरू निकै कम छ।'

बिरामी नै आउन छाडेपछि स्वास्थ्यकर्मी पनि फुर्सदिला बनेका छन्। स्वास्थ्य सेवा केन्द्रसँगै वडा कार्यालय छ। वडाध्यक्ष रामदियाल यादवले नगरपालिकाले औषधि नै खरिद नगरेकाले वडामा आपूर्ति बन्द भएको बताए। नियमित रूपमा प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा नबस्दा ससर्त अनुदानअन्तर्गत खरिद गर्नुपर्ने औषधि सिराहा नगरपालिकाले खरिद नगरेको वडाध्यक्ष यादवले बताए।

सिराहा नगरपालिका-१०, नरैहिया घर भएकी सन्जु मुखिया दुई किलोमिटर यात्रा गरी छिमेकी वडामा रहेको स्वास्थ्य चौकी भलुवाही आइपुगिन्। लडेर चोट लागेपछि पाँच वर्षकी छोरी आरुसीलाई साथमा लिएर भलुवाही पुगिन्। 'मलाई चोट लागेको छ, छोरीलाई ज्वरो खोकी लागेर उपचार गराउन स्वास्थ्य चौकी आएकी थिएँ,' उनले भनिन्, 'चौकीमा दुःखाइ कम गर्ने र सिटामोललगायत औषधि रहेनछ, किन्न पुर्जा थमाइदिए,' उनले भनिन्, 'औषधि किनेर खाइरहेकी छु।'

निःशुल्क वितरण गर्नुपर्ने सिटामोल, जीवनजललगायतका औषधिसमेत नहुँदा बिरामीले आक्रोश पोख्ने गरेको स्वास्थ्य चौकी इन्चार्ज जयनारायण यादवले बताए। स्वास्थ्य चौकी भलुवाहीमा बर्थिङ सेवा सञ्चालन भए पनि औषधि अभावले प्रभावित हुने गरेको यादवले बताए। यो चौकीको बर्थिङ सेन्टरमा चालू आवमा ४७ जनाले नर्मल डेलिभरी गराएका छन्। तर, बर्थिङ सेन्टरमा चाहिने औषधिको अभाव भइरहन्छ। बर्थिङ सेन्टरमा डेलिभरी गराउन आउनेलाई आवश्यकताका आधारमा चाहिने औषधि सिन्टो एम्पुल, जोन १ ग्राम भाइल, वेन्डम एम्पुल, प्यान आइभी, बुस्कोपान, प्रोल्युट एन एम्पुल र म्याग्नेसियम सल्फेट एम्पुल आवश्यक पर्छ। स्वास्थ्य चौकी भलुवाही वडा नम्बर ११ मा पर्छ। नगरभित्रका सबै स्वास्थ्य चौकीमध्ये यहाँ नै बर्थिङ सेन्टर राम्रोसँग सञ्चालन हुँदै आएको बताउँदै स्वास्थ्य चौकीका इन्चार्ज यादवले भने, 'राम्रो गरे पनि नियमित चाहिने औषधिको अभाव खेप्नुपर्छ। नगरपालिकाले औषधि नै पठाइदिन नसक्दा बिरामीहरूलाई बाहिर पठाउनुपर्ने बाध्यता छ।'

सिराहा नगरपालिका-१८ का ७२ वर्षीय ब्रह्मदेव गुर्मैता डेहुना (घुँडा) दुखेर गाउँमै रहेको स्वास्थ्य चौकी लक्ष्मीनियाँमा पुगे। डेहुना दुखेर हैरान भएका उनी जसोतसो स्वास्थ्य चौकी पुगे पनि औषधि पाएनन्। 'उठबस गर्न गाह्रो हुन्छ,' गुर्मैताले भने, 'पटकपटक औषधि लिन आउँछु, छैन भनेर फर्काइदिन्छ।'

स्वास्थ्य चौकी लक्ष्मीनियाँमा औषधिदेखि घाउ सफा गर्न चाहिने बेटाडिनसमेत छैन। स्वास्थ्य चौकी इन्चार्ज अयोधी मोचीले नगरपालिकामा पटकपटक माग फाराम भरेर औषधि माग गर्न ताकेता गरेको, तर औषधि नै नदिएको गुनासो गरे। यो वर्षमा एकपटक पनि औषधि स्वास्थ्य चौकीले पाउन नसकेको भन्दै उनले भने, 'हामीसँग बजेट पनि हुँदैन। औषधिसँगै बिजुलीको बिल पनि तिर्न पाएका छैनौं।'

Government Of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Development Cooperation Implementation Division
Nagdhunga Tunnel Construction Project
Babarmahal, Kathmandu

Notice of Intention to Award the Contract

First date of Publication: 30th March, 2026
Contract Identification No/Contract No.: NTCP-O&M/33701139/2082/83-01

This is to notify all concerned that, in accordance with ITB Clause 39.1 of Bidding Documents, the Employer intends to accept the bid for Notice published on November 02, 2025 for Contract No.: NTCP-O&M/33701139/2082/83-01, titled: "Procurement of Services for the Operation and Maintenance of the Nagdhunga Tunnel". The accepted Bidder's Bid Price is as follows:

S.N.	Selected Bidder	Bid Price (Including PS and VAT)
1	YUXIN-A.R.T JOINT VENTURE, Balaju-11, Kathmandu	1,10,40,37,800.00

Project Director

■ विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठनका संरचना हटाउने निर्णयले तरंग

के हो सरकारले ल्याउन खोजेको विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट ?

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले ६० दिनभित्र विद्यालय र विश्वविद्यालयबाट दलीय विद्यार्थी संगठन हटाएर विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्र खडा गर्ने भएको छ। यस्तो ९० दिनभित्र खडा हुने संयन्त्रले पनि स्वतन्त्र विद्यार्थी युनियनकै जस्तो विद्यार्थीकै हकहितमा काम गर्नेछ।

यस्तो अभ्यास हाल काठमाडौं विश्वविद्यालयमा छ। यहाँ विद्यार्थी युनियन छ, तर दलीय संगठन भने छैन। तर, त्यहाँ संसदीय र राजनीतिक अभ्यास र बहसका लागि फोरम पनि तयार पारिएको छ। त्रिविमा पनि सरकारले काठमाडौं विश्वविद्यालयको जस्तै विद्यार्थी संयन्त्र बनाउन लागेको हो।

विद्यार्थी काउन्सिल स्वतन्त्र हुनेछ। कुनै पनि दलनिकट भनेर छुट्याइने छैन। सबै विद्यार्थी यस्तो संयन्त्रमा आबद्ध हुनेछन्। काउन्सिलमा विद्यार्थी र विश्वविद्यालयको प्रतिनिधिसमेत हुनेछ। प्रधानमन्त्री सचिवालयका एक सदस्यका अनुसार यो काउन्सिल सबै विद्यार्थीको स्वतन्त्र संयन्त्र हुनेछ। विद्यार्थीमध्येमबाटै छानेर काउन्सिलको नेता बनाइनेछ। यसले शैक्षिक गतिविधि र उनीहरूको करिअरका लागि काउन्सिलिङ लिन सहयोग गर्नेछ।

शिक्षाविद् विद्यानाथ कोइरालाले यस्तो संयन्त्रमा राजनीतिक गतिविधि नहुने हुँदा विद्यार्थीलाई पढाइ-लेखाइ र पढाउनेलाई पनि सहज हुने बताए। 'संसदीय गतिविधि र सिकाइका लागि भने नयाँ प्लाटफर्म बनाउनुपर्नेछ, विद्यार्थी र प्रशासनबिचमा कस्तो सम्बन्ध हुने, शैक्षिक गतिविधि र योजना कसरी अघि बढाउने, लिडरसिपका के भूमिका हुन्छ,' उनले भने, 'पब्लिक इपिकिङ कसरी गर्नेलगायत काउन्सिलले काम गर्छ, तर यो राजनीतिक काम होइन, त्यसैले राजनीतिक बहस गर्ने थलो चाहिन्छ, काउन्सिलले राजनीतिक अभ्यास गर्न सिकाउँदैन।'

६० दिनभित्र हटाइनेछ दलीय विद्यार्थी संगठनका संरचना

मन्त्रिपरिषद्को शुक्रबारको बैठकले पारित गरेको सय कार्यसूचीमा विद्यालय र विश्वविद्यालयमा रहेका दलीय विद्यार्थी संगठनका संरचना ६० दिनभित्र हटाउने उल्लेख छ। शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप रोक्न यस्तो निर्णय लिइएको हो। सदियौंदेखि जरा गाडेका विद्यार्थीका दलीय संगठनले विश्वविद्यालयको शैक्षिक गतिविधि बिथोल्दै आएको भन्दै विद्यार्थी काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्र खडा गरिने छ।

विद्यार्थीलाई राजनीतिक स्कुलिङदेखि एकता बनाउन र उनीहरूको नेतृत्व विकासका लागि प्रयोग हुने संगठन हटाउने भएपछि विद्यार्थी नेताहरूले आपत्ति जनाएका छन्। उनीहरूले यसप्रकारको निर्णय सरकारले फिर्ता नलिएमा आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्। शंकरदेव स्ववियु सचिव मदन उपाध्यायले विश्वविद्यालय र कलेजहरूमा विद्यार्थीको हकहित र उनीहरूको आवाजका लागि पनि यस्ता संगठन चाहिने बताए। 'यो अभ्यास अन्य देशमा पनि छ, तर यहाँ हटाउन खोजिएको छ, त्यो राम्रो होइन। विश्वविद्यालयमा विचार र सिद्धान्तको पनि जन्म हुन्छ, नेपालको हिसाबमा विद्यार्थी आन्दोलन प्रजातन्त्र र राजनीतिको बिउ हो,' उनले भने, 'प्रजातन्त्रको जन्मसँगै विद्यार्थीले पनि आ-आफ्ना आवाज बोल्नुपर्छ भनेर यस्तो नियम ल्याइयो, तर संस्थागत र व्यवस्थित गर्ने नाममा बन्द नै गर्नु राम्रो होइन। विगतमा विद्यार्थी संगठनले पार्टीप्रति बढी झुकाव राखे, त्यो राम्रो होइन। विद्यार्थीलाई उनीहरूको क्षमता वृद्धि विकासमा पुलको काम गर्ने विद्यार्थी संगठन हुनु, त्यसैले खारेज गर्नुहुन्न।'

त्रिवि केन्द्रीय क्याम्पसका स्ववियु सभापति दीपकराज जोशीले सरकारले विद्यालय/विश्वविद्यालयमा दलीय विद्यार्थी संगठन निषेध गर्ने नीति सुधारको दलीय संगठन हटाउन नहुने बताए। 'नेपालको राजनीतिक परिवर्तनमा विद्यार्थी आन्दोलनको गौरवशाली इतिहास र योगदान छ,' उनले भने, 'इतिहास मात्र होइन, वर्तमानलाई पनि साक्षी राखेर भन्न चाहन्छु, विश्वविद्यालय र क्याम्पसहरूमा रहेका विद्यार्थी संगठनले नै विद्यार्थीलाई चेतना जागरण गर्ने, नेतृत्व उत्पादन गर्ने र रचनात्मक विद्यार्थीमुखी कार्यक्रम अगाडि सार्ने गरेका छन्, गलत गर्ने व्यक्तिलाई कारबाही गर्न सकिन्छ, तर संगठन नै प्रतिबन्ध गर्नु उचित होइन।'

पद्मकन्या क्याम्पसकी स्ववियु सभापति भूपी ऐर भने विद्यार्थी संगठनहरू खारेज गरेर अब स्वतन्त्र संयन्त्रहरू बनाउनुपर्ने बताउँछिन्। उनले विगतमा विद्यार्थी संगठनले पार्टीको भ्रातृ संगठनहरूभन्दा माथि उठेर काम नगरेको आरोपसमेत लगाइन्। 'सरकारले जे गर्न लागेको छ त्यो राम्रो हो। विद्यार्थी काउन्सिल ल्याउन लागेकोमा खुसी लागेको छ, मैले पहिले पनि यो आवाज उठाएकी थिएँ, अहिले पूरा हुँदै छ,' उनले भनिन्, 'विद्यार्थी संगठनहरूले घिनलाग्दो राजनीति गरे, दलहरूले विद्यार्थी संगठनलाई दुरुपयोग गरे, ठेक्कापट्टामा लागे, त्यसैले त्यसलाई हटाएर नयाँ संयन्त्र बनाउनु राम्रो हो।'

पाटन क्याम्पसका स्ववियु सभापति रोहित कपालीले संगठन खारेज गर्ने कदम गलत रहेको बताए। 'खारेज गर्नुपूर्व विद्यार्थीको मुद्दा र समस्या बोक्ने संयन्त्र बनाउनुपर्छ, हामीलाई पनि विद्यार्थीले भोट हालेर जिताएका हुन्,' उनले भने, 'यो खारेज भयो भने विद्यार्थीको आवाज कोमार्फत लैजाने ?'

शिक्षाविद् विद्यानाथ कोइरालाले विश्वविद्यालयमा दलीय संगठन खारेज गर्नुपर्ने विषय आफूले पहिलेदेखि नै उठाउँदै आएकाले यो सराहनीय कार्य भएको बताए। 'हामीले पहिलेदेखि दलीय संगठन हटाउन भन्दै पटक-पटक कार्यौं, बल्ल पूरा हुँदै छ। दलीय संगठनले विश्वविद्यालय र कलेजमा कामै गर्न दिएनन्,' उनले भने, 'खारेज गर्नु राम्रो हो, तर ती संगठन अब कसरी बन्द गर्ने भन्ने कुरा मुख्य कुरा हो। दलको विधानबाटै यो विषय हटाएर बन्द गर्नुपर्छ, त्यसो गरेमा स्थायी हुन्छ। साथै, यसको विकल्पमा विद्यार्थीलाई राजनीतिक संस्कार र अभ्यास सिक्ने थलो चाहिन्छ, राजनीतिक विषय पढाउने, तर राजनीतिक अभ्यास गर्न नदिनु राम्रो हुँदैन, आइडियोलोजिकल डिबेट गर्ने फोरम बनाइदिनुपर्‍यो, नयाँ सरकारले ल्याउने भनेको विद्यार्थी काउन्सिलले त्यो काम गर्न सक्छजस्तो लाग्दैन।'

कोइरालाले दलीय संगठनमा लाग्दा विद्यार्थीले दलको छत्रछाया, करिअरका लागि आड पाउने र दलको नाममा पैसा उठाउने प्रवृत्ति विगतमा रहेकाले त्यस्ता दलीय संगठनको अन्त्य गरेर विद्यार्थीलाई गरिखान सिकाउनुपर्ने उनको भनाइ छ। 'विद्यार्थीले संसदीय अभ्यास पनि गर्न खोज्छ, विदेशमा पनि संसदीय अभ्यास गराउने चलन छ। त्यसले उसलाई त्यो फोरम पनि बनाइदिनुपर्‍यो,' कोइरालाले भने, 'किनकि उनीहरू भोलिका नेता भएकाले पनि उनीहरूलाई समाजका सबै मुद्दा र ती मुद्दाहरूलाई कसरी समाधान गर्ने भन्ने सम्बन्धमा बाटो देखाइदिपर्छ। यति गरियो भने राम्रो हुन्छ।'

● **दीपकराज जोशी**, स्ववियु सभापति, त्रिवि केन्द्रीय क्याम्पस



विश्वविद्यालय र क्याम्पसहरूमा रहेका विद्यार्थी संगठनले नै विद्यार्थीलाई चेतना जागरण गर्ने, नेतृत्व उत्पादन गर्ने र रचनात्मक विद्यार्थीमुखी कार्यक्रम अगाडि सार्ने गरेका छन्, गलत गर्ने व्यक्तिलाई कारबाही गर्न सकिन्छ, तर संगठन नै प्रतिबन्ध गर्नु उचित होइन।

● **मदन उपाध्याय**, स्ववियु सचिव, शंकरदेव



यो अभ्यास अन्य देशमा पनि छ, तर यहाँ हटाउन खोजिएको छ, त्यो राम्रो होइन। विश्वविद्यालयमा विचार र सिद्धान्तको पनि जन्म हुन्छ, नेपालको हिसाबमा विद्यार्थी आन्दोलन प्रजातन्त्र र राजनीतिको बिउ हो।

● **भूपी ऐर**, स्ववियु सभापति, पद्मकन्या क्याम्पस



सरकारले जे गर्न लागेको छ त्यो राम्रो हो। विद्यार्थी काउन्सिल ल्याउन लागेकोमा खुसी लागेको छ, मैले पहिले पनि यो आवाज उठाएकी थिएँ, अहिले पूरा हुँदै छ। दलहरूले विद्यार्थी संगठनलाई दुरुपयोग गरे, ठेक्कापट्टामा लागे, त्यसैले त्यसलाई हटाएर नयाँ संयन्त्र बनाउनु राम्रो हो।

● **विद्यानाथ कोइराला**, शिक्षाविद्



हामीले पहिलेदेखि दलीय संगठन हटाउन भन्दै पटक-पटक करायौं, बल्ल पूरा हुँदै छ। दलीय संगठनले विश्वविद्यालय र कलेजमा कामै गर्न दिएनन्। खारेज गर्नु राम्रो हो, तर ती संगठन अब कसरी बन्द गर्ने भन्ने कुरा मुख्य कुरा हो।

■ वैशाखदेखि 'ब्रिजकोर्स' बन्द गराउने शिक्षामन्त्रीको निर्णय

शिक्षा मन्त्रालयले विद्यालय तथा उच्च शिक्षाको भर्नामा प्रवेश परीक्षाका लागि गराइने तयारी कक्षा तथा ब्रिजकोर्स बन्द गर्ने निर्णय गरेको छ। विद्यालय तथा उच्च शिक्षामा भर्नाका लागि सरकारले प्रवेश परीक्षा तयारी कक्षा तथा ब्रिजकोर्स बन्द गराउने निर्णय गरेको हो। शिक्षामन्त्री सस्मित पोखरेलले आगामी १ वैशाखदेखि लागू हुने गरी यस्तो निर्णय गरेका हुन्। हाल ब्रिजकोर्सको नाममा विद्यार्थीबाट अनावश्यक शुल्क उठाउने गरिएको छ। 'यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्न जाने देखिन्छ,' मन्त्रालयको जारी गरेको विज्ञप्तिमा छ, 'तसर्थ, विद्यालय तहका विभिन्न कक्षा र उच्च शिक्षाका विभिन्न तहमा भर्नालक्षित प्रवेश परीक्षा तयार कक्षा एवं ब्रिज कोर्सका नाममा विभिन्न संस्थाहरूले सञ्चालन गर्दै आएका त्यस्ता कार्यक्रम आगामी ०८३ वैशाख १ गतेदेखि पूर्ण रूपमा बन्द गर्ने निर्देशन गरिएको छ।' मन्त्रालयले यस्ता कार्यक्रम सञ्चालन भए-नभएको अनुगमन गरी सञ्चालन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउनसमेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेको छ।

ओली र लेखकको रिहाइको माग गर्दै देशभर एमालेको ज्ञापन र विरोध प्रदर्शन

बिजुलीबजारमा लाठीचार्जबाट ६ घाइते, नौजना पक्राउ



नयाँ पत्रिका

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउको विरोधमा आइतबार एमालेले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउनुका साथै सडकमा प्रदर्शनसमेत गरेको छ। उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला प्रशासन कार्यालयमा जुलुससहित पुगेर एमालेले ज्ञापनपत्र बुझाएको थियो। केन्द्रीय सदस्य रामेश्वर फुयाँल र काठमाडौं अध्यक्ष दीपक निरौलाको नेतृत्वमा गएको एमाले टोलीले काठमाडौंमा विरोधसहितको ज्ञापनपत्र बुझाएको थियो। त्यसक्रममा उनीहरूले अध्यक्ष ओलीलाई विनासर्त तत्काल रिहाइ गर्न, गौरीबहादुर कार्की आयोगको प्रतिवेदन तत्काल खारेज गरी सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा अर्को न्यायिक जाँचबुझ समिति बनाउन ध्यानाकर्षण गराए।

त्यसलगत्तै दिउँसो दुई घण्टासम्म बबरमहल, बिजुलीबजार र माइतीघरआसपासको क्षेत्रमा रिहाइ माग गर्दै एमाले काठमाडौंले प्रदर्शन गरेको थियो। दिउँसो ३ बजेपछि जनसंगठनहरूले माइतीघर मण्डलाबाट अर्को प्रदर्शन सुरु गरेका थिए। आक्रामक रूपमा सुरु भएको प्रदर्शन बिजुलीबजार हुँदै नयाँ बानेश्वरतर्फ अगाडि बढ्न खोजेपछि ब्यारेकिड बनाएर बसेका प्रहरीले भिड तितरबितर गर्न लाठीचार्ज गरेको थियो। त्यसक्रममा राष्ट्रिय युवा संघका केन्द्रीय सदस्यद्वय बखतबहादुर शाही र चन्द्र गुरुङसहित ६ जना घाइते भएको संघका प्रवक्ता निरोज पौडेलले बताए। शाहीसहित अधिकांश घाइतेको लाठी प्रहारबाट टाउकोमा चोट लागेको छ। प्रहरीले प्रदर्शनस्थलबाट नौजनालाई पक्राउ गरेको थियो। त्यस्तै, अनेरास्ववियुले प्रदर्शनीमार्ग भृकुटीमण्डप क्षेत्रमा अलगै प्रदर्शन गरेको थियो। एमालेका जनसंगठनहरूले सोमबार दिउँसो १ बजेबाट माइतीघरमा विरोध प्रदर्शन जारी राख्ने जनाएका छन्।

यस्तै, कास्की, धनकुटा, रुपन्देही, मोरङ, उदयपुर, मकवानपुर, कैलाली, कञ्चनपुर, सुर्खेत, धादिङलगायत जिल्ला प्रशासन कार्यालयमा एमालेले विरोधपत्र बुझाएको छ।

संक्षेप

प्रचण्ड दलको नेता चयन

काठमाडौं/ नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड संसदीय दलको नेता चयन भएका छन्। पार्टी कार्यालय पेरिसडाँडामा आइतबार बसेको संसदीय दलको बैठकले प्रचण्डलाई सर्वसम्मत दलको नेता चयन गरेको हो। २१ फागुनको निर्वाचनमा पुराना दलका सबै प्रमुख नेता पराजित हुँदा प्रचण्ड भने निर्वाचित भएका थिए। निर्वाचनमा नेकपाले १७ सिट जितेको छ। दलका नेता प्रचण्डले उपनेता, प्रमुख सचेतक र सचेत चयन गर्ने नेकपाले जनाएको छ। दलको नेता चयन भएपछि प्रचण्डले पार्टी कार्यालयमा पत्रकारसँग संक्षिप्त कुरा गर्दै सम्पत्ति छानबिन गर्ने विषय आफूहरूले नै यसअघि संसद्बाट उठाएको पनि स्मरण गरे। पूर्वप्रधानमन्त्रीहरूको सम्पत्ति छानबिनमा सहयोग हुने उनले बताए। उनले एमाले अध्यक्ष ओलीमाथि राजनीतिक आग्रह-पूर्वाग्रह नराखी निष्पक्ष ढंगले अनुसन्धान हुनुपर्ने बताए।

लगातारको वर्षाले खाँदबारी-किमाथांका सडक अवरुद्ध

संखुवासभा/ लगातारको वर्षाले खाँदबारी-किमाथांका सडक अवरुद्ध भएको छ। केही दिनदेखि लगातार परेको वर्षाले खाँदबारी-किमाथांका कोशी करिडोर सडकअन्तर्गत भोटखोला गाउँपालिका-४ स्थित वरुणनजिकै छोडराड भन्ने ठाउँमा सुक्खा पहिरो र सडकमा ठुलो ढुंगा खसेकाले सडक पूर्ण रूपमा अवरुद्ध भएको उत्तर कोशी सडक कार्यालय प्रमुख रामबहादुर गुरुङले बताए। खाँदबारी-किमाथांका कोशी करिडोरअन्तर्गत खाँदबारीदेखि ७६ किमिमा सडक अवरुद्ध भएको हो। खाँदबारीदेखि किमाथांका १६२ किमि दूरी छ। दुई तीन दिनदेखि भोटखोला क्षेत्रमा ठुलो वर्षाले कच्ची सडकमा खाल्डो परी सवारीसाधान दलदलमा फसेको उनले बताए। 'माथिल्लो भेगमा लगातार वर्षा भइरहेकाले सडक हिलाम्मे छ। हिलाम्मे सडकमा ट्र्याक्टरले ओभरलोड बोकेर गएकाले दलदलमा फसेको छ। एक-दुई दिनमा घाम लागेर सडक सुकेपछि मात्रै सवारीसाधन निकाल्न सकिने अवस्था छ। सडकमै एक्स्काभेटर तैनाथ रहे पनि वर्षाले कामै गर्न दिएको छैन,' गुरुङले भने। सो क्षेत्रमा स्वामी नारायण निर्माण सेवा कम्पनीले काम गरिरहेको छ। वरुण नदीभन्दा करिब पाँच किमि अगाडि छोडराडनजिकै सुक्खा पहिरो र ढुंगा खसेर सडक अवरुद्ध भएको र लगातार रूपमा खुलाउने प्रयास भइरहेको स्वामी नारायण निर्माण सेवा कम्पनीका प्रबन्ध निर्देशक सुजितकुमार सरदारले जानकारी दिए।

तलब-भत्ता माग्दै लहानका शिक्षक आन्दोलित

लहान/ सिराहाको लहान नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकहरू तलब-भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजालगायत विभिन्न आठ शीर्षकको रकम निकासा माग गर्दै आन्दोलित भएका छन्। नगरपालिका क्षेत्रका ५९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकले आइतबार इलाका प्रशासन कार्यालय लहानमार्फत ज्ञापनपत्र बुझाउँदै तलब-भत्ता, पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजा, नन-स्यालरी, विद्यालय व्यवस्थापन संघीय अनुदान, नगर स्वयंसेवक शिक्षकलगायत शीर्षकको रकम निकासाको माग गरेका हुन्। ज्ञापनपत्रमा पछिल्लो पुसदेखिको रकम निकासा नहुँदा शिक्षकहरूको दैनिक व्यवहार, बालबच्चा पढाउन, बैंकको ऋण तिर्नसमेत समस्या भएको भन्दै आगामी तीन दिनभित्र समस्याको समाधान गर्न माग गरिएको छ। 'तोकिएको समयमा समाधान नभए चरणबद्ध रूपमा आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुनेछौं,' पत्रमा छ। ज्ञापनपत्रको बोधार्थ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौं, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर, शिक्षा विकास तथा निर्देशनालय जनकपुरधाम, शिक्षा विकास तथा समन्वय इकाइ सिराहा र लहान नगरपालिकालाई बोधार्थ दिइएको छ।

■ मधेश प्रदेश सभा बैठक

संघीयता कार्यान्वयन गर्न सरकारलाई आग्रह

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेशका सांसदहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारलाई शुभकामना दिँदै संघीयता कार्यान्वयन, समावेशिता र विकास निर्माणमा ठोस काम गर्न आग्रह गरेका छन्। आइतबार बसेको मधेश प्रदेश सभाको १४औं बैठकमा सांसदहरूले नवगठित सरकारप्रति उच्च अपेक्षा व्यक्त गर्दै संघीयताको कार्यान्वयनलाई व्यवहारमा उतार्न तत्काल प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता औंल्याएका हुन्।

बैठकमा विभिन्न दलका सांसदले संविधानले दिएको अधिकार अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको गुनासो गर्दै प्रदेशलाई अधिकार सम्पन्न बनाउन दलगत स्वार्थभन्दा माथि उठेर सहकार्य गर्नुपर्नेमा जोड दिए। उनीहरूले प्रदेश स्थापना भएको आठ वर्ष बितिसक्दा पनि संघीयताको अनुभूति जनतासम्म नपुगेको उल्लेख गर्दै स्पष्ट कार्ययोजना ल्याउन सरकारसँग आग्रह गरेका छन्।

प्रमुख प्रतिपक्षी एमाले नेता सरोज यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने जिम्मेवारी वर्तमान सरकारको काँधमा रहेको बताउँदै आफ्नो पार्टीले रचनात्मक सहयोग गर्ने बताए। पूर्वमुख्यमन्त्रीसमेत रहेका उनले सरकारलाई प्रतिशोधको राजनीति नगरी विधि र कानुनअनुसार अघि बढ्न सुझाव दिए। साथै, मधेश प्रदेशलाई कम प्राथमिकता दिइएको आरोप लगाउँदै जनमतअनुसार बजेट र विकास सुनिश्चित गर्नुपर्ने धारणा राखे।



जसपा सांसद जयनुल राइनले बहुवर्षीय योजना अधुरै रहेको भन्दै सरकारको कार्यसम्पादनमाथि प्रश्न उठाए। उनले ती योजना शीघ्र सम्पन्न गरी जनविश्वास कायम गर्नुपर्ने बताए। जनमतका सांसद चन्दनकुमार सिंहले संघीयताको मर्मअनुसार प्रदेशको अधिकार र पहिचान सुनिश्चित गर्न दीर्घकालीन योजना आवश्यक रहेको धारणा व्यक्त गरे।

सांसद जीवछीकुमारी यादवले दाइजो प्रथा अन्त्य र महिलामाथि हुने हिंसा नियन्त्रणका लागि प्रभावकारी नीति ल्याउन सरकारको ध्यानाकर्षण गराइन्। जसपा सांसद ललिता दासले मधेशी दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न आग्रह गर्दै समावेशी शासनको आवश्यकता रहेको बताइन्। काग्रेस सांसद तथा पूर्वमन्त्री कौशल रायले विगतका अधुरा योजना पूरा नगरेसम्म जनअपेक्षा पूरा नहुने उल्लेख गर्दै नयाँ सरकारलाई परिणाममुखी काममा केन्द्रित हुन सुझाव दिए।

जलेको अवस्थामा सिर्जनाको शव फेला, प्रेमी पक्राउ

बाँकेमा **विश्वराज पछ्लडङ्गया**



नेपालगन्ज उपमहानगरपालिका- १२, कोरियनपुकी २२ वर्षीया सिर्जना बुढामगरको शव जलेको अवस्थामा फेला परेको छ। शनिबार राति करिब साढे ११ बजे घरबाहिर महिला जलेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। सिर्जनाकी चार वर्षीया छोरी छिन्। पहिलो पतिसँग सम्बन्ध विच्छेद भएपछि उनी कोरियनपुरका २४ वर्षीय मोहम्मद आरिफसँग नेपालगन्ज उपमहानगरपालिका- ८ रानीतलाउनजिक डेरामा बस्दै आएकी थिइन्। 'आरिफ र सिर्जनाबिच पटक-पटक झगडा हुने गरेको र १३ चैतमा आरिफले सिर्जनालाई कुटपिट गरेको उजुरी परेपछि पक्राउ गरिएको थियो,' बाँके प्रहरी प्रवक्ता डिएसपी दीपक पातलीले भने, 'अबदेखि झगडा नगर्ने, मिलेर बस्ने सहमति भएको थियो। प्रहरीको हिरासतबाट आएको राति नै आगोले जलेको अवस्थामा सिर्जना फेला पर्नुमा शंका गर्ने ठाउँ छ।'

स्थानीयले देखेपछि उपचारका लागि अस्पताल पुऱ्याए पनि चिकित्सकले सिर्जनालाई मृत घोषणा गरेको उनले बताए। आरिफको डेरा र घर करिब चार किलोमिटर टाढा छ। शव आरिफको घरनजिकै फेला परेकाले हत्या भएको आशंका गर्ने ठाउँ भएको डिएसपी पातलीले बताए। सिर्जनाको हत्या भएको भन्दै माइती पक्षले आरिफविरुद्ध जाहेर दिएपछि आरिफ, उनकी आमा र दिदीलाई प्रहरीले पक्राउ गरेको छ। 'हत्या वा आत्महत्या थप अनुसन्धान तथा पोस्टमार्टम रिपोर्ट आएपछि मात्र भन्न सकिने अवस्था छ,' उनले भने।

प्राकृतिक प्रकोपबाट कृषिमा सर्धै क्षति, तर किसानले पाउँदैनन् राहत

फागुन अन्तिम साताको वर्षाले केराखेतीमा मात्र ४७ लाखको क्षति, मकैको विवरण संकलन हुँदै

झापामा **चिरञ्जीवी घिमिरे**

प्राकृतिक प्रकोपका कारण झापामा बर्सेनि कृषिमा ठुलो क्षति हुँदै आएको छ। बाढी, हावाहुरीले सर्धै कृषि बालीमा क्षति पुग्दै आएको हो। राज्यले प्राकृतिक प्रकोपबाट क्षति भएको विवरण संकलन गर्छ, तर किसानले कहिल्यै राहत पाउँदैनन्।

गत वर्ष असोजमा आएको बाढीका कारण झापामा मात्र सात करोड ६० लाख २८ हजारबराबरको क्षति भएको थियो। जसमा सबैभन्दा धेरै धानमा सात करोड ७५ लाख र झापामा केही वर्षयता व्यावसायिक खेती हुँदै आएको केराखेतीमा एक करोड २५ लाख क्षति भएको थियो। साथै, आलु र तरकारी खेतीमा समेत क्षति भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ।

गत फागुन अन्तिम सातायता निरन्तर आइरहेको वर्षा र हावाहुरीले मकै र केराखेतीमा पुऱ्याएको क्षतिको विवरण संकलन गरिरहेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए। यद्यपि, हालसम्म केराको मात्र विवरण संकलन भएको छ। हावाहुरी र असिनाले झापामा गत फागुन अन्तिम सातायता मात्रै ४७ लाखको केराखेतीमा क्षति पुगेको छ। यसमा झापा गाउँपालिकाका दुई केरा बगानमा क्षति पुगेको हो।

हावाहुरी र असिनाका कारण झापा गाउँपालिका- ७ को समृद्धि दिदीभाइ कृषि फर्मको केरा बगानमा २० लाख र झापा ३ को साधना संस्कृति नमुना कृषि प्रालिको केरा बगानमा २७ लाखको क्षति भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ। 'मकैमा पनि ठुलो क्षति भएको छ। तर, अहिले विवरण संकलनको काम मात्र भइरहेको छ। हालसम्म बाह्रदशी गाउँपालिकाको प्रारम्भिक विवरण आएको छ। बाह्रदशीमा मात्र एक हजार ६ सय हेक्टरमा लगाएको मकै पूर्ण रूपमा क्षति भएको छ,' कृषि ज्ञान केन्द्र झापाका प्रमुख विष्टले भने, 'अहिले आएको पानी मकैखेतीमा जमेको छ। मकैखेतीले पानी सहँदैन। तसर्थ मकै पहेँलिएको छ। असिनाले पनि क्षति पुऱ्याएको छ भने हावाहुरीले मकै लडाएको छ। यसपटक पनि ठुलो क्षति भएको छ।'

झापामा यस वर्ष ४६ हजार हेक्टर क्षेत्रफलमा मकैखेती भएको थियो। झापा गाउँपालिकामा सबैभन्दा धेरै मकैखेती हुन्छ भने त्यसपछि दोस्रोमा बाह्रदशी गाउँपालिकामा मकैखेती हुँदै आएको छ।

कृषि ज्ञान केन्द्रमा प्रत्येकपटक प्राकृतिक प्रकोपले कृषिमा क्षति पुऱ्याउँदा विवरण संकलन गरेर पठाउँछ। तर, किसानले भने कहिल्यै राहत पाउँदैनन्। 'झापामा कृषि क्षेत्रमा प्रत्येक वर्ष क्षति हुँदै आएको छ। ०७८ कात्तिकमा पनि कृषि बालीमा ३४ करोडको क्षति भएको थियो। गत वर्ष असोजमा सात करोडमाथिको क्षति भएको थियो,' विष्ट भन्छन्, 'तर, कृषकले क्षतिपूर्ति भने पाएका छैनन्।'

प्रत्येक वर्ष बाढी, हावाहुरी, असिनाजस्तो प्राकृतिक प्रकोपले कृषि क्षेत्रमा ठुलो क्षति पुऱ्याउँदा किसान समस्यामा परेको झापा गाउँपालिका- ३ स्थित साधना संस्कृति नमुना कृषि प्रालिका सञ्चालक चन्द्र बस्नेत बताउँछन्। तर, राज्यले सर्धै विवरण संकलन मात्र गरेर केही राहत उपलब्ध नगराएको उनको गुनासो छ। 'यसपटक पनि केराखेतीमा ठुलो क्षति भएको छ। गत असोजमा मात्र एक करोडको क्षति भएको थियो। अन्य किसानले लगाएको मकैको अवस्था पनि उस्तै छ। विवरण संकलन गरेर लगेपछि राहतको आस हुन्छ। तर, कहिल्यै राहत पाइएन,' उनले भने, 'किसान अहिले समस्यामा छन्। अब नयाँ सरकारसँग आस पनि छ। यसपटकचाहिँ राहत पाउने अपेक्षा गरेका छौं। आइतबार कृषिमन्त्री गीता चौधरीले फोन गर्नुभएको थियो। तत्काल केही गर्छौं भन्नुभएको छ।'

यसपटक कृषि क्षेत्रमा ठुलो क्षति भएकाले राज्यले पहल गरेर कृषकले लिएको ऋणमा कृषकलाई कालोसूचीमा राख्न नहुने उनको भनाइ छ। यस्तै, ऋण सहुलियतमा उपलब्ध गराउने उनले माग गरे। 'कृषि क्षेत्रमा समस्या नै समस्या छ। समयमा मल पाउँदैन, सिँचाइ छैन। अनि कसरी कृषि गर्ने ?' उनले भने, 'अब नयाँ सरकारसँग हाम्रो ठुलो आशा छ। सरकारले झापा गाउँपालिकालाई चाहिँ प्राकृतिक प्रकोप संकटग्रस्त क्षेत्र घोषणा गरेर काम गर्नुपर्छ।'

कृषि क्षेत्रको बिमा गर्न खोज्दा पनि बिमा कम्पनीहरूले कृषिको बिमा गर्न नमान्ने गरेको झापा गाउँपालिका- ७ को समृद्धि दिदीभाइ कृषि फर्मकी सञ्चालक पूजा खनालले बताइन्। ११ महिनाअघि निको इन्स्योरेन्समा केराखेतीको बिमाका लागि निवेदन दिँदा पनि बिमा नगरिदिएको उनको गुनासो छ। 'हामीले ११ महिनाअघि नै निको इन्स्योरेन्समा निवेदन दिएका थियौं। हाम्रो फाइल त्यहीँ छ, तर बिमा भएन। बिमा नगरेपछि हामीले यसको जानकारी कृषि ज्ञान केन्द्र झापा र कोशी प्रदेशको कृषि मन्त्रालयलाई जानकारी दिएका थियौं,' उनले भनिन्, 'अहिले यति धेरै क्षति भएको छ। तर, बिमा नहुँदा हामीलाई समस्या भयो। बिमा कम्पनीले नाफा हुने क्षेत्रको मात्र बिमा गर्ने हो ? यसमा सरकारको ध्यान जाओस्। प्राकृतिक प्रकोपले गरेको क्षतिको राहत नपाए हामी बिमा कम्पनी र सरकारविरुद्ध अदालत जान्छौं।'



झापा गाउँपालिका-३ स्थित साधना संस्कृति नमुना कृषि प्रालिको केरा बगानमा हावाहुरीले लडाएको केराका बोट।

रास्वपाको ऐतिहासिक अग्निपरीक्षा

रास्वपाको सफलता दलहरूबिचको अपवित्र गठबन्धन होइन, बरु जनताले देशको विकास र जनजीविकाका लागि रास्वपासँग गरेको सिधा 'जन-गठबन्धन' हो



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख


नेपालको राजनीति अहिले एउटा अभूतपूर्व 'सिफ्ट' र संक्रमणकालबाट गुज्रिरहेको छ। दशकौंदेखि सत्तामा रहेका पुराना दलको कार्यशैलीप्रति जनतामा व्याप्त वितृष्णा र 'डेलिभरी'को हुटहुटीले नयाँ राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई वैकल्पिक शक्तिबाट मुख्य शक्तिमा रूपान्तरण गरी सिंहदरबारमा स्थापित गराएको छ। वेस्टमिन्स्टर प्रणालीअनुसार पटक-पटकको अस्थिरतालाई अन्त्य गर्ने नाममा विगतमा कहिले कांग्रेस-माओवादी, कहिले एमाले-माओवादी त कहिले अन्य दलको बाध्यता भनौं वा अप्राकृतिक र केवल सत्ताकेन्द्रित गठबन्धनले जनतालाई सधैं रमिते बनाए। तर, यसपटक जनताले कुनै दलको ह्विप वा दलीय निष्ठाभन्दा माथि उठेर रास्वपामाथि विश्वास खन्याएका छन्। यो कुनै दलबिचको अपवित्र गठबन्धन होइन, बरु जनताले देशको विकास र जनजीविकाका लागि रास्वपासँग गरेको 'सीधा जन-गठबन्धन' हो। जनताले भन्डै दुईतिहाइ मत दिएर रास्वपालाई जुन जिम्मेवारी सुम्पिएका छन्, रास्वपाका लागि सत्तामा पुग्नु गन्तव्य होइन, बरु यो त एउटा ऐतिहासिक 'अग्निपरीक्षा' हो। जटिल समस्याको भुमरीमा फसेको देशलाई नयाँ गति दिन अब कुनै 'पपुलिस्ट' नाराले काम गर्दैन, बरु स्पष्ट, साहसिक र कठोर नीतिगत सुधारको आवश्यकता पर्छ।

नेपालको राजनीतिक इतिहास अस्थिरताको एउटा दुश्चक्रबाट गुज्रिरहेको छ। २०१५ सालको दुईतिहाइको कांग्रेस सरकार, ०४६/४७ पछिको बहुमतको कांग्रेसको सरकार, ०६४ को माओवादीको लगभग बहुमतको सरकार, २०७४ को नेकपाको स्पष्ट बहुमतको सरकार, यी सबै कालखण्डमा जनताले विकास र स्थिरताको ठुलो अपेक्षा गरेका थिए। तर, दुःखद सत्य यो हो कि ती सबै सरकार वेस्टमिन्स्टर प्रणालीको गोलचक्करमा फसेर ढले। शासकीय स्वरूपको यो 'खेल'ले गर्दा प्रधानमन्त्री पद 'म्युजिकल चेयर'जस्तो भयो, जसको सोझो असर राष्ट्रिय विकास र सुशासनमा पऱ्यो। नेपालमा पटक-पटक स्थिर सरकार नबन्नुको मुख्य कारण हाम्रो शासकीय स्वरूप नै हो। वेस्टमिन्स्टर प्रणालीले जबसम्म संसदीय अंकगणितमा मात्रै सरकारको आयु निर्धारण गरिरहन्छ, तबसम्म 'डेलिभरी' सम्भव छैन। संविधान निर्माणका वेला माओवादीले जोडदार रूपमा 'प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति'को माग गरेको थियो। लोकतन्त्रमा कार्यपालिका स्थिर होस् र जनताप्रति जवाफदेही होस् भन्ने त्यो मागलाई त्यतिवेला संसदीय अंकगणित नपुगेर २०७२ को संविधानमा 'नोट अफ डिसेन्ट' मा राख्न बाध्य पारियो। आज, नयाँ पुस्ता (जेन-जी) ले त्यही मागलाई आफ्नो प्रमुख एजेन्डा बनाएको छ। रमाइलो संयोग के छ भने माओवादीलाई पुरानो पार्टी भनिए पनि उसले जेन-जीको यो विद्रोहलाई समर्थन गरिरहेको छ, किनकि त्यो उनीहरूको पुरानो माग 'प्रत्यक्ष निर्वाचित कार्यकारी, सुशासन, सामाजिक न्याय र समृद्धिको 'अधुरो' एजेन्डासँग मिल्दोजुल्दो छ। हिजोका ती राजनीतिक कमजोरीबाट पाठ सिक्दै, रास्वपा, नेपाली कम्युनिस्ट पार्टीजस्ता नयाँ शक्तिले अब यस्तो प्रणालीको वकालत गर्नुपर्छ, जसले सरकारलाई पाँच वर्ष ढुक्कसँग काम गर्ने वातावरण देओस्।

सुशासन : इतिहासले हामीलाई एउटा निर्मम पाठ सिकाएको छ। ०४६ पछिको संसदीय व्यवस्थामा नीतिगत भ्रष्टाचार नै विकासको सबैभन्दा ठुलो 'क्यान्सर' बन्यो। कर्मचारीतन्त्रभित्र मौलाएको भ्रष्टाचार अन्त्य गर्न अब सामान्य सुधारले काम गर्दैन, यसका लागि 'डिजिटल सर्जरी' नै चाहिन्छ।

रास्वपा सरकारको पहिलो प्राथमिकतामा 'उच्चस्तरीय सम्पत्ति छानबिन आयोग' पर्नुपर्छ। ०४६ यताका प्रधानमन्त्री, मन्त्री र उच्चपदस्थ कर्मचारीको सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गर्ने आँट र अन्यका हकमा स्रोत नखुलेको सम्पत्तिलाई एउटा निश्चित करको दायराभित्र ल्याएर शुद्धीकरण गरिएन भने सुशासनको गफ केवल कोरा कल्पना मात्र हुनेछ। नागरिकताजस्तै सबैलाई पान नं. अनिवार्य गर्दै, प्रशासनलाई 'फेसलेस' र 'पेपरलेस' बनाउँदै इ-गभर्नेन्सलाई अनिवार्य गरिनुपर्छ। जब सेवाग्राही र सरकारी कर्मचारीको प्रत्यक्ष भेटघाट घट्छ, तब 'टेबलमुनिको लेनदेन' आफैं कम हुन्छ। साथै, जनप्रतिनिधिले काम गर्न नसके फिर्ता बोलाउन सक्ने 'राइट टु रिकल' र 'नो भोट'को अधिकार सुनिश्चित गरेर मात्र लोकतन्त्रलाई जीवन्त बनाउन सकिन्छ।

आर्थिक दर्शन : नेपालको अर्थतन्त्रलाई कसरी गति दिने ? उत्तर सहज छ- स्रोतको समुचित परिचालन र व्यावहारिक समाजवादबाट। शिक्षा र स्वास्थ्यमा राज्यको बलियो लगानी, तर उद्योग र व्यापारमा खुला प्रतिस्पर्धा हुन आवश्यक छ। नेपालको जलस्रोत र खानीको कथा दशकौंदेखि सुनाइएको छ, तर कार्यान्वयन निकै धिमा छ। रसुवाबाट सुरु भएको स्थानीयलाई जलविद्युत्मा १० प्रतिशत सेयर दिने 'लोकप्रिय मोडल' अब ढुंगा, गिटी, बालुवा, वन र खनिजमा पनि लागू गरिनुपर्छ। गणेश हिमालको सिसा, जस्ता, धौबादीको फलाम, तामा, रुबी, सुन र युरेनियमजस्ता खानीलाई 'नेपाल खनिज विकास प्राधिकरण'मार्फत अन्तर्राष्ट्रिय मापदण्डमा उत्खनन गर्नुपर्छ। बन्द भएका उद्योगलाई सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमा पुनः सञ्चालन गरी स्वदेशी रोजगारी सिर्जना गर्नु आजको अनिवार्य आवश्यकता हो।



कृषि क्रान्ति : बिचौलियाको सिन्डिकेट अन्त्य गरी कृषिप्रधान मुलुकमा किसानले मूल्य नपाउने, तर उपभोक्ताले महँगोमा किन्नुपर्ने विडम्बना अन्त्य गर्नु अब बन्ने सरकारको अग्निपरीक्षा हो। किसान र बजारबिचका बिचौलियाको सिन्डिकेट तोड्न स्थानीय तहमा 'सरकारी संकलन केन्द्र' र कोल्ड स्टोरेज अनिवार्य स्थापना गरिनुपर्छ। बाँझो जग्गालाई 'ल्यान्ड पुलिङ' गरी सहकारीमार्फत व्यावसायिक खेतीमा लगाउनुपर्छ। अर्थानिक कृषि हब निर्माण गरेर यसलाई पर्यटनसँग जोड्ने 'एग्रो-टुरिजम'को अवधारणाले गाउँ-गाउँमा पैसा र रोजगारी दुवै फर्काउन सक्छ। अन्तर्राष्ट्रिय बजारका लागि मूलतः नेपाली रैथाने उत्पादनलाई 'ब्रान्डिङ' गर्न बलियो 'क्वालिटी कन्ट्रोल' संयन्त्र आवश्यक छ।

> रास्वपाले आफ्ना नीतिलाई इमानदारीसाथ कार्यान्वयन गर्न सके नेपालले केही वर्षमै आर्थिक फड्को मार्न सक्छ र जनताको भरोसा जोगिनेछ, पुराना दलकै शैलीमा अल्झिए यो परिवर्तनको लहर पनि इतिहासको एउटा 'असफलता' साबित हुनेछ

शिक्षा र स्वास्थ्य : बेरोजगार उत्पादन गर्ने परम्परागत शिक्षालाई अब ७० प्रतिशत प्राविधिक शिक्षामा बदल्नुपर्छ। विद्यार्थी विद्यालयबाट निस्किँदा उसको हातमा कम्तीमा एउटा सीप हुनुपर्छ, जसबाट ऊ स्वरोजगार बन्न सकोस्। स्वास्थ्यतर्फ पाँच लाखको स्वास्थ्य बिमालाई 'स्मार्ट हेल्थ कार्ड'सँग जोडेर देशका जुनसुकै अस्पतालमा कुनै झन्झटबिनै नगदले भन्दा स्मार्ट कार्डले तत्काल उपचार पाउने सुनिश्चितता गरिनुपर्छ। यो सेवालाई नागरिकको अनिवार्य अधिकारका रूपमा सुनिश्चित गरिनुपर्छ।

भूराजनीति : चीन र भारतजस्ता दुई ठुला अर्थतन्त्रका बिचमा रहेको नेपालको भूराजनीतिक अवस्थितिका कारण यहाँ अमेरिकी विश्व व्यवस्थाको पनि चासो बढ्दो छ। अबको सरकारले अपनाउने परराष्ट्र नीति 'गतिशील तटस्थता'मा आधारित हुनुपर्छ। कसैको पक्ष वा विपक्ष नभई नेपाललाई 'दुई अर्थतन्त्र जोड्ने पुल'का रूपमा विकास गर्नुपर्छ। नेपाले असंलग्न, सन्तुलित र समदुरीको परराष्ट्र नीति अपनाउनुपर्छ।

०७२ को संविधान निर्माणपछि राजनीति र कूटनीति असफल भई सैन्य कूटनीति हाबी हुँदै गएको छ। त्यसलाई राजनीतिक कूटनीतिमा बदल्न सक्नुपर्छ। यो सामान्य तर निकै गम्भीर विषय हो। यसलाई निकै बुद्धिमत्तापूर्ण ढंगले लागू गर्न सक्नुपर्छ। कुनै पनि सैन्य गठबन्धनबाट टाढा रहेर आफ्नो आर्थिक स्वार्थमा केन्द्रित हुनु नै नेपालको दीर्घकालीन रक्षा रणनीति बन्नुपर्छ।

सामाजिक सुधार : नेपाली समाजमा देखासिकीमा हुने फजुल खर्च (विवाह, व्रतबन्ध, मृत्युसंस्कारमा हुने भड्किलो खर्च) आर्थिक विकासको एउटा अदृश्य बाधक हो। सरकारले 'सामाजिक व्यवहार सुधार ऐन' ल्याई यस्ता भड्किला संस्कारलाई नियन्त्रण गर्नुपर्छ। फजुल खर्च रोक्दा जोगिने रकमलाई उत्पादनमा लगाउने नीति हुनुपर्छ। राज्यस्तरबाट हुने अनावश्यक सुरक्षा लस्कर र सवारी साधनको कटौतीले मात्र पनि राज्यको ढुकुटीमा ठुलो बचत हुन सक्छ। बचत भएको यो रकमलाई साना तथा मझौला उद्योग र 'स्टार्टअप'मा लगानी गर्ने नीति बनाउनुपर्छ। यसले समाजमा ठुलो आर्थिक अनुशासन र क्रान्ति ल्याउनेछ।

नयाँ पुस्ताको स्पष्ट माग छ- केन्द्र र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, विज्ञहरूको सानो मन्त्रिमण्डल र संविधानमा रहेका कमजोरी सच्याउन अब बन्ने सरकारले नेतृत्व लिनुपर्छ। पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्दै नागरिकता लिएकाहरूलाई स्वतः मतदाता सूचीमा राख्ने, नागरिकता नै 'भोटर कार्ड' हुने र विदेशमा रहेका लाखौं नेपालीलाई 'भोटिङ' अधिकार दिने कार्य तत्काल लागू हुनुपर्छ। गैरआवासीय नेपालीलाई 'एकपटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनासाथ दोहोरो नागरिकताको अधिकार सुनिश्चित गरी डायस्पोरामा रहेको पुँजी र सीपलाई नेपाल फर्काउन भूमिका खेल्नुपर्छ।

सहकारी ठगीबाट पीडित लाखौं जनताको बचत फिर्ता गर्नु यो सरकारको पहिलो प्राथमिकता हुनुपर्छ। ठगहरूको सम्पत्ति जफत गरी बचतकर्तालाई रकम फिर्ता गर्ने र सहकारीलाई पुनः जनविश्वासको केन्द्र बनाउन कडा नियमनकारी निकाय बनाउनुपर्छ। युवालाई विनाधितो सरल कर्जा, उत्पादनका आधारमा अनुदान र प्रविधिमा सहुलियत दिएर 'उद्यमशीलता'लाई प्रोत्साहित गर्नुपर्छ। प्रत्येक स्मार्टफोनमा सस्तो र भरपर्दो इन्टरनेट पुऱ्याई सूचना प्रविधिलाई आर्थिक वृद्धिको मेरुदण्ड बनाउनुपर्छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार श्रमको मूल्य निर्धारण गर्ने हो भने विदेशमा रहेका युवालाई नेपाल फर्किन र नेपालको युवा पलायनलाई रोक्न सकिनेछ।

रास्वपाका लागि अबका दिन राजनीति गर्ने मात्र होइन, 'डेलिभरी' देखाउने दिन हुन्। रास्वपाले आफ्ना नीतिलाई इमानदारीसाथ कार्यान्वयन गर्न सके नेपालले केही वर्षमै आर्थिक फड्को मार्न सक्छ। यी कठोर नीतिमा सम्झौता भएन भने मात्र जनताको भरोसा जोगिनेछ, पुराना दलकै शैलीमा अल्झिए यो परिवर्तनको लहर पनि इतिहासको एउटा 'असफलता' साबित हुनेछ। अबको सरकारलाई सस्तो लोकप्रियता खोज्ने 'बहादुरी' होइन, केवल 'विज्ञता, इमान र तीव्र इच्छाशक्ति'को खाँचो छ।

यो जनमतको भारी र रास्वपाको कार्यक्षमतामाथि नै देशको आगामी दिशा निर्भर छ। रास्वपाले अपेक्षाअनुरूप काम गर्न सकेन भने देश फेरि गहिरो निराशामा धकेलिन सक्छ। यसले नेपाललाई दुईवटा विन्दुमा उभ्याउनेछ, या त यो संसदीय व्यवस्था पूर्णतः विफल भएर देश पश्चगामी दिशामा जानेछ, या त समाजको प्रगतिकामी चेतनाले नयाँ मोड लिँदै वैज्ञानिक समाजवादतर्फको क्रान्तिलाई जन्म दिनेछ।

तर, देशले सही मार्ग समात्यो र यी नीतिमार्फत राष्ट्रिय पुँजीको निर्माण तथा रोजगारीको व्यापक सिर्जना हुन सक्यो भने नेपालले सुखद आर्थिक रूपान्तरणको बाटो तय गर्नेछ। अन्त्यमा, गन्तव्य चाहे जुनसुकै होस्, आजको युग सुहाउँदो 'वैज्ञानिक समाजवाद' नै नेपालको दिगो भविष्यको अन्तिम साध्य बन्न सक्छ।

(गोतामे बागमती प्रदेश सभाका सदस्य हुन्)

---

३ प्रश्न

जनस्वास्थ्य कार्यालय, ललितपुरका प्रमुख **डा. खगेश्वर गेलाल**लाई



नेपालमा विषादीको प्रयोगले जनस्वास्थ्यमा कसरी असर गरिरहेको छ ?

पोषण प्रवर्द्धनअन्तर्गत हामीले विषादी न्यूनीकरण कार्यक्रम समय-समयमा गर्दै आएका छौं। कृषि विकास कार्यालय, बाली संरक्षण अधिकृत, जिल्ला प्रशासन कार्यालय, विषादी बेच्ने एग्रोभेट र प्रयोग गर्ने किसानसँग कुराकानी गर्दा नेपालमा विषादीको प्रयोग अन्य देशको तुलनामा कमै रहेको तर प्रयोग गर्ने विधि र तरिका भने नमिलेको पाइयो। जापानजस्तो देशमा पनि १६ प्रतिशत विषादी प्रयोग हुन्छ, तर त्यहाँका मानिसको स्वास्थ्यमा असर परेको देखिन्न। त्यहाँ विषादीको प्रयोग गर्दा र प्रयोग गरिसकेपछि अपनाइने सुरक्षित विधिले गर्दा त्यस्तो भएको हो। तर, हामीकहाँ भने विषादी कम प्रयोग भइरहे पनि त्यसको तरिका निकै खतरनाक छ। विषादी प्रयोग गरेपछि कुर्नुपर्ने अवधिको पूर्णतः बेवास्ता गरिन्छ। यो निकै जोखिमपूर्ण अवस्था हो। त्यही कारण हामीकहाँ गम्भीर प्रकारका क्यान्सर, मुटुलगायत जटिल रोग लाग्ने गरेका छन्।

विषादी प्रयोग गर्दा के-कस्ता कुरामा ध्यान दिनुपर्छ ?

विषादी प्रयोग गर्दा निकै सावधानी अपनाउनुपर्छ। पिपिई तथा शरीर छोपिने लुगादेखि मास्कसम्म लगाउनुपर्छ। प्रयोग गरिसकेपछि कति दिनसम्म खान वा बेच्न मिल्दैन, त्यो अवधिको ख्याल गर्नुपर्छ। तर, हामीकहाँ किसानले बिहान विषादी हालेर दिउँसो बजारमा बेच्ने चलन बढी छ। यो गम्भीर लापरबाही हो। विषादी प्रयोग गर्नासाथ कुनै पनि तरकारी बजारमा लैजानु हुँदैन। कम्तीमा सात दिन त कुर्नैपर्छ। अझ अति हानिकारक विषादी छन् भने त्यसमा अझ बढी ध्यान दिन जरुरी छ।

बजारबाट किनेर भान्सामा ल्याएको तरकारी कसरी प्रयोग गर्दा विषादीको मात्रा कम होला ?

विषादी प्रयोग भएका तरकारी तथा फलफूल प्रयोग गर्दा पखालेर, नुनपानी, कागतीपानी, भेनेगर पानी आदिमा केहीबेर डुबाएर राखेपछि मात्रै प्रयोग गर्नुपर्छ। यसो हुँदा विषादीको मात्रा घट्छ। त्यस्तै दुई-तीन दिन फ्रिजमा राख्यो भने ९० प्रतिशत विषादी नष्ट हुन्छ। अर्कातर्फ जसले तरकारी उत्पादन र बजारीकरण गर्नुहुन्छ, उहाँहरूले विषादी प्रयोग गरेको अवधि र बिक्री वितरणको अवधिबारे ख्याल गरिदिनुभयो भने त्यसले जनस्वास्थ्यमा हित गर्नेछ।

प्रेरक प्रसंग

बालकको साहस

उहिल्यै इंग्ल्यान्डमा नेल्सन नामका एक १२ वर्षीय बालक थिए। उनका मामा जहाजका नाबिक थिए। उनी पनि सानै उमेरमा आफ्ना मामासँगै जहाजमा गएर काम सिक्न थाले। बिस्तार-बिस्तारै उनी एक चतुर नाबिक बने।

जब उत्तरी ध्रुवको खोजका लागि रेसहर्स नामक जहाज पठाइयो, तब नेल्सनले पनि सो जहाजमा नाबिकका रूपमा काम गर्ने अवसर पाए। उनी खुसीसाथ सो यात्रामा निस्किए। उत्तरी ध्रुव प्रदेशमा समुद्रलाई बर्फिलो चट्टानले ढाकिरहन्थ्यो र हरसमय समुद्रमा भयंकर जीवजन्तुको आक्रमण हुने भय रहन्थ्यो।

एक दिन जहाज अड्याएर राखिएको थियो। नेल्सन आफ्ना एकजना साथीसँग घुम्नका लागि निस्किए। केही टाढा पुगेपछि उनको एउटा भयानक भालुसँग मुठभेड भयो। नेल्सन त्यस भालुलाई निसाना बनाएर दनादन गोली बर्साउन थाले, जबकि उनका साथी कप्तान अन्य नाबिकलाई खबर गर्न जहाजतिर दौडिए।

छालका कारण नेल्सनको एउटा पनि गोली भालुको निसाना लागिरहेको थिएन। केही क्षणमा उनको सबै गाली समाप्त भयो। फेरि पनि उनी डराएनन् र त्यहाँबाट भागेनन्, बरु निर्भयतापूर्वक बन्दुकको कुन्दाले भालुलाई हिर्काउँदै गए।

केही समयपछि जहाजका कप्तान त्यहाँ पुगे। उनले एक गोली प्रहार गरेर भालुलाई मारिदिए। त्यसरी गोली सकिएपछि पनि भालुसित जुधिरहेका नेल्सनको साहस देखेर कप्तान अचम्ममा परे। कप्तानले नेल्सनसँग सोधे, 'किन तिमीलाई भालुसँग डर लागेको थिएन ?' 'बिल्कुलै लागेन। म यो भालुको छाला आफ्नो बाबुका लागि लिएर जानेछु,' नेल्सनले मुस्कुराएर भने। यिनै बहादुर बालक नेल्सन ठुला भएपछि ब्रिटिस फौजका सेनापति बने। यिनकै वीरताका कारण वाटरलुको मैदानमा नेपोलियनको हार भयो।

टिप्पणी nayapatrikaofficial @naya_patrika

विरोध होइन, सहयोग गरौं

यतिखेर नयाँ सरकार गठनसँगै पुराना दलका नेता आतंकित हुन थालेका छन्। नयाँ सरकारले केही पूर्वप्रधानमन्त्री र मन्त्रीहरूमाथि पक्राउ गरी छानबिन सुरु गरेपछि सबैको होसहवास गुम भएको छ। आफू पदमा रहँदा कसैले गलत गरेको छैन भने उसले यो सरकारबाट डराउनुपर्ने कुनै कारण छैन। तर, कसैले विगतमा पदमा रहँदा कुनै गलत गरेको रहेछ, देश र जनतालाई ढाँट्ने, ठग्ने र लुट्ने काम गरेको रहेछ भने ऊ जुनसुकै दलको जुनसुकै स्तरको नेता भए पनि उसले सजाय भोग्नैपर्छ। त्यसैले, अहिले सरकारले गरिरहेको कामको विरोध होइन, आफ्ना तर्फबाट सक्दो सहयोग गरौं।

● **बुद्धिलाल महर्जन**, ग्वार्को, ललितपुर

कार्यान्वयनमा अवरोध नगरौं

सरकारले सार्वजनिक गरेको १०० कार्ययोजना कार्यान्वयनमा जान सकेमा त्यो निकै सकारात्मक देखिन्छ। तर, तीमध्ये अधिकांश बुँदा कार्यान्वयनमा सरकारले अवरोधको सामना गर्नुपर्ने अवस्था आउन सक्छ। सरकारले भनेजस्तो कर्मचारी, शिक्षक, प्राध्यापक तथा कुनै पनि राष्ट्रसेवकले कुनै दल या समूहसित आबद्धता तत्काल खारेज हुनुपर्ने हो। तर, राजनीतिका आडमा आफूले तर मार्दै आएका शिक्षक, कर्मचारी, प्राध्यापकलगायत दलीय ट्रेड युनियनका हर्ताकर्ताले यसलाई के मान्लान् र ?

● **अमृता तुलाधर**, टेकु, काठमाडौं

सम्पत्ति त छानबिन गर्नैपर्छ

सरकारले ०४८ यता सार्वजनिक पदमा रहेका अधिकारीको सम्पत्ति छानबिन गर्न १५ दिनभित्र समिति गठन गर्ने भन्ने समाचार सुनियो। सरकारको यो एकदम सही निर्णय हो। विगतमा विभिन्न लाभका पदमा रहेर काम गरेका नेता, निजामती कर्मचारी तथा अन्य राष्ट्रसेवकको सम्पत्ति छानबिन गरी त्यसमा कुनै कैफियत भेटिएमा त्यसलाई कानुनबमोजिम कारबाही गर्नैपर्छ। अन्यथा, जसले जे गरे पनि हुन्छ भन्ने गलत प्रवृत्तिको विकास हुने निश्चित छ।

● **सुदीप्ति साह**, जनकपुरधाम, धनुषा

यो विरोध कसका लागि ?

यो प्रश्न गरिरहँदा मलाई एमालेविरोधी भनिए पनि केही फरक पर्दैन, किनकि एमाले भनेको व्यक्ति होइन, संगठन हो भन्ने मान्यता राख्ने व्यक्ति हुँ म। एउटा व्यक्तिको लहडमा पार्टी संगठन नै तहसनहस पार्न पाइँदैन भन्ने मान्यता राख्ने मान्छे हुँ म। एमालेजस्तो मजबुत संगठनको हालत आज यस्तो छ, तैपनि एमालेजनको होस आएको छैन। कुनै वेला बहुमत सिट ल्याउने एमाले अहिले सात सिटमा खुम्चिनुपरेको छ। यसको कारण के हो ? अब पनि आन्दोलन गरेर जनतालाई दुःख दिने ?

नयाँ सरकार भर्खर गठन भएको छ, हेर्दै न के गर्छ यसले ? अहिले नै विरोध गर्नुको अर्थ के ? हिजोको समय होइन यो। जनता जागरुक छन्, सबै देखेका छन्। समय आएपछि देखाउने पनि छन्। गलत जसले गरेको भए पनि ऊ कारबाहीको भागीदार बन्नुपर्छ अनि मात्र विधिको शासन र कानुनीराजको पालना भएको मान्न सकिन्छ। पहिला-पहिला बनेका छानबिन आयोगका प्रतिवेदनको फाइल गायब गरियो। जसको परिणाम देशमा अराजकता मौलायो। अब पनि आयोगको प्रतिवेदनलाई बेवास्ता गर्ने हो भने जनता स्वयंले कारबाही गर्नेछन्।

यतिखेर एमाले अध्यक्ष केपी ओलीलाई पक्राउ अहिलेको सरकारले गरेकोभन्दा पनि कार्की आयोगको छानबिन समितिको प्रतिवेदनले गरेको हो। यसमा विरोधचाहिँ किन ? उनलाई अहिले नै दोषी ठहऱ्याएको त छैन नि। अदालतले गर्ने निर्णयको प्रतीक्षा गरौं, सरकारको काममा विरोध नगरौं।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

दबाबमा पाकिस्तानको शान्ति प्रयास

इस्लामाबादले अमेरिका र इरानबिच उच्चस्तरीय कूटनीतिक वार्ताको प्रयास गरिरहेको भए पनि इजरायल वार्ता भाँड्न उद्यत देखिन्छ



देश/विदेश

● सइद साह

इरानमा नागरिक लक्ष्यहरूमाथि इजरायली बमबारी तीव्र बन्दै जाँदा र खाडीमा अमेरिकी सैन्य बलको विस्तारसँगै इरान र अमेरिकाबिच शान्ति वार्ता आयोजना गर्ने पाकिस्तानको आशामाथि कालो बादल मडारिएको छ। पाकिस्तानले उच्चस्तरीय कूटनीतिको प्रयास गरिरहेको छ, इरान र अमेरिकासँग राम्रो सम्बन्ध भएको र जारी युद्धमा सापेक्षिक तटस्थतालाई प्रयोग गर्दै पाकिस्तानले अहिले उच्चस्तरीय कूटनीतिको प्रयास गरिरहेको छ। इस्लामाबादले दुई देशलाई वार्ताका लागि आफ्नो देशमा आतिथ्य प्रदान गर्न खोजेको छ।

मध्यपूर्वको खेलाडी नभएको र आफ्नो भूमिमा कुनै पनि अमेरिकी सैन्य आधार नरहेकाले पाकिस्तानलाई टर्की र इजिप्टजस्तो तटस्थता प्रमाणित गर्न कठिनाइ छैन। पाकिस्तानी सैन्यप्रमुख फिल्ड मार्सल असिम मुनिर, अमेरिकी राष्ट्रपतिनजिक देखिएका छन्। उता विगत केही वर्षमा छिमेकी इरानसँग इस्लामाबादको सम्बन्ध नाटकीय रूपमा सुधार भएको छ। पाकिस्तानी अधिकारीका अनुसार दुवै पक्षले सिद्धान्ततः वार्ता गर्न इच्छा पनि व्यक्त गरिरहेका छन्। तर, सँगसँगै द्वन्द्व बढ्दै गइरहेको छ। युद्धरत पक्षबिच एक-अर्काप्रतिको विश्वास कम छ। र, सबैभन्दा मुख्य कुरा तेहरान र वासिंटनबिच अडानमा ठुलो खाडल देखिन्छ।

पाकिस्तानी अधिकारीलाई भने वार्ताका लागि सबैभन्दा ठुलो जोखिम इजरायलबाट रहेको लागेको छ। इजरायलले शुक्रबार इरानका दुई ठुला स्टिल प्लान्ट र नागरिक आणविक स्थलमा बम विस्फोट गरायो, जुन इरानका विदेशमन्त्री अब्बास अराघचीका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्पले कूटनीतिलाई सहज बनाउन नागरिक पूर्वाधारमा आक्रमण रोक्ने घोषणाविरुद्ध छ। इरानले आफ्ना दुई विश्वविद्यालयमा समेत प्रहार भएको बताएको छ। यस्तो आक्रमणले वार्ताको माहोल बिगार्ने पाकिस्तानको विश्वास छ।

इरानको मुख्य चिन्ता युद्धको अन्त्य सुनिश्चित गर्नु मात्र नभई भविष्यमा पनि अमेरिका तथा इजरायलद्वारा कुनै आक्रमण नहुने सुनिश्चित गर्नु रहेको अमेरिकाका लागि पाकिस्तानी पूर्वराजदूत मलिहा लोधीले भनिन्। 'सबैभन्दा कठिन पक्ष ट्रम्पको शब्दमा विश्वास गर्नु हो। उनी विश्वसनीय छैनन्। उनी सनकका भरमा चलिरहेभैं देखिन्छन्। उनी पूर्णतया सनकी छन्,' लोधीले भनिन्। इरान युद्धविराम मात्र होइन, युद्ध समाप्त भएको ग्यारेन्टी पनि चाहन्छ। त्यस्तै इरान युद्धको समयमा आफ्नो नियन्त्रणमा रहेको खाडीको तेल र ग्यास निर्यातका लागि महत्त्वपूर्ण जलमार्ग स्टेट अफ हर्मुजलाई युद्धपछि पनि आफ्नो पकडमा राख्न चाहन्छ। त्यो विचारलाई अमेरिकी विदेशमन्त्री मार्को रुबियोले अस्वीकार्य बताएका छन्, यद्यपि ट्रम्प आफैंले हर्मुजमाथि संयुक्त अमेरिकी-इरानी नियन्त्रणको सुझाव दिएका छन्।

अहिलेसम्म, पाकिस्तानले दुई पक्षबिच प्रस्ताव आदानप्रदान गरिसकेको छ, जसमा दुवै पक्षले कडा अडान पेस गरेका छन्। पाकिस्तानी अधिकारीको विश्वासमा इरान र अमेरिका इमानदारीपूर्वक सम्झौतामा पुग्न चाहन्छन्। र, उसले दुईबिच कायम विभाजनलाई कम गर्न सकिन्छ। पाकिस्तानको कूटनीतिक प्रयास शनिबार तीव्र देखिएको थियो, जब देशका प्रधानमन्त्री सेहबाज सरिफले इरानी राष्ट्रपति मसुद पेजेस्कियानलाई फोन गरे। लगत्तै, पाकिस्तानका विदेशमन्त्रीले टर्की, इजिप्ट र साउदी अरेबियाका समकक्षीसँग युद्ध कसरी अन्त्य गर्ने भन्नेबारे आइतबार र सोमबार इस्लामाबादमा



वार्ता गर्ने घोषणा गरियो। पछिल्लो समय यी चार देश मुस्लिम विश्वका नयाँ गठबन्धनका रूपमा उदाउँदै छन्। चारमध्ये ती यस क्षेत्रका तीन ठुला सैन्य शक्ति हुन् भने साउदी वित्तीय शक्ति। इरानबाट बारम्बार बमबारी भोगेको साउदी अरबका अधिकारीले व्यक्तिगत भेटमा भने इरानमाथि अमेरिकाको बमबारी चाहेको बताउने गरेको पाइएको छ।

इस्लामाबादले अमेरिका र इरानबिच हुने कुनै पनि वार्ता अप्रत्यक्ष हुने अपेक्षा गरेका छन्। अर्थात्, पाकिस्तानी अधिकारीले अलग-अलग कोठामा बसिरहेका अमेरिका र इरानी प्रतिनिधिमण्डलबिच मध्यस्थता गर्नेछन्। तेहरानले अमेरिकी अधिकारीसँग आमनेसामने बस्न अस्वीकार गरेको छ। पाकिस्तान आणविक हतियारले सुसज्जित ठुलो सेना भएको मुलुक भएकाले पनि वार्ताका लागि उसको भूमि सुरक्षित मानिएको हो, जसको वायु सेनाले इरानी अधिकारीलाई सुरक्षा दिँदै 'एस्कर्ट' गर्न सक्छ। इरानलाई कतै वासिंटनले फेरि धोका दिने प्रयास गरिरहेको हो कि भन्ने डर छ। गत वर्ष वार्ताका बिचमा इरानमाथि दुईपटक बमबारी गरियो। मध्यपूर्वमा अमेरिकी सेनाको वृद्धिले शान्ति वार्ता अमेरिकाको योजना नहुन सक्छ भन्ने संकेत पनि दिएको छ। वाल स्ट्रिट जर्नलमा प्रकाशित समाचारअनुसार पेन्टागनले मध्यपूर्वका लागि सात हजार स्थल सेनाका अतिरिक्त १० हजार थप सैनिक पठाउने विचार गरिरहेको छ।

विश्वास निर्माण गर्न, पाकिस्तानले अमेरिकाको प्रतिनिधित्व उप-राष्ट्रपति जेडी भान्सले गर्नु ठिक हुने सुझाव दिएको छ। तेहरानले यसअघि वार्ताको नेतृत्व गरेका अमेरिकी दूत स्टिव विटकफ र जारेड कुसनरलाई विश्वास गर्न नसक्ने बताएको छ। उसो त भान्स जारी युद्धप्रति नकारात्मक रहेको बताइएको छ। भान्सले शुक्रबार नै 'बेनी सो' नामक पोडकास्टमा बोल्दै इरानमा अमेरिकाले आफ्ना धेरैजसो वा सबै सैन्य उद्देश्य पूरा गरिसकेको बताए। तर, उनले थप अगाडि भने, 'राष्ट्रपतिले यसलाई केही समयका लागि अझै जारी राख्नेछन्। ताकि हामीले एकपटक लडेपछि, फेरि धेरै लामो समयसम्म लड्न नपरोस्।' पाकिस्तानका लागि, इरानमा शान्ति प्रयासमा संलग्न हुनुका आफ्नै कारण छन्। इरानसँग लामो सीमा रहेको र इरानपछि विश्वको दोस्रो ठुलो सिया मुस्लिम जनसंख्या भएकाले इस्लामाबादमा पनि यो युद्धको असर पर्ने नै छ।

द गार्जियनबाट

रणनीति स्पष्ट नहुँदा इरान युद्धमा फस्दै अमेरिका

इरानमा ट्रम्प प्रशासनको गलत गणनाले उसले विगतका भियतनाम, अफगानिस्तान र युक्रेनबाट उचित पाठ सिकेको थिएन भन्ने पुष्टि हुन्छ

युद्ध खासमा युद्धभूमिमा भन्दा पहिले अन्य मोर्चामा हारिइसकेको हुन्छ। अर्थात् युद्धभूमिअघि नै नेताहरूको दिमागमा युद्धको हारजितको निर्क्योल भइसकेको हुन्छ। विशेषतः जब नेताहरूले आफ्ना र विरोधी राम्ररी बुझ्न सक्दैनन् र जब अघिल्लो युद्धले पछिल्लो युद्धको बुझाइमै असर गरिदिन्छ, तब यस्तो अवस्था आउँछ। यस्तोमा इरानलाई लिएर ट्रम्प प्रशासनको गलत गणना एकल घटना होइन। यो अन्तर्राष्ट्रिय राजनीतिको सबैभन्दा पुरानो र घातक परम्परामध्ये एकको पछिल्लो घटना मात्र हो, जहाँ नेताहरूले वास्तविकताबारे गर्ने आकलन र युद्धले निम्त्याउन सक्ने वास्तविकताबिच विनाशकारी खाडल हुन्छ।

बेवास्ता गरिएका चिन्ता

इरान, इजरायल र अमेरिकासँगको द्वन्द्वअघि अमेरिकाका ऊर्जामन्त्री क्रिस राइटले युद्धले तेल बजारमा अवरोध सिर्जना गर्न सक्ने चिन्तालाई खारेज गरेका थिए। जुन २०२५ मा इजरायल र इरानबिच भएको १२ दिने युद्धको समयमा तेलको मूल्यमा खासै प्रभाव नपरेका आधारमा उनले फेरि पनि उस्तै अवस्था हुने सोचेका हुन सक्छन्। अन्य वरिष्ठ अमेरिकी अधिकारीले पनि राइटकै विचारमा सहमति जनाए।



● मोनिका डफी टोफ्ट

(लेखिका टफ्ट्स विश्वविद्यालयकी अन्तर्राष्ट्रिय राजनीतिकी प्राध्यापक हुन्)

युद्ध सुरु भएपछि इरानले मध्यपूर्व क्षेत्रका अमेरिकी आधार, ती आधार रहेका अरब देशका राजधानी र इजरायली घना सहरमाथि मिसाइल र ड्रोन हान्यो। त्यसपछि इरानले स्ट्रेट अफ हर्मुज लगभग प्रभावकारी रूपमा बन्द गरिदियो। विश्वको लगभग २० प्रतिशत तेल आपूर्ति हुने यो साँघुरो समुद्री मार्ग बन्द गर्न इरानको नौसेना, समुद्री बारुदी माइन वा सामूहिक रूपमा राखिएको एन्टी-सिप मिसाइल होइन, सस्तो ड्रोन नै पर्याप्त भयो। जब यो समुद्री मार्गवरपर केही हमला गऱ्यो, बिमाकर्ताले जहाजको भुक्तानी बढाए र ढुवानी कम्पनीले तेल ढुवानी असुरक्षित भएको निर्णय गर्दै जहाज पठाउन बन्द गरे। त्यसपछि जहाजको बहाब झन्डै शून्यमा झऱ्यो, भलै इरानको इच्छा हुँदा कहिलेकाहीं केही जहाजलाई हालै त्यो भाग पार गर्न दिइएको छ। हर्मुज बन्द भएसँगै विश्लेषकहरूले तेल बजारमा अहिले सन् १९७० को तेल प्रतिबन्धपछिको सबैभन्दा ठुलो ऊर्जा संकट सिर्जना भएको बताएका छन्।

इरान युद्धबारे अमेरिकी सांसदलाई गरिएको गोप्य ब्रिफिङपछि बोल्दै कनेक्टिकट राज्यका डेमोक्र्याट अमेरिकी सिनेटर क्रिस मर्फीले अहिलेको प्रशासनसँग स्ट्रेट अफ हर्मुजबारे कुनै योजना नै रहेको बताए। सन् १९७९ देखि तेहरानमा कुनै दूतावास नभएका कारण अमेरिकाले इरानभित्र के भइरहेको छ भन्ने कुरा जान्न धेरै हदसम्म सिआइएको गुप्तचर सञ्जाल र इजरायलमा निर्भर भइरहेको छ। इजरायलले आफ्नै देशको हितलाई ध्यानमा राख्छ, जुन अमेरिकी हितसँग नमिल्न सक्छ। उता गुप्तचर जानकारी सधै सटिक नहुन सक्छ। सटीक जानकारीको अभावमा अमेरिकाले जुन २०२५ देखि इरानले महत्त्वपूर्ण सैन्य क्षमता पुनर्निर्माण गरेको जानकारी पाउनैसकेको रहेनछ। न त इरानले उत्तरी छिमेकी अजरबैजानसहित क्षेत्रभरका छिमेकीमा आक्रमण गर्नेछ भन्ने अमेरिकी अनुमान थियो, जसले द्वन्द्वलाई फारसी खाडीभन्दा बाहिर फराकिलो पारेको छ।



जुन २०२५ मा इजरायल र इरानबिच भएको १२ दिने युद्धको समयमा तेलको मूल्यमा खासै प्रभाव नपरेका आधारमा अमेरिकाका ऊर्जामन्त्री क्रिस राइटले फेरि पनि असामान्य अवस्था उत्पन्न नहुने आकलन गरेका हुन सक्छन्

अझ युद्ध फैलिएर हिन्द महासागरमा पुगेको छ, जहाँ एक अमेरिकी पनडुब्बीले श्रीलंकाको तटबाट दुई हजार माइल टाढा इरानी फ्रिगेट (युद्ध जहाज) डुबाइदियो। आक्रमणमा परेको जहाज खासमा अमेरिकासहित ७४ राष्ट्र सम्मिलित भारतीय नौसेना अभ्यासमा भाग लिएर फर्किँदै थियो। यस आक्रमणले भारतसँग वासिङटनको सम्बन्धमा कूटनीतिक क्षति पुग्यो। यस्तो अवस्था आउन सक्ने कुरा पूर्ण रूपमा पहिले नै अनुमान गर्न सकिन्थ्यो। वासिङटनले भारत र श्रीलंका दुवै देशलाई कठिन अवस्थामा पारिदियो। भारतले आफ्ना जहाजहरूका लागि समुद्रीमार्ग सुरक्षित गर्न इरानसँग कूटनीति रोज्न बाध्य भयो भने श्रीलंकाले आफ्नो तटस्थता कायम राख्ने विकल्प रोजेको छ। तर, अमेरिकी योजनाकारले यो अवस्थाबारे कुनै पनि पूर्वानुमान गरेका थिएनन्।

भेनेजुएलाबाट गलत पाठ

जनवरी २०२६ मा भेनेजुएलामा अमेरिकाले गरेको द्रुत सैन्य हस्तक्षेपले न्यूनतम प्रहारबाटै द्रुत परिणाम निम्त्याएपछि अमेरिकी सरकारमा यस्तै खालको कारबाहीमा प्रशासनको विश्वास बढ्यो। तर, यस्तो सटिक जित खासमा खतरनाक शिक्षक हुन्छन्। खासमा जब नेतृत्वले आफ्नो शक्ति बढाइचढाइ गर्छ र विरोधीको क्षमता कम आकलन गर्छन् तब विपत्ति आउने सम्भावना बढ्छ। राजनीतिक वैज्ञानिक रोबर्ट जर्बिसले दशकौंअघि नै गलत अवधारणा अन्तर्राष्ट्रिय सम्बन्धमा अनियमित नभएर नियमित ढाँचा भएको बताएका थिए। खासमा नेताहरूले आफ्नो नाफा-घाटाको तर्कलाई विपक्षीहरूमाथि आरोपित गर्छन्। साथमा नेतृत्व 'उपलब्धता पूर्वाग्रह'मा पनि पर्छन्, जसले गर्दा भर्खरै सम्पन्न भएको सैन्य अप्रेसनका आधारमा आगामी अप्रेसनको रूपरेखा बनाइन सक्छ। अहंकार/विनम्रता सूचकांक जति उच्च हुन्छ, त्यति नै विपक्षीको रणनीतिको अनुमान गर्ने सम्भावना कम हुन्छ, अर्थात् युद्धको अवस्थामा तेहरानले कसरी सोच्छ ?

भियतनाममा असफल

भियतनाम युद्धअघि अमेरिकी युद्ध योजनाकारले आफूहरूको भौतिक श्रेष्ठताले हनोईका कम्युनिस्टलाई आत्मसमर्पण गर्न बाध्य पार्ने विश्वास गरेका थिए। तर, त्यसो भएन। अमेरिकी सैन्य श्रेष्ठताले भियतनामीलाई पराजित गर्न सकेन भने राजनीतिक नियन्त्रण त परको कुरा भयो। सन् १९६८ मा भएको टेट सैन्य अभियानमा उत्तर भियतनामी र भियतनामका सेनाले दक्षिण भियतनामभर समन्वित आक्रमण सुरु गर्दा युद्ध लगभग जित्ने अवस्थामा पुगेको अमेरिकी विश्वास चकनाचुर भयो। उसो त त्यस अभियानलाई अमेरिकी र दक्षिण भियतनामी सेनाले अन्ततः विफल पार्न सके। तर, आमभियतनामी नागरिक भने यो आक्रमणमा उत्तरका कम्युनिस्टले गरेको आक्रमणको विशालता देखेर आश्चर्यमा परे। भियतनाममा अमेरिकी हार एउटै युद्धमा भएको थिएन, बरु कैयौं रणनीतिक र राजनीतिक उल्झनबाट भएको थियो। अत्यधिक सैन्य श्रेष्ठताका बाबजुद, वासिङटन एकातर्फ स्थिर, वैध दक्षिण भियतनामी सरकार निर्माण गर्न असफल भयो। उता उसले प्रतिद्वन्द्वी उत्तर भियतनामी सेनाको धैर्य र लचिलोपनलाई पहिचान गर्न असमर्थ भयो। अन्ततः बढ्दो हताहत र यता देशमा ठुलो विरोध प्रदर्शनबिच अमेरिकी सेना पछि हटे। सन् १९७५ मा उत्तर भियतनामी सेनालाई साइगनको नियन्त्रण सुम्पियो। अमेरिकी विश्लेषकले युद्धबारे आफ्नो विपक्षीको दृष्टिकोण चिन्न नसक्दा यो अवस्था आएको थियो।

अनावश्यक लम्बिएको अफगान युद्ध

सन् १९७९ मा अफगानिस्तानमा सोभियत संघ र सन् २००१ पछि फेरि संयुक्त राज्य अमेरिकाले दुई फरक युद्ध गरे। तर, यी दुवै बाह्य शक्तिको एउटै घातक धारणा थियो- अति खण्डित समाजमा सहजै बाह्य सैन्य शक्तिले द्रुत रूपमा राजनीतिक व्यवस्था लागू गर्न सक्छ। दुवै अवस्थामा, ती ठुला शक्तिले आफ्नो विशाल क्षमतालेस्थानीय जटिलतालाई जित्नेछ भन्ने ठानेका थिए। दुवै अवस्थामा, युद्ध छिटो विकराल बन्यो र युद्ध उनीहरूको रणनीतिले धान्न सक्नेभन्दा धेरै लामो समयसम्म लम्बियो।

रुस, युक्रेन र हर्मुजको जलमार्ग

खासमा धेरै पुरानो नभए पनि भर्खरैको युक्रेन युद्धले वासिङटनलाई सतर्क गर्नुपर्ने थियो। युक्रेनले प्रदर्शन गऱ्यो कि भौतिक रूपमा कमजोर शक्तिले पनि युद्धभूमिमा नयाँ शैली अवलम्बन गरेर बलियो आक्रमणकारीलाई ठुलो मूल्य चुकाउने अवस्था निम्त्याउन सक्छ। युक्रेनले सस्तो ड्रोन, विकेन्द्रीकृत अनुकूलन, एआईको प्रयोग र असमान युद्ध रणनीतिको सफल प्रयोग गऱ्यो। खास अमेरिकाले चार वर्षदेखि यो युद्धमा नजर राखेको थियो, किनकि ऊ आफैं युक्रेनलाई क्षमता बढाउन संलग्न पनि रहेको थियो। तर, युक्रेनमाथि नजर अमेरिकाको मात्र थिएन, यसलाई इरानले पनि हेरिरहेको थियो। जसबाट पाठ सिकेर नै उसले हर्मुजको नाकाबन्दी गरेजस्तो देखिन्छ।

इरानलाई विश्वको सबैभन्दा महत्त्वपूर्ण ऊर्जा चेकपोइन्ट हर्मुज बन्द गर्न नौसेनाको आवश्यकता थिएन। यसलाई मात्र ड्रोन भए पुग्ने थियो। युक्रेनले युद्धमा प्रयोग गरिरहेजस्तै सस्तो। युक्रेनमा त्यो खेल जित्न सघाउने वासिङटनले स्पष्ट रूपमा आफैंलाई चाहिँ कहिल्यै यो स्पष्ट प्रश्न सोधेनछ, खासमा यो कुरा ठम्याउन नसक्नु रणनीतिक कल्पनाको असफलता हो।

इरानलाई परम्परागत रूपमा अमेरिकालाई पराजित गर्न आवश्यक छैन। यसले त महँगी बढाउने गरी समुद्री चेकपोइन्टको फाइदा उठाउने र त्यसपछि अमेरिकाका सहयोगी देशसँग तथा देशकै राजनीतिक विरोधबिचमा दरार ल्याउने अवस्था पर्खिने रणनीति अपनाएको छ। यसो भए अमेरिकाले कुनै नक्कली विजय घोषणा गरेर वास्तविकतामा भने युद्धबाट फिर्ता गर्न बाध्य पार्न सक्छ। उल्लेखनीय रूपमा, इरानले टर्की, भारतीय र साउदी जहाजका लागि छनोट रूपमा जलमार्ग खुला राखेको छ। यो युद्धमा तटस्थ रहेका देशलाई पुरस्कृत गर्ने र अमेरिकी सहयोगीलाई दण्डित गर्ने रणनीति हो, जसले अन्ततः अमेरिकी गठबन्धनमा झन् बढी फाटो ल्याउँछ।

- द कन्भर्सेसनबाट

इतिहासमा आज

मार्च ३०



सन् १९८१ : अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनमाथि गोली प्रहार। उनीमाथि वासिङटन डिसीको एक होटेलबाहिर एक बन्दुकधारीले गोली चलाएका थिए। आक्रमणकारी मानसिक रोगी रहेको खुलासा भएको थियो। आक्रमणकारीले चर्चित हुन गोली हानेको दाबी गरेको थिए। आक्रमणमा रेगन गम्भीर घाइते भएका थिए

- **सन् १८६५** : क्रिमियाको युद्ध अन्त्य गर्ने पेरिस सन्धिमा हस्ताक्षर। अटोमन साम्राज्य, फ्रान्स, बेलायत र सार्दिनियासमेतको गठबन्धन सेनासँगको यो युद्ध रुसले हारेको थियो।
- **सन् १८६७** : संयुक्त राज्य (अमेरिका)ले रुससँग अलास्का खरिद गऱ्यो। उत्तर अमेरिकाको उत्तर-पश्चिममा रहेको यो भूभागका लागि अमेरिकाले ७२ लाख डलर मात्रै तिरेको थियो।
- **सन् १९५९** : दलाई लामा तिब्बतबाट भागेर भारतमा शरण लिन पुगे। भारतले लामालाई राजनीतिक शरण दियो।
- **सन् १९७६** : इजरायलको विशाल भूमि अधिग्रहणविरुद्ध हजारौं प्यालेस्टिनीले विरोध प्रदर्शन गरे। जमिन दिवसको दिन वार्षिक रूपमा मनाइने उक्त कार्यक्रममा इजरायली प्रहरीले ६ प्रदर्शनकारीको हत्या गरेको थियो भने धेरैजना घाइते भएका थिए।

अल्पसंख्यक समुदायलक्षित टिप्पणी गर्ने पूर्वमन्त्री दोषी ठहर

हेलसेन्की / फिनल्यान्डको सर्वोच्च अदालतले पूर्वगृहमन्त्री तथा सांसद पैवी रासनेनलाई घृणायुक्त भाषणका लागि दोषी ठहर गरेको छ। अल्पसंख्यक एलजिबिटिक्यु समुदायका व्यक्तिमाथि गरेको टिप्पणीलाई लिएर अदालतले पूर्वमन्त्री रासनेनलाई जरिवानासमेत गरेको छ। क्रिस्चियन डेमोक्र्याटकी सदस्य रासनेनले २००४ मा एउटा पर्चा लेखेकी थिइन् जसमा उनले समलिंगी सम्बन्धले 'मानवताको क्रिस्चियन विचारलाई चुनौती दिन्छ,' भनेकी थिइन्। २० पृष्ठभन्दा बढीको पाठमा रासनेनले समलिंगी आकर्षणलाई 'मनोसेक्सुअल विकास विकार' र 'असामान्यता' भनेकी थिइन्। उनले भनिन्, 'यदि समलैंगिकता विकासात्मक विकार हो भने यसको अभ्यासलाई प्रोत्साहन गर्नुहुँदैन।'



रासनेनलाई २०१९ को ट्विट्का लागि पनि आरोप लगाइएको थियो जहाँ उनले फिनिस लुथरन चर्चलाई त्यस वर्षको 'प्राइड' उत्सव (समलिंगीको परेड) साझेदारी गरेकोमा आलोचना गरेकी थिइन्। संस्थालाई 'लज्जा र पापलाई गौरवको विषय बनाएको' उनले आरोप लगाएकी थिइन्। तर, सर्वोच्च अदालतले उक्त आरोप खारेज गरेको थियो। यो मुद्दाले संयुक्त राज्य अमेरिकाका अति-रूढीवादी इसाई समूहसहित अन्तर्राष्ट्रिय ध्यान खिचेको छ र रासनेनले फेब्रुअरीमा कांग्रेससमक्ष मुद्दाको बारेमा बयान दिएकी थिइन्। रासनेनले भनिन् कि अदालतको फैसला उनका लागि 'झट्का'को रूपमा आएको छ। 'म पहिले नै युरोपेली मानव अधिकार अदालतमा अपिल गर्नेबारे गम्भीर विचार गरिरहेको छु', उनले पत्रकार सम्मेलनमा भनिन्। मेडिकल डाक्टरको रूपमा तालिम लिएकी रासनेनले २०११ देखि २०१५ सम्म फिनल्यान्डको गृहमन्त्री र २००४ देखि २०१५ सम्म आफ्नो पार्टीको नेताको रूपमा काम गरिन्। पछिल्लो समयमा फिनल्यान्डमा अल्पसंख्यक समुदायविरुद्ध अपमानजनक अभिव्यक्ति बढेका छन्।

विश्वका ८३ प्रतिशत तालमा अक्सिजनको स्तर घट्दो

न्युयोर्क / जलवायु परिवर्तन र बढ्दो गर्मीका कारण विश्वका तालमा अक्सिजनको स्तर घटेको छ। एक नयाँ अध्ययनले सो जानकारी दिएको हो। अनुसन्धानकर्ताले विगत दुई दशकमा विश्वभरका १५ हजारभन्दा बढी तालमा अक्सिजनको मात्रा घट्दो प्रवृत्ति फेला पारेका हुन्। अध्ययनले विश्वका ८३ प्रतिशत तालको सतहको पानीमा अक्सिजनको मात्रा घट्दै गएको जनाइएको छ। साथै, समुद्र र नदी दुवैको तुलनामा तालमा अक्सिजन घट्ने औसत दर बढी रहेको देखाइएको छ। लेखकहरूले यी निष्कर्षले ताजा पानीको इकोसिस्टममा जलवायु परिवर्तनको गहिरो प्रभावलाई रेखांकित गर्ने बताएका छन्।

अनुसन्धानकर्ता झाङ युनलिनले भने, 'अक्सिजनको कमीले प्रजातिहरू लोप हुनुका साथै जलीय जीवहरूको मृत्यु र व्यावसायिक माछा मार्ने उद्योगमा ह्रास आउन सक्छ।' अध्ययन साइन्स एड्भान्सेज जर्नलमा प्रकाशित छ।

विद्यालयनजिकै सुर्तीजन्य पदार्थको बिक्रीले विद्यार्थीमा पार्छ यस्तो प्रभाव

बंगलादेशको राष्ट्रिय हृदय रोग प्रतिष्ठानका अनुसार सुर्तीजन्य पदार्थका कारण प्रत्येक वर्ष कम्तीमा एक लाख ६१ हजार मानिसको मृत्यु हुन्छ



साना बालबालिकालाई लक्षित गरेर भविष्यमा धूम्रपान गर्नेलाई आकर्षित गर्नु विश्वव्यापी रूपमा सुर्ती उत्पादकहरूको लामो समयदेखिको रणनीति हो। यसो गर्ने सबैभन्दा प्रभावकारी तरिका भनेको गैरकानुनी रूपमा विद्यालयनजिकै चुरोट र अन्य सुर्तीजन्य उत्पादनको बिक्री सुनिश्चित गर्नु हो, जसले गर्दा बालबालिकाहरू बारम्बार सुर्तीजन्य ब्रान्डिङ र चित्रको सम्पर्कमा आऊन्। विद्यालयनजिक हुने यस्ता गतिविधिले धूम्रपान परिचित, सामान्य र पहुँचयोग्य देखिन्छ।


बंगलादेशले सुर्तीजन्य पदार्थका कारण ठुलो मूल्य चुकाइरहेको छ। देशको राष्ट्रिय हृदय रोग प्रतिष्ठानका अनुसार प्रत्येक वर्ष कम्तीमा एक लाख ६१ हजार मानिसको मृत्यु सुर्तीजन्य पदार्थका कारण हुने गर्दछ। ढाका विश्वविद्यालयको इकोनोमिक्स फर हेल्थ र इन्स्टिच्युट अफ हेल्थ इकोनोमिक्सले गरेको एक अध्ययनले सुर्तीजन्य पदार्थको प्रयोगको कुल आर्थिक लागत ८७,५४४ करोड टाका रहेको पत्ता लगाएको छ, जुन सरकारले सुर्तीजन्य कर राजस्वबाट कमाउने रकमको झन्डै दोब्बर हो।

यद्यपि, यो बोझ मृत्यु र आर्थिक क्षतिमा मात्र प्रतिबिम्बित हुँदैन, यो नयाँ पुस्तालाई सुर्तीजन्य उत्पादनमा निरन्तर एक्सपोजरसँग पनि सम्बन्धित छ। विशेषगरी किशोर-किशोरीमा धूम्रपान प्रायः विद्रोह, वयस्कता र स्मार्ट देखिने कुरासँग सम्बन्धित छ। बालबालिका र किशोर-किशोरीहरू दृश्य संकेत, ब्रान्डिङ, र उत्पादन प्लेसमेन्टका लागि बढी संवेदनशील हुन्छन्। यही कारणले विद्यालयवरपर बिक्री हुने क्षेत्रको वातावरण यति महत्त्वपूर्ण हुन्छ।

ऐतिहासिक रूपमा बंगलादेशी विद्यालयको वास्तविक अवस्थाका बारेमा धेरै सीमित सार्वजनिक तथ्यांक छ। विद्यमान प्रमाणले लामो समयदेखि गम्भीर समस्यालाई औंल्याएका छन्। जोन्स हप्किन्सको ब्लुम्बर्ग स्कुल अफ पब्लिक हेल्थले २०१६ मा गरेको एक अध्ययनले ढाकाका ११० विद्यालयहरूको १०० मिटरको दायराभित्रका लगभग ९० प्रतिशत बिक्री क्षेत्रले सुर्तीजन्य पदार्थ बेचेको पत्ता लगाएको थियो। सन् २०१८ मा ढाका अहसानिया मिसनले देशभरका १५७ विद्यालय र २३ खेल मैदानमा एक अध्ययन गरेको थियो। अध्ययनका क्रममा लगभग ९०.५ प्रतिशतनजिकैका विक्रेताहरूले कुनै न कुनै प्रकारको सुर्तीजन्य पदार्थ बेचिरहेका थिए। यीमध्ये धेरैजसो विक्रेताले सुर्तीजन्य पदार्थको विज्ञापन गर्नुका साथै र खुद्रा चुरोट पनि बेचिरहेका थिए, जसले गर्दा सुर्तीजन्य पदार्थहरू अझ बढी पहुँचयोग्य बनेका थिए।

हालै नोभेम्बर २०२५ मा चार डिभिजनका १२१ विद्यालय र त्यस वरपरको क्षेत्रमा गरिएको पावर एन्ड पार्टिसिपेसन रिसर्च सेन्टरको अध्ययनले ६६६ सुर्तीजन्य पदार्थ बिक्री स्थल फेला पारेको थियो। जसअनुसार प्रत्येक विद्यालयको १०० मिटरभित्र औसत ५.५ पसल थिए। ग्रामीण क्षेत्रहरूको तुलनामा सहरी क्षेत्रमा घनत्व अलि बढी थियो। चुरोट लगभग चौतर्फी रूपमा उपलब्ध भएको पाइयो। सर्वेक्षण गरिएका सबै आउटलेटहरूको ९९.१ प्रतिशतमा चुरोट बेचिन्थ्यो। विद्यालय वरपरका ८४.४ प्रतिशत बिक्री स्थलमा 'स्वादयुक्त चुरोट' उपलब्ध थिए, सहरी क्षेत्रहरूमा अलि बढी उपलब्धता थियो।

समस्या सुर्तीजन्य पदार्थ बिक्री भइरहेको मात्र होइन, बरु यसलाई कसरी बालबालिकाले देखिने गरी र आकर्षक बनाइँदै छ भन्ने पनि हो। समग्रमा ७१ प्रतिशत पसलले खुला रूपमा सुर्तीजन्य पदार्थहरू प्रदर्शन गर्छन्, जसलाई बालबालिकाले सहजै देख्छन्। क्यान्डी, मिठाई, वा खेलौनानजिकै समेत चुरोट व्यापक रूपमा भेटिन्छ।



● मोहम्मद इहतेसाम हसन

हसन पावर एन्ड पार्टिसिपेसन रिसर्च सेन्टर (पिपिआरसी)का वरिष्ठ अनुसन्धान सहयोगी हुन्।

अनुसन्धानका क्रममा केही आउटलेटले ग्राहकलाई चुरोट प्याकहरू आफैं लिन अनुमति दिएको पाइयो। डमी वा खाली चुरोट प्याकहरू सबैभन्दा सामान्य विज्ञापन सामग्री थिए, त्यसपछि स्टिकर, पोस्टर र ब्रान्डेड मूल्य सूचीहरू थिए।

बंगलादेश विश्व स्वास्थ्य संगठनको सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी फ्रेमवर्क कन्भेन्सन (महासन्धि)को पक्षधर हो र सुर्तीजन्य पदार्थको प्रयोग, बजारीकरण र उपभोगलाई नियमन गर्न धेरै कानुनी कदम चालेको छ। देशले धूम्रपान र सुर्तीजन्य पदार्थको प्रयोगमा नियन्त्रणसम्बन्धी ऐन, २००५ लागू गऱ्यो र पछि २०१३ मा यसलाई संशोधन गऱ्यो ताकि सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजनमा प्रतिबन्धहरू सुदृढ गर्न सकियोस्, धूम्रपानमुक्त सार्वजनिक स्थलहरू विस्तार गर्न सकियोस् र ठुला चित्रमय स्वास्थ्य चेतावनी लागू गर्न सकियोस्। डिसेम्बर ३० मा अन्तरिम सरकारले जारी गरेको नयाँ संशोधन लागू भयो। संशोधित अध्यादेशले कुनै पनि व्यक्तिलाई विद्यालय र कलेजजस्ता शैक्षिक संस्थाहरूको १०० मिटरको दायराभित्र सुर्तीजन्य पदार्थ बेच्न वा बिक्री गर्नबाट स्पष्ट रूपमा निषेध गर्दछ। यसले सबै सार्वजनिक स्थान यातायातमा धूम्रपान र ई-चुरोटमा प्रतिबन्धसहित व्यापक धूम्रपानमुक्त प्रावधान प्रस्तुत गर्दै सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजनमा सशक्त प्रतिबन्ध लगाएको छ।

मार्च १२ मा, अध्यादेश संसद्मा पेस गरियो। अब यसलाई कानुनमा पारित गर्ने र त्यसपछि यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने जिम्मेवारी नयाँ सरकारको हो। यदि हामी हाम्रा बालबालिकाको सुरक्षाको बारेमा गम्भीर छौं भने, हामी विद्यालयहरूलाई सुर्तीजन्य पदार्थको ब्रान्डिङले घेरिएको अवस्थामा रहन दिन सक्दैनौं।

- बंगलादेशको द डेली स्टारबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १६ चैत ०८२

■ हिल्टनको पुनर्बिमा अनियमितता छानबिन प्रतिवेदन अख्तियारमा

निलम्बनको सिफारिस भएका नेपाल रिका सिइओ थापालाई लिखित कारबाही गरेर दिइयो उन्मुक्ति

मिलन विश्वकर्मा/नयाँ पत्रिका


सुरेन्द्र थापा

हिल्टन होटेलको पुनर्बिमा अनियमितताका विषयमा नेपाल बिमा प्राधिकरणले गरेको छानबिन प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पुगेको छ। हिल्टनको पुनर्बिमा दाबीमा अनियमिता देखिएपछि अख्तियारले नै अर्थ मन्त्रालयमार्फत प्राधिकरणलाई छानबिन गर्न भनेको थियो। छानबिन समितिले नेपाल रिका सिइओ सुरेन्द्र थापालाई निलम्बन गर्न सिफारिस गरे पनि बिमा प्राधिकरणले लिखित कारबाही मात्रै गरेर उन्मुक्ति दिएको छ। ३ चैतको प्राधिकरण सञ्चालक समितिले सिइओ थापालाई लिखित कारबाही गर्दै हिमालयन रि र दी ओरियन्टल इन्स्योरेन्सलाई २-२ लाख जरिवाना कारबाही गरेको थियो। त्यस्तै, एलियन्ट पुनर्बिमा ब्रोकरको लाइसेन्स तीन महिना निलम्बन गरेको छ। तर, विनाकारण अर्बौं दायित्व सरकारी कम्पनीमा ल्याउन खोज्ने सिइओ थापालाई भने संस्थागत सुधारको प्रतिबद्धता तथा कबुलियत गराएर छोडिएको छ।

'छानबिन समितिले नेपाल रिका सिइओलाई निलम्बन गर्न सिफारिस गरेको थियो। तर, बिमा ऐनका आधारमा निलम्बन नगरेर संस्थागत सुधारको प्रतिबद्धता मागेर लिखित रूपमा सचेत गराइएको हो,' स्रोतले भन्यो, 'सायद, निलम्बनको पाटोमा अख्तियारले केही निर्णय गर्ला।'

प्राधिकरणले निर्देशक ध्रुव तिमिल्सिनाको संयोजकत्वमा छानबिन समिति बनाएको थियो। छानबिनमा हिल्टनको पुनर्बिमा गर्दा दी ओरियन्टल इन्स्योरेन्स, हिमालयन रि, एलियन्ट पुनर्बिमा ब्रोकर र नेपाल रिका सिइओले निर्देशन उल्लंघन गरेको देखिएको थियो। छानबिन समितिले उनीहरूलाई कारबाही गर्नुपर्ने सिफारिससहितको प्रतिवेदन बोर्डमा बुझाएको थियो। सोही छानबिन प्रतिवेदन अर्थ मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस भएको स्रोतको दाबी छ। प्राप्त प्रतिवेदनका आधारमा अख्तियारले थप अनुसन्धान गर्न प्राधिकरणलाई अर्को पत्रसमेत पठाइसकेको छ। 'प्राधिकरणले छानबिनको प्रतिवेदन अर्थ मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरेको थियो। त्यसमा आयोगले विभिन्न विषयमा थप अनुसन्धान गर्नु भनेर पत्र पठाएको छ,' प्राधिकरणका एक अधिकारीले भने, 'थप अनुसन्धानको विषयमा तयारी हुँदै छ।'

प्राधिकरणकी सहायक प्रवक्ता पुनम ज्ञवाली श्रेष्ठले यससम्बन्धी अध्ययनको प्रतिवेदन विभिन्न सरोकारवाला निकायमा पेस गरिए पनि अख्तियारको विषयमा जानकारी नभएको बताइन्। अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले यस विषयमा बुझेर जानकारी दिने बताए। आयोगका प्रवक्ता सुरेश न्यौपानेले भने यो विषयमा आफूलाई जानकारी नभएको बताए।

नेपालका बिमा कम्पनीले हुलदंगा तथा आतंकवादजन्य जोखिमको पुनर्बिमा 'नेपाल रि'मा मात्रै गर्ने नीति छ। नेपालसहित विश्वका अधिकांश देश युद्धका वेलामा विदेशी पुनर्बिमा कम्पनीले नेपालका हुलदंगाको जोखिमको पुनर्बिमा लिन छोडेका थिए। त्यसपछि नेपालमै ०६०/६१ मा स्थापना गरिएको आकस्मिक बिमा कोषलाई नै कात्तिक ०७१ मा पुनर्बिमा कम्पनीका रूपमा स्थापना गरिएको हो।

त्यसपछि सरकारकै निर्णयअनुसार प्राधिकरणले ०८० असार २९ गते हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा नेपाल रिमा गर्न निर्देशन दिएको थियो। तर, हिल्टनको बिमा गरेको दी ओरियन्टल इन्स्योरेन्सले त्यसको हुलदंगा तथा आतंकवाद जोखिमको पुनर्बिमा भने एलियन्ट पुनर्बिमा ब्रोकरमार्फत हिमालयन रिमा गरेको थियो। हिल्टन होटेल र हिमालयन रिका अधिकांश लगानीकर्ता साझा छन्। त्यसमा नेपाल रिका सिइओ थापाले पहिला पुनर्बिमा प्रस्ताव अस्वीकार गरेर हिमालयन रिमा पुनर्बिमा गर्न मार्गप्रशस्त गरेका थिए।

विगतमा नेपालमा आन्दोलनबाट हुने जोखिम न्यून थिए। त्यसले गर्दा यसबाट बिमा कम्पनी र पुनर्बिमा कम्पनीलाई निरन्तर नाफा भएको थियो। सोही नाफा कमाउने लोभमा नियोजित रूपमा हिल्टनको हुलदंगा तथा आतंकवादसमेतको पुनर्बिमा हिमालयन रिमा गरिएको थियो।

गत भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलनमा हिल्टन होटेल ध्वस्त भयो। त्यसपछि होटेलले दी ओरियन्टल इस्योरेन्समा बिमा दाबी गर्‍यो। तर, हिमालयन रिलाई पुनर्बिमा शुल्क तिर्दै आएको दी ओरियन्टलले जेन-जी आन्दोलनको क्षतिपछि पुनर्बिमा दाबी भने नेपाल रिमा गर्‍यो। त्यसको प्रक्रिया सिइओ थापाले अघि बढाएको देखिएको छ। हिल्टनले करिब ६ अर्बबराबरको दाबी पेस गरेको छ। त्यसको दायित्व सबै सरकारी स्वामित्वको नेपाल रिमा पार्न खोजिएको थियो, जुन योजना असफल भएको छ।

कारबाहीलगत्तै हिमालयन रिका अध्यक्ष गोल्छाको राजीनामा

प्राधिकरणको कारबाहीपछि हिमालयन रि इन्स्योरेन्सका अध्यक्ष शेखर गोल्छाले राजीनामा दिएका छन्। उनले व्यक्तिगत कारण देखाउँदै ८ चैतमा पदबाट राजीनामा दिएका हुन्। गोल्छा ०७८ मंसिरमा हिमालयन रिको अध्यक्ष बनेका थिए। अख्तियारको अनुसन्धानमा पर्ने डरपछि उनले राजीनामा दिएको स्रोतको भनाइ छ।

अर्थमन्त्री वाग्लेसमक्ष कर्मचारीको ब्रिफिङ

खर्च-आम्दानी असन्तुलनले सरकारी वित्त सवा खर्ब घाटामा

आगामी आर्थिक वर्षमा पुँजीगत खर्च ४.६४ प्रतिशतले घट्ने र चालू खर्च २.९४ प्रतिशतले बढ्ने अनुमान

पवन तिमिल्सिना/नयाँ पत्रिका

संघीय सरकारको खर्च र आम्दानीको सन्तुलन बिग्रिएकाले सार्वजनिक वित्त (सञ्चित कोष) एक खर्ब २७ अर्ब रुपैयाँले घाटामा छ। अर्थ मन्त्रालयका कर्मचारीले नवनियुक्त अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष हालसम्मको आर्थिक अवस्थाबारे ब्रिफिङ गर्दै सरकारको खर्च र दायित्व बढ्ने, तर आम्दानी खुम्चिँदै जाँदा यस्तो घाटा उच्च देखिएको तथ्यांक प्रस्तुत गरेका हुन्। यो कुल सञ्चित कोषको ३० फागुनसम्मको अवस्था हो। यद्यपि, चालू आर्थिक वर्षको आठ महिनाको तथ्यांकमा भने सञ्चित कोष ७३ अर्ब रुपैयाँले धनात्मक देखिन्छ। चालू आवको आठ महिनामा कुल प्राप्ति १० खर्ब भएकोमा खर्च नौ खर्ब २७ अर्ब कायम रहेकाले सञ्चित कोष धनात्मक देखिएको हो। तर, आव ०८१/८२ सम्मको घाटा दुई खर्ब कायम रहेकाले त्यसको दबाब अझै रहेको छ।

आर्थिक क्रियाकलापमा शिथिलता आएकाले राजस्व संकलनमा सुधार आउन नसकेको र चालू खर्च नियन्त्रण हुन नसकेकाले सरकारी कोष घाटामा गएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए। 'गत आर्थिक वर्षसम्मको घाटालाई सारेर ल्याउँदा सञ्चित कोष घाटा उच्च देखिएको हो। चालू आवमा यो धनात्मक नै छ,' उनले भने, 'राजस्व संकलन वृद्धिका लागि निजी क्षेत्रको मनोबल बढाउने र आर्थिक गतिविधि चलायमान बनाउन सक्ने योजनासहित अघि बढ्नेछौँ। त्यस्तै, चालू खर्च नियन्त्रणका लागि ठोस कदम चालेर मितव्ययिता अपनाउनेछौँ। यसले सञ्चित कोषलाई सन्तुलनमा ल्याउन मद्दत पुग्ने हाम्रो विश्वास छ।'

३० फागुनसम्म सञ्चित कोषको विवरण

विवरण	रकम
आव ०८२/८३ को ३० फागुनसम्मको राजस्व	६ खर्ब ५८ अर्ब
शोधभर्ना, बजेट सहायता, आन्तरिक ऋण र अन्य प्राप्ति	३ खर्ब ४३ अर्ब
सरकारको कुल प्राप्ति	१० खर्ब
कुल खर्च	९ खर्ब २७ अर्ब
आव ०८१/८२ सम्मको सञ्चित कोष	–२ खर्ब
आव ०८२/८३ को ३० फागुनसम्मको सञ्चित कोष	–१ खर्ब २७ अर्ब

मन्त्रालयमा कर्मचारीहरूले पुँजीगत खर्च वृद्धि हुन नसक्नु, सार्वजनिक लगानी व्यवस्थापन नहुनु र चालू खर्च नियन्त्रण गर्न नसक्नुलाई विद्यमान चुनौतीका



रूपमा पेस गरेका थिए। राजस्व संकलनमा दिगोपन कायम राख्न नसकिएको, निजी क्षेत्रको मनोबल र लगानीको वातावरण चुनौतीपूर्ण देखिएको उनीहरूले बताएका छन्। साथै, सुस्त आर्थिक वृद्धिदरलाई पनि अर्थ मन्त्रालयका अधिकारीहरूले प्रमुख चुनौतीका रूपमा अर्थ्याएका छन्। राजस्व प्रशासनलाई सदाचारयुक्त, व्यावसायिक र प्रविधिमैत्री बनाउनु आवश्यकता रहेको उनीहरूले प्रस्तुतीकरणमा औँल्याएका थिए।

आगामी वर्ष पुँजीगत खर्च घट्ने अनुमान

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष अर्थ मन्त्रालयका अधिकारीहरूले आगामी आर्थिक वर्ष ०८३/८४ मा चालू आर्थिक वर्षको भन्दा ४.६४ प्रतिशत कम पुँजीगत खर्च हुने अनुमान पेस गरेका छन्। राष्ट्रिय स्रोत अनुमान समितिबाट प्राप्त बजेटको सीमा उल्लेख गर्दै आगामी आवको पुँजीगत खर्च घट्ने अनुमान प्रस्तुत गरेका हुन्।

चालू आव ०८२/८३ को पुँजीगत बजेट तीन खर्ब ८४ अर्ब ९७ करोड रुपैयाँ छ। आगामी आर्थिक वर्षका लागि भने तीन खर्ब ६७ अर्ब १० करोड मात्रै पुँजीगत बजेट खर्च हुने अनुमान समितिले गरेको छ। अर्थात् चालू आवको विनियोजनको तुलनामा १७ अर्ब ८७ करोड कमको सीमा समितिले अर्थ मन्त्रालयलाई दिएको हो। त्यसो त मध्यावधि समीक्षामार्फत अर्थ मन्त्रालयले यो वर्ष दुई खर्ब ४३ करोड ३० लाख मात्रै पुँजीगत खर्च गर्ने संशोधित अनुमान सार्वजनिक गरिसकेको छ।

चालू खर्चको सीमा भने चालू आवको विनियोजनभन्दा २.९४ प्रतिशतले बढाएको छ। चालू आवमा सात खर्ब ३३ अर्ब ६९ करोडको चालू बजेट रहेकोमा आगामी आवमा सात खर्ब ५५ अर्ब २४ करोडसम्मको सीमा दिइएको छ। ऋणको साँवा-ब्याज भुक्तानी (वित्तीय व्यवस्था)तर्फ तीन खर्ब ४८ अर्ब मात्रै सीमा कायम छ। यो चालू आवको तीन खर्ब ६८ अर्बभन्दा ५.३३ प्रतिशतले कम हो। प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने बजेटको सीमा भने चालू आवको तुलनामा १.३९ प्रतिशतले बढाइएको छ। चार खर्ब १३ अर्ब ३९ करोड वित्तीय हस्तान्तरण हुने चालू आवको अनुमान छ। आगामी आवमा यो चार खर्ब १९ अर्ब १५ करोडसम्म पुर्‍याउन सकिने समितिले उपलब्ध गराएको सीमामा उल्लेख छ।

समग्रमा अर्थमन्त्री वाग्लेलाई स्रोत समितिले १८ खर्ब ९० अर्ब ४४ करोडबराबरको बजेटको सीमा निर्धारण गरिदिएको छ। यो चालू आवको विनियोजनभन्दा ०.५४ प्रतिशत कम हो। १५ फागुनमा अर्थ मन्त्रालयले प्राप्त बजेट सीमालाई मन्त्रालय तथा निकायगत विभाजन गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरिसकेको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

यस बैंकको दमक शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८२/१२/१६

यस विकास बैंकको दमक शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीले बिभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	धितो/धनजमानीकर्ता तथा धितोमा रहेको सम्पत्तिको विवरण	
१. माता पाथिभरा सप्लायर्स एण्ड ट्रेडर्स **सा.फ.र.नं.**: ११/९२०३/२०७३/७/८ ठेगाना : दमक न.पा वडा नं.०५, झापा जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, झापा स्थायी लेखा नं.: ६०५२५६५७८ **साझेदार/धनजमानीकर्ता : खेम राज आचार्य** **ना.प्र.नं.**: ७९७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन शाखा, दमक बाबु : वद्री प्रसाद आचार्य बाजे : पशुपती आचार्य ठेगाना : झापा जिल्ला, दमक-०१, हाल दमक न.पा वडा नं ०१	**साझेदार/धनजमानीकर्ता** **गोमा कुमारी दाहाल** **ना.प्र.नं.**: १४१०४५/८८१३२ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, उदयपुर पति : खेम राज आचार्य ससुरा : वद्री प्रसाद आचार्य ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा वडा नं ०८, झापा जिल्ला, दमक न.पा वडा नं ०१ **कर्जा शीर्षक : मध्यम व्यापार (आवधिक तथा अधिविकर्ष) कर्जा फर्मको नाममा साथै साझेदार खेमराज आचार्यको नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत**	१.खेम राज आचार्यको नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसार को सम्पत्ति (घर/जग्गा): (तलको तालिका) साथै, सम्पूर्ण लिगलगापात समेत।

ठेगाना	नक्सा सिट	कित्ता नं.	क्षेत्रफल (बि/रो/व.मि.)
दमक न.पा-०१, झापा	१ख	२८१७७	०-१-०-० (३३८.६४)
दमक न.पा-०५, झापा	५	४९७७	०-१-२-० (३७२.४४)

धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :

१ बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ। बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ।

४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम बिक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम बिक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।

८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ।

९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।

११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा तथा बैंकको पायक पर्ने शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पूनश्च : उल्लिखित ऋणी/व्यवसायी/करदाता/साझेदार/प्रोप्राइटर/अख्तियार प्राप्त व्यक्ति/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दे-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/१२/३० गते र बोलपत्र खोलिने मितिः २०८३/०१/०२ समयः दिनको : ४:३० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

६ सयभन्दा बढी बेटिङ एप बन्द

काठमाडौं/ २४ घण्टाभित्र नेपालमा बेटिङ एप बन्द गर्ने निर्णय सरकारी निर्णय कार्यान्वयनमा गएको छ। शनिबार सरकारले सार्वजनिक गरेको १०० दिनमा सम्पन्न गर्ने कार्ययोजनाअनुसार २४ घण्टाभित्र सट्टेबाजीसम्बन्धी बेटिङ एपहरू आइतबार धमाधम बन्द भएका छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने कार्ययोजनामा उल्लेख छ।

एकै दिनमा करिब ६ सयभन्दा बढी एपहरू बन्द गरिएको सरकारी अनुमान छ। आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्राचार गरेर सट्टेबाजीसम्बन्धी एप र वेबसाइट बन्द गर्न पत्राचार गरेको थियो। सोही आधार प्राधिकरणले अनुमतिप्राप्त मोबाइल तथा इन्टरनेट सेवाप्रदायकलाई त्यस्तै एप तथा वेबसाइटमाथि प्रतिबन्ध लगाउन निर्देशन दिएको मीनप्रसाद अर्यालले जानकारी दिए। उनले भने, 'हाम्रो अनुगमन महाशाखाले निरन्तर रूपमा त्यस्ता एप तथा वेबसाइटहरूको अनुगमन गरिरहनुभएको छ। कतिपय वेबसाइटका युआरएल र आइपी एड्रेस खोज्दै बन्द गर्नुपर्ने भएकाले क्रमशः बन्द हुँदै जानेछन्।'

आवेदन दिनासाथ श्रम स्वीकृति प्रदान गर्न सुरु

काठमाडौं/ आइतबारबाट आवेदन दिनासाथ वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति प्रदान गर्न थालिएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले टोकन प्रणाली हटाएर श्रमिकलाई तत्कालै श्रम स्वीकृति प्रदान गर्न आइतबार नै निर्देशन दिएका थिए। मन्त्री साहको नेतृत्वमा आइतबार दिउँसो शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीका विषयमा भएको छलफलमा उनले यस्तो निर्देशन दिएका हुन्। 'श्रम स्वीकृतिमा रहेको टोकन प्रणालीको अन्त्य गरी आवेदन दिएको दिनमै श्रम स्वीकृति प्रदान हुने व्यवस्था गर्न निर्देशन भएअनुसार आजै (आइतबार)देखि उल्लिखित कार्य प्रारम्भ गरिएको छ,' मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ। त्यस्तै, काम गर्ने मुलुक जानुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिन भैँसेपाटीस्थित तालिम केन्द्रमा पुग्नुपर्ने र त्यहाँ सैद्धान्तिक कुरा मात्रै पढाइने गरिएको छ। सैद्धान्तिक कक्षाका लागि अनलाइनमार्फत पठाउन पनि मन्त्री भण्डारीले निर्देशन दिएका छन्। 'पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आधारित बनाउने,' बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ, 'पाठ्यक्रममा आधारित श्रव्य-दृश्य सामग्री निर्माण गरी डिजिटल मध्यममा उपलब्ध हुने व्यवस्था गर्ने।'

दश वर्षदेखि बैंकमा रहेको निष्क्रिय खाताको रकम खिच्न ऐन संशोधन गर्नुपर्ने

नयाँ पत्रिका

सरकारले दश वर्ष वा सोभन्दा बढी समयदेखि बैंक तथा वित्तीय संस्थाको खातामा निष्क्रिय रहेको रकम राज्यकोषमा ल्याउन ऐन नै संशोधन गर्नुपर्ने देखिएको छ। बालेन शाहको नेतृत्वमा नवगठित सरकारले बैंक तथा वित्तीय संस्थामा १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका खाताको रकम ९० दिनभित्र राज्यकोषमा ल्याउने घोषणा गरेको छ। निष्क्रिय स्रोतको उपयोग तथा राजस्व सुधार गर्ने योजनाअन्तर्गत सरकारले यस्तो घोषणा गरेको जनाएको छ। तर, यसका लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ संशोधन गर्नुपर्ने देखिन्छ।

१३ चैतमा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरू स्वीकृत गरेको छ। उक्त सूचीको ७८ नम्बर बुँदामा 'राज्यका निष्क्रिय स्रोतहरूको प्रभावकारी उपयोग गर्न १० वर्ष वा सोभन्दा बढी समयदेखि निष्क्रिय रहेका बैंक तथा वित्तीय संस्थाका खाताहरूको विवरण संकलन गरी हकवालाले दाबी नगरेको रकम कानुनी प्रक्रिया पूरा गरी राज्यकोषमा ल्याउने तथा अन्य स्रोतहरूको पहिचान गरी व्यवस्थापन गर्ने कार्य ९० दिनभित्र सम्पन्न गर्ने' उल्लेख छ।

नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले अहिले तीन वर्ष चल्ती नभएको (जम्मा गर्ने वा झिक्ने) खातालाई निष्क्रिय (डोरम्याट) गर्ने गरेको छ। तर, खातावालाले चाहेका वेला उक्त खाता पुनः सक्रिय हुन्छ। तर, २० वर्षसम्म पनि खाता चल्ती नभई निष्क्रिय भएको र हकदाबीसमेत नपरेको खाताको रकम भने राष्ट्र बैंकको कोषमा जम्मा हुने कानुनी व्यवस्था रहेको छ। बैंक तथा वित्तीय संस्था ऐनमा भनिएको छ, 'प्रचलित कानुनबमोजिमको हकवालाको त्यस्तो निक्षेपउपर दाबी नरहेको अवस्थामा सो निक्षेप राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गरी बैंकिङ विकासमा प्रयोग गरिनेछ।'

यस्तो छ निष्क्रिय खाताको रकम खिच्ने व्यवस्था

बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिन पाइँदैन। यदि निक्षेपकर्ताको मृत्यु भएमा उसले इच्छाएको व्यक्तिको दाबी लाग्ने कानुनी व्यवस्था छ। यदि निक्षेपकर्ताले इच्छाएको व्यक्ति राखेको छैन भने वा इच्छाएको व्यक्तिको समेत मृत्यु भएमा सो रकममा सबैभन्दा पहिला सगोलको पति वा पत्नीको हक लाग्छ। त्यसपछि क्रमशः सगोलको छोरा वा छोरी, बुहारी वा धर्मपुत्री वा विधवा र सगोलको बाबुआमा, नाति वा नातिनीको हक लाग्ने व्यवस्था छ।

बैंक तथा वित्तीय संस्थाले दश वर्षदेखि चल्ती नभएको वा हक दाबी नपरेको निक्षेप खाताको विवरण प्रत्येक वर्षको पहिलो महिनाभित्र राष्ट्र बैंकमा पठाउनुपर्ने व्यवस्था रहेको छ। यस्तो रकम लिन आउनु भन्दै प्रत्येक पाँच वर्षमा एकपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने हुन्छ। र, यस्तो विवरण बैंक तथा वित्तीय संस्थाले आफ्नो वेबसाइटमा समेत राख्नुपर्ने हुन्छ। 'यस्तो रकम बीस वर्षसम्म लिन-बुझ्न नआएमा सो रकम राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गरी बैंकिङ विकासमा प्रयोग गरिनेछ,' ऐनमा उल्लेख छ।

विवरण एकीकृत गर्दै राष्ट्र बैंक

सरकारले दश वर्षसम्म निष्क्रिय रहेको र हक दाबी नपरेको रकम सरकारी कोषमा ल्याउने घोषणा गरेपछि नेपाल राष्ट्र बैंकले त्यस्तो विवरण अद्यावधिक तथा एकीकृत गर्न थालेको छ। सोमबारसम्म विवरण संकलन भइसक्ने राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले बताए। 'ऐनअनुसार हामीले २० वर्षसम्म निष्क्रिय रहेका खाताको विवरण राखेका छौँ, यो रकम निकै सानो हुन्छ,' उनले भने, 'हामीले सरकारले घोषणा गरेअनुसारको दश वर्षसम्मको निष्क्रिय खाता र त्यसको रकमको विवरण संकलन गरिरहेका छौँ।' विवरण संकलन गरे पनि उक्त रकम सरकारी कोषमा ल्याउन भने ऐन नै संशोधन गर्नुपर्ने उनले बताए।

नेपाल सेरामिकले आइपिओ ल्याउने, बिक्री प्रबन्धकमा माछापुच्छ्रे क्यापिटल

काठमाडौं/ माछापुच्छ्रे क्यापिटल लिमिटेड र नेपाल सेरामिक इन्डस्ट्री लिमिटेडबिच आइपिओ निष्कासनका लागि सम्झौता भएको छ। सम्झौतापत्रमा माछापुच्छ्रे क्यापिटलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) उपेन्द्र मालाकार र नेपाल सेरामिकका अध्यक्ष शम्भुनाथ झाले हस्ताक्षर गरेका हुन्।



सम्झौताअनुसार नेपाल सेरामिकले ३० लाख कित्ता प्राथमिक सार्वजनिक (आइपिओ) निष्कासन गर्नेछ। सो कम्पनीको आइपिओ निष्कासक तथा बिक्री प्रबन्धकमा माछापुच्छ्रे क्यापिटललाई नियुक्त गरिएको हो।

माछापुच्छ्रे क्यापिटल माछापुच्छ्रे बैंकको सहायक कम्पनी हो। यसले धितोपत्र प्रत्याभूति, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य, निष्कासन तथा बिक्री प्रबन्धक, सेयर रजिस्ट्रार तथा सामूहिक लगानी कोष सेवा प्रदान गर्दै आइरहेको छ।

दी निलयले आइपिओ ल्याउने

काठमाडौं/ दी निलय होटेल्स लिमिटेडको पहिलो वार्षिक साधारणसभाले साधारण सेयर (आइपिओ) निष्कासन गर्ने प्रस्ताव पारित गरेको छ। सभाले गत आवको सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान तथा नगद प्रवाह विवरण पनि पारित गरेको छ। यसैगरी, सोही सभाले चालू आवका लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारणसम्बन्धी प्रस्ताव पनि पारित गरेको छ। त्यसैगरी, पारित भएका अन्य प्रस्तावमा आवश्यक पुँजी संकलन, ऋण व्यवस्थापन तथा रणनीतिक साझेदारी रहेका छन्।

महालक्ष्मी विकासको डिजिटल क्यालेन्डर

काठमाडौं/ महालक्ष्मी विकास बैंकले नयाँ वर्ष ०८३ को डिजिटल संस्करण क्यालेन्डर सार्वजनिक गरेको छ। बैंकको केन्द्रीय कार्यालय, दरबारमार्गमा आयोजित एक कार्यक्रमबिच क्यालेन्डर सार्वजनिक गरिएको छ।



परम्परागत रूपमा प्रकाशन गरिने क्यालेन्डरलाई आधुनिक प्रविधिसँग समायोजन गर्दै जाने उद्देश्यअनुरूप डिजिटल संस्करण सार्वजनिक गरिएको बैंकले जनाएको छ। महत्त्वपूर्ण चाडपर्व, तिथि, बिदा, शुभसाइत तथा विक्रम संवत्, नेपाल संवत् तथा अंग्रेजी संवत्का मितिलगायतका विषयवस्तु डिजिटल क्यालेन्डरमा समावेश गरिएको छ।

डिजिटल संस्करण प्रयोगकर्ताका लागि अझ सहज र उपयोगी हुनुका साथै नेपालीहरूको संस्कृतिलाई संवर्द्धन तथा निरन्तरता प्रदान गर्न टेवा पुग्ने विश्वास बैंकले लिएको छ। बैंकले देशभरका एक सय तीन शाखा कार्यालयमार्फत बैंकिङ सेवा दिँदै आइरहेको छ।

यामाहाको प्रतिलिटर ७१.३३ किमि गुड्ने हाइब्रिड योजना



काठमाडौं/ यामाहा नेपालले प्रतिलिटरमा ७१.३३ किमि गुड्ने योजना 'नाउ आइएम ७१.३३ केएमपिएल' सार्वजनिक गरेको छ। विश्वभर इन्धको मूल्य उच्च विन्दुमा पुगिरहेको अवस्थालाई हेरी यो योजना ल्याएको कम्पनीले जनाएको छ। यो अभियान नेपालको बजारमा हाइब्रिड प्रविधिलाई सफल रूपमा अनपाइएको र स्थापित गरिएको खुसियालीमा ल्याइएको बताइएको छ। नेपालकै एक मात्र हाइब्रिड इन्जियुक्त स्कुटरका रूपमा यामामा रेजेडआर १२५-एफआई हाइब्रिड हजारौँ चालकका लागि भरपर्दो समाधान बन्ने कम्पनीले जनाएको छ।

विश्वव्यापी रूपमा इन्धनको लागत बढ्दै जाँदा, चालकले उटा स्कुटर मात्र नभई उनीहरूले आर्थिक सहजता पनि खोजिरहेको कम्पनीको बुझाइ छ। साधारण १२५ सिसीका स्कुटरले औसत ४०-४५ किमि/लिटर माइलेज दिँदा रेजेडआरले भने ७१.३३ बढी माइलेज प्रदान गर्ने कम्पनीको दाबी छ। सहरको नियमित यात्रामा यो कार्यक्षमताले चालकको पैसाका साथै तीन वर्षमा इन्धन बचतमार्फत मात्रै स्कुटरको लागतको एक लाख रुपैयाँभन्दा बढी बचत गरिदिने बताइएको छ।

नेप्से ७१ अंकले घट्यो

काठमाडौं/ धितोपत्रमापक नेप्से परिसूचक आइतबार ७१.०५ अंकले घटेर २८७९.११ विन्दुमा कायम भएको छ। नेप्से एकै दिनमा २.४० प्रतिशतले घटेको हो। 'क' वर्गका कम्पनीको कारोबारमापक सेन्सेटिभ इन्डेक्स पनि २.५७ प्रतिशतले ओरालो लागेको छ।

सो दिन नेप्सेका १३ वटै समूहका सूचकमा गिरावट भएको छ। सबैभन्दा धेरै घटेका वित्त र व्यापार समूहको गिरावट तीन प्रतिशतभन्दा बढी छ। उत्पादन तथा प्रशोधन र म्युचुल फन्ड क्रमशः १.०७ र ०.२८ प्रतिशतले घट्दा बाँकी समूह दुई प्रतिशतभन्दा धेरैले ओरालो लागे।

नेप्सेका अनुसार सो दिन दुई सय ५५ कम्पनीको सेयर मूल्य घट्दा १० कम्पनीको मात्रै मूल्य बढेको छ। जसमध्ये रिलायन्स स्पिनिङ मिल्स, सुपर खुदी र रिद्गे लाइन इनर्जीको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा सूर्यकुण्ड हाइड्रो, भुजुङ हाइड्रो र होटेल फरेस्ट इनको सेयर मूल्य नौ प्रतिशतभन्दा धेरैले बढेको छ। सर्वाधिक गुमाउनेमा भने युनिक नेपाल लघुवित्तका लगानीकर्ता छन्।

नागरिकता हरायो

मिति २०८२/१२/२ गते ललितपुर सातदोबाटोबाट लगनखेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको नागरिकता प्रमाणपत्र हराएको हुदाँ पाउनु हुने व्यक्तिले नजिकैको प्रहरीवृत्त को कार्यलयमा बुझाई सहयोग गरिदिन हुन हार्दिक अनुरोध छ।

नाम : सुनिल थापा
ठेगाना : ललितपुर
ना.प्र.नं. : ९३१६४
सम्पर्क : ९८४१३४९५०८

स्कुटर हरायो

मिति २०८२/१२/११ गते बिहान अ. २:३० बजेको समयमा का.जि. का.म.न.पा.-३१, नयाँ बानेश्वर बासुकी मार्ग स्थित कोठा बाहिर पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको सेतो रंगको Yamaha Rayzr 125 CC को स्कुटर हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सुजन खड्का
मो.सा.नं.: बा.प्र. ०२-०६२ प ६६६८
चेसिस नं.: ME1SEK77AS0095622
इन्जिन नं.: E33SE1088199
सम्पर्क नं.: 9844576492

मोटरसाइकल हरायो

मिति २०८२/१०/२० गते अ. १८:०७ बजेको समयमा का.जि. टोखा न.पा. -३ धनेश्वर स्थित घर बाहिर सडक किनारमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको २२० सिसि पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : धन बहादुर सिंह
मो.सा.नं.: बा.प्र. ०२-०१७ प १०५१
चेसिस नं.: : MD2A13EY0LCL80892
इन्जिन नं.: DKYCLC67138
सम्पर्क नं.: 9861728730

मुद्दा नं ०८०-Cp-१२१९, ०८०-Cp-१२२०, ०८०-Cp-१५२१, ०८०-C४-०६८०, ०८०-C४-०६८१ र ०८०-C४-०६८२ समेत। मुद्दा - दुषित राजिनामा लिखत दर्ता बदर र जालसाजी, थानः-६, फाँटः- विशेष ५ ललितपुर जिल्ला अदालतबाट जारी भएको मानबिर विश्वकर्माको नाती भक्त बहादुर विश्वकर्माको छोरा भोजपुर जिल्ला वालंखा गा.वि.स. वडा नं ८ को परिवर्तित आमचोक गा.पा. वडा नं ४ बस्ने बर्ष ३९ को लक्ष्मण विश्वकर्माको नाउँको २१ दिने इतलायनामा सूचना म्याद ..... ।

उप्रान्त बादी प्रमिला राई समेत र प्रतिवादी तपाई समेत भएको दुषित राजिनामा लिखत बदर (मुद्दा नं ०८०-Cp- १२१९,०८०-Cp-१२२०, ०८०-Cp-१५२१) र जालसाजी (०८०-C४-०६८०, ०८०-C४-०६८१ र ०८०-C४-०६८२) मुद्दाहरूमा प्रतिवादी लक्ष्मण विश्वकर्माको नाउँमा यस अघि जारी गरी पठाएको म्याद वेपत्ते तामेल भई आएको देखिदाँ यस अदालतको मिति २०८२/०८/०१ गतेको आदेशानुसार मुलुकी देवानी कार्यविधि, २०७४को दफा १०५ (२२) तथा दफा ११४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६२ बमोजिम यो २१ (एक्काइस) दिने इतलायनामा म्याद तपाईको नाउँमा प्रकाशित गरिएको छ। यो म्याद प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काइस) दिन भित्र प्रतिउत्तर पत्र तथा आफ्नो सबुत प्रमाण समेत लिई तपाई आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत यस अदालतमा उपस्थित हुनु होला। सो अवधि भित्र उपस्थित नभएमा मुद्दा कानून बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन। ईति सम्वत २०८२ साल चैत्र महिना १ गते रोज १ शुभम ...

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि. को

ऋण चुक्ता गर्न अनुरोध गरिएको एवं चुक्ता नगरेमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न डाँक बढाबढ सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२/१२/१६)

यस सहकारीबाट ऋण लिएका तपसिलबमोजिमका सदस्यहरूले म्यादभित्र ऋण चुक्ता नगरी लिखित तथा मौखिक ताकेता गर्दासमेत ऋण चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क गरी सम्पूर्ण सावाँ, ब्याज र जरिवानासमेत चुक्ता गरी धितो राखिएको सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित सदस्यहरूलाई जानकारी गराइन्छ । सूचना जारी भएको मितिले ३५ दिनभित्र ऋण चुक्ता नभएमा सहकारी ऐन, २०७४ को दफा ७९ एवं सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितोमा राखिएको सम्पत्ति लिलाम बिक्री गर्नका लागि मिति २०८३ वैशाख २४ गते बिहान १०:३० बजेदेखि दिउँसो ४:०० बजेसम्म संस्थाको कार्यालयमा डाँक बढाबढ गरिने छ । धितोमा राखिएको सम्पत्ति लिलामीबाट पनि ऋण असुल नभएमा ऋणी तथा ऋणीका परिवारको नाममा रहेको चल/अचल श्रीसम्पत्तिहरूबाट बाँकी रकम असुलउपर गरिने व्यहोरा समेत सूचित गरिन्छ । धितोमा रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरूलाई डाँक बढाबढमा भाग लिन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ । डाँक बढाबढमा भाग लिने प्रक्रिया सम्बन्धमा संस्थाको कार्यालयबाट जानकारी लिन सकिने छ ।

ऋणीको विवरण

क्र. सं.	ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
१.	नामः रिता बन्जारा (ना.प्र.नं.१०३३६१, ललितपुर) बाबुः रामहरि बन्जारा पतिः गोपालप्रसाद दुलाल ससुराः भोगप्रसाद दुलाल	भोगप्रसाद दुलालकी बुहारी, गोपालप्रसाद दुलालकी पत्नी रिता बन्जाराको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता रहेको ललितपुर जिल्ला साबिक चापागाउँ ५ स्थित कि.नं. १४८३, १४८२ र १४८५ को क्षेत्रफल क्रमशः ०-१-०-१ (रोपनी), ०-३-१-३ (रोपनी) र ०-०-२-३ (रोपनी) जग्गा ।
२.	नामः गोपालप्रसाद दुलाल (ना.प्र.नं.७८९९६, ललितपुर) बाबुः भोगप्रसाद दुलाल बाजेः केदारनाथ दुलाल	

अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.
सूर्यविनायक ४, दधिकोट, भक्तपुर, फोन : ०१-६६३०३२३

नबिल बैंक लिमिटेड, भैंसेपाटी शाखा, ललितपुर धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/१२/१६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०९/१२ को कारोबार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा भैंसेपाटी शाखा, ललितपुर** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा मिति २०७०/११/१४ मा प्रा.फ.नं. ४३३१४/११२४ अन्तर्गत दर्ता भएको **ए.टि.सि. कन्स्ट्रक्सन ।**
ठेगाना : काठमाडौं जिल्ला, नारायणथान बुढानिलकन्ठ न.पा. वडा नं. २ ।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :
आइमान सिंह तामाङको नाति गुण बहादुर तामाङको छोरा नुवाकोट जिल्ला, राउत वेसी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. ६३३४५ (जारी मिति ०५६/९/२१, स्थान नुवाकोट) भएका **चुडा बहादुर मोक्तान ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

शेर बहादुर तमाङकी छोरी, गुण बहादुर तामाङकी बुहारी चुडा बहादुर मोक्तानकी श्रीमति नुवाकोट जिल्ला, राउत वेसी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. २५३०३०/७८२ (जारी मिति ०६३/१०/१३, स्थान नुवाकोट) भएकी **तारा मोक्तान ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
चुडा बहादुर मोक्तान र **तारा मोक्तान**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६, नक्सा सिट नं ६ख मा अवस्थित कि.नं. १३०७, १३०९, १३११ र १३१३ क्षेत्रफल ९९.३६, १५.९०, ७.९५ र ५.९६ वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैंसेपाटी शाखा, ललितपुर** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मितिः २०८२/१२/२२ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैंसेपाटी शाखा, ललितपुर**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१२/२३ गते ३:०० बजे बैंकको **भैंसेपाटी शाखा, ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरे को सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **भैंसेपाटी शाखा, ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

नेपाल इन्भेष्टमेण्ट मेगा बैक लिमिटेडको
बैकिङ्ग सम्पति बिक्री सम्बन्धी गोप्य बोलपत्र आह्वान
(प्रकाशित मिति : २०८२/१२/१६)

यस बैंकको बैकिङ्ग सम्पत्तिको रुपमा रहेको तपशिलमा उल्लेखित अर्पाटमेण्ट बढाबढ मूल्यमा बिक्री गरिने भएको हुनाले उक्त अर्पाटमेण्ट खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन भित्रमा** कार्यालय समयभित्र यस बैंकको सामान्य सेवा विभाग, दरवारमार्ग, काठमाण्डौंमा आईपुग्ने गरी के कति दररेटमा उक्त अर्पाटमेण्ट लिन कबुल गरेको हो सो खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक सबैलाई आह्वान गरिन्छ। उक्त अवधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधि, नेपाल सरकारका प्रतिनिधि, बोलपत्रदाता वा बोलपत्रदाताको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा तल उल्लेखित मिति, समय र स्थानमा खोलिने छ।

तपशिल

बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८२ चैत्र २२ गते आईतबार।
बोलपत्र खोलिने मिति : २०८२ चैत्र २३ गते सोमबार।
समय : दिउँसो १:०० बजे।
स्थान : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, दरबारमार्ग ।

बैकिङ्ग सम्पत्तिको विवरण

यस बैंकको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ३ धोविघाट स्थित कि.नं. ८७४,८७२,८७६ र ८७८ को क्षेत्रफल १२७.१८ वर्ग मि., ७१.५४ वर्ग मि., ९५.३९ वर्ग मि. र २१४.६२ वर्ग मि. जग्गामा बनेको सनराईज डेभलपर्स प्रा.लिबाट निर्मित सनराईज टावर नामक संयुक्त आवसीय भवनको ब्लक नं. टावर ३ मा निर्मित सातौं तल्लाको फ्ल्याट नं ई.के. १६२ को जम्मा १०५८ वर्गफुट को फ्ल्याट मात्र सो अपार्टमेन्टले चर्केको सम्पुर्ण लिगलिगापात समेत ।

वोलपत्र फाराम यस बैंकको सामान्य सेवा विभाग, दरवारमार्ग काठमाण्डौबाट रु. १,०००/- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी खरिद गर्न सकिनेछ। अन्य सम्पूर्ण शर्तहरु बोलपत्र फाराममा समावेश गरिएको छ।

विस्तृत जानकारीको लागी यस बैंकको सामान्य सेवा विभाग, दरबारमार्ग काठमाडौंमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
दरवारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं. ३४१२
फोन न : ५३४२५३०, ५३२८२२९, EXT. No. ३९९
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८२/१२/१६ गते नयाँ पत्रिका दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुन: अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०८२/१२/३० गते **स्थान : उल्लेखित शाखा कार्यालय**
बोलपत्र खोलिने मिति/समय २०८३/०१/०३ गते, बिहीबार दिनको ३ बजे

१. शाखा कार्यालय बलम्बु

ऋणी तथा जमानतकर्ता

१. **नाम : सिद्धि बहादुर कटुवाल** ना.प्र.नं. ३७३६/१८९४, जि.प्र.का. सिन्धुली जारी मिति : २०५२/१२/१३ बाबुको नाम : गोविन्द बहादुर कटुवाल बाजेको नाम : बम बहादुर कटुवाल ठेगाना : सिन्धुली जिल्ला, तीनपाटन गा.पा., वडा नं. ५ हाल : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा., वडा नं. १२	२. **नाम : शोभा कटुवाल** ना.प्र.नं. ३१३१४, जि.प्र.का. सिन्धुली जारी मिति : २०६०/०४/१६ ससुराको नाम : गोविन्द बहादुर कटुवाल पतिको नाम : सिद्धि बहादुर कटुवाल ठेगाना: सिन्धुली जिल्ला, जरायोटार गा.वि.स., वडा नं. ९ हाल : काठमाण्डौं जिल्ला, चन्द्रागिरी न.पा., वडा नं. १२

धितोको विवरण

शोभा कटुवालको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, बलम्बु गा.वि.स. वडा नं. ४क स्थित कित्ता नं. ४०७ को क्षेत्रफल ०–४–०–० (रोपनी)/१२७.१६ व. मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. शाखा कार्यालय सिनामंगल काठमाडौं

ऋणी नाम ठेगाना	ऋणी तथा जमानतकर्ता
नाम : श्री दर्शन मल्टिपर्पज इन्टरप्राइजेज नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, काठमाडौ दर्ता नं. २७०६८०/०७८/०७९, दर्ता मिति : २०७८/०४/२० पान नं. ६१००८३७९२ जारी मिति : २०७८/०५/२० ठेगाना : काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. ३२, कोटेश्वर **संचालक : सुदर्शन कार्की**	**नाम : सुदर्शन कार्की** ना.प्र.नं. ११९०९३/८२, जि. प्र.का. सर्लाही जारी मिति : २०६४/१२/१ बाबुको नाम : दिल बहादुर कार्की बाजेको नाम : गणेश बहादुर कार्की ठेगाना : सर्लाही जिल्ला, हरिपुर वडा नं. ७

जमानतकर्ता

१. **नामः दिल बहादुर कार्की** ना.प्र.नं. १९-२०१-७७-१६३०९, जि. प्र. का. सर्लाही जारी मिति : २०७७/०७/२१ बाबुको नाम : गणेश बहादुर कार्की बाजुको नाम : कनक बहादुर कार्की ठेगाना : सर्लाही जिल्ला, हरिपुर वडा नं. ७	२. **नामः गिता कार्की** ना.प्र.नं. ३६३३२८२९, जि.प्र.का. सर्लाही जारी मिति : २०५४/१०/१२ पतिको नाम : दिल बहादुर कार्की ससुराको नाम : गणेश बहादुर कार्की ठेगाना : सर्लाही जिल्ला, हरिपुर वडा नं. ७

धितोको विवरण

सुदर्शन कार्कीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ठता कायम रहेको सर्लाही जिल्ला, हरिपुर वडा नं. ६ क, स्थित कित्ता नं. १२१२ र १२१० को क्षेत्रफल क्रमश: ०-०-५-० २ ०-५ -०-० बिगाहा तथा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ठता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा वडा नं. ७ स्थित कित्ता १३५७५ को क्षेत्रफल ०-०-१४.७५-० रोपनी, भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

३. शाखा कार्यालय पथरी

ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानीकर्ता
नाम : दान बहादुर बोहोरा ना.प्र.प.नं. २३६/३०१३ जि.प्र.का. भोजपुर जारी मिति : २०३८/०१/०९ बाबुको नामः राम चन्द्र बोहोरा बाजेको नाम : दल बहादुर बोहोरा ठेगाना : महादेब स्थान गाउँ पञ्चायत वडा न .७, भोजपुर हालः पथरीशनिश्चे न.पा.वडा न .१, मोरङ्ग	**नाम : बिन्दामाया बोहोरा** ना.प्र.प.नं. ५९२/७९६०/२१९३, जि.प्र.का. भोजपुर जारी मिति २०४१/११/०९ पतिको नामः दान बहादुर बोहोरा ससुराको नाम : राम चन्द्र बोहोरा ठेगाना : श्यामशीला गा.बि.स. वडा न .२, भोजपुर हालः पथरीशनिश्चे न.पा.वडा न .१, मोरङ्ग

धितोको विवरण

१. दान बहादुर बोहोराको नाममा मालपोत कार्यालय वेलवारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला ९ क स्थित कित्ता नं.४१९७ को क्षेत्रफल ०-०-६-१ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. बिन्दामाया बोहोराको नाममा मालपोत कार्यालय वेलवारी मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला ९ कस्थित कित्ता नं.८९९ को क्षेत्रफल ०-०-७-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ

ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ताको विवरण
नाम सुदिप ढकाल ना.प्र.नं. २३३६८, जि.प्र.का. मोरङ्ग (उर्लाबारी) जारी मिति : २०६२/०४/२५ बाबुको नाम : दिनेश ढकाल बाजेको नाम : तिर्थराज ढकाल ठेगाना : मोरङ्ग जिल्ला, डांगीहाट वडा नं. ८	**नाम : आरती रेग्मी** ना.प्र.नं. ०६१००५/१३३८५०, जि.प्र.का. सुनसरी जारी मिति : २०६५/१०/२० पतिको नाम : सुदिप ढकाल ससुराको नाम : दिनेश ढकाल ठेगाना : सुनसरी जिल्ला, इटहरी वडा नं. ६

धितोको विवरण

१. सुदिप ढकालको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्ग दर्ता कायम रहेको मोरङ्ग जिल्ला, डांगीहाट वडा नं. ८क स्थित कित्ता नं. २७१ र ४५० को क्षेत्रफल क्रमश: ९६४.९६ र ३८५९.८५ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय : बलम्बु फोन नं. ०१-४३१२४३३, ४३१२६२२
शाखा कार्यालय : सिनामंगल काठमाडौं फोन नं. ०१-५९०१७९९७,
शाखा कार्यालय : पथरी फोन नं. ०२१-५५५४८२, ५५५४८३
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

राष्ट्रिय टोलीबाट बाहिरिए अञ्जन र एरिक

मुख्य प्रशिक्षक गुग्लिएल्मो ऐनाले राष्ट्रिय लिगका आधारमा लाओसविरुद्ध सिनियर खेलाडी अञ्जन विष्ट र एरिक विष्टलाई बाहिर राखे

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

इटालियन मुख्य प्रशिक्षकमा गुग्लिएल्मो ऐनाले आइतबार लाओसविरुद्ध खेल्ने नेपाली राष्ट्रिय टोली घोषणा गरेका छन्। पहिलोपटक राष्ट्रिय टोली सम्हाल्ने अवसर पाएका प्रशिक्षक ऐनाले २३ सदस्यीय नेपालको टोली घोषणा गर्दा सिनियर खेलाडी अञ्जन विष्ट र एरिक विष्टलाई बाहिर राखेका छन्। ऐनाले त्रिभुवन आर्मी क्लबबाट व्यावसायिक फुटबल खेलिरहेका मिडफिल्डर पेम्बा दोर्जे लामासहित पाँच नयाँ अनुहारलाई समेटेका छन्। यसैगरी, दोस्रो रोजाइका गोलरक्षक दीप कार्की भने टोलीमै परेनन्।

लाओसविरुद्ध घोषित टोलीमा गोलरक्षक योगेश धिमाल, मिडफिल्डर रोमन भुजेल, पेम्बा दोर्जे लामासँगै स्ट्राइकरहरू मिलन राई र युवराज खड्का पहिलोपटक टोलीमा स्थान बनाउन सफल भएका छन्। दिनेश हेन्जन, कुशल देउवा र सुवास बम पनि टोलीमा छैनन्। सुवास उमेर समूहमा प्रतिस्पर्धा गरिरहेका छन्। माल्दिभ्समा चलिरहेको साफ यू-२० च्याम्पियनसिपमा उनले उपकप्तानको जिम्मेवारी पाएका छन्।

पेम्बाले गत जनवरीमा भएको साफ फुटसल च्याम्पियनसिपमा नेपालको जर्सी लगाएका थिए। भुटानविरुद्ध उनले दुई गोल पनि गरेका थिए। राखेपको तीन महिना निलम्बनमा परेको अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी कपअन्तर्गत लाओसविरुद्धको प्रतिस्पर्धाका लागि शनिबार टोलीलाई बिदाइ नगरी पठाएको थियो। नेपाली टोली थाइल्यान्ड हुँदै लाओस पुगेको छ। प्रशिक्षक ऐनाले पठाएको अन्तिम २३ खेलाडीको लिस्ट नै एन्फाले आइतबार सामाजिक सञ्जालबाट सार्वजनिक गरेको हो। नेपालले एएफसी एसियन कपअन्तर्गत आफ्नो अन्तिम खेलमा लाओसको घरेलु मैदानमा प्रतिस्पर्धा गर्दै छ।

निर्धारित खेलतालिकाअनुसार लाओसविरुद्ध खेल दशरथ रंगशालामा हुनुपर्ने थियो। तर, एन्फाले एएफसीले रंगशालालाई अन्तर्राष्ट्रिय मान्यता प्रदान नगर्दा खेल लाओसमा सारिएको हो। दशरथ रंगशालामा गत २६ मार्चमा हङकङविरुद्ध हुने तय भएको मैत्रीपूर्ण खेल पनि रद्द भएको थियो।

एसिया कपको पहिलो चरणमा नेपाल लाओससँग २-१ ले पराजित भएको थियो। नेपालले पहिलोपटक लाओससँग हारको सामना गरेको थियो। एसियन कप छनोटमा नेपालले तीन अंक जोडेको छ। प्रतियोगिताबाट बाहिरिसकेको नेपालले प्रतिष्ठाका लागि खेल्दै छ। गत नोभेम्बरमा समूह 'एफ'मा रहेको नेपालले आफ्नो पाँचौँ खेलमा मलेसियाको सामना गरेको थियो। एसियन कप छनोट २०२७ मा नेपाल र भियतनामविरुद्धको प्रतिस्पर्धामा मलेसियाले नक्कली कागजात प्रस्तुत गरी सात खेलाडीलाई मैदानमा उतारेका कारण अंक खोसिएको छ।



अञ्जन विष्ट



एरिक विष्ट

नेपालका लागि १३ गोल गरेका विष्ट

नेपालको फुटबलमा स्ट्राइकर अञ्जनले नीराजन रायमाझी र हरि खड्कासँगै अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक १३ गोलको कीर्तिमान बराबरी गरेका छन्। पछिल्लो दुई वर्षदेखि उनी नेपालका लागि धेरै अन्तर्राष्ट्रिय गोल गर्ने संघर्षरत देखिएका छन्। राष्ट्रिय लिगमा उनले न्युरोड टिम (एनआरटी)बाट खेल्दै आएका छन्। अञ्जनले अन्तिमपटक नेपालका लागि सन् २०२६ को फिफा विश्वकप एसियन छनोटमा लाओसविरुद्ध नै गोल गरेका थिए। सन् २०२३ को १२ अक्टोबरमा उनले अन्तिमपटक गोल गरेका हुन्। यसयता उनी गोलविहीन छन्।

राष्ट्रिय लिगमा उनको प्रदर्शन सन्तोषजनक छैन। राष्ट्रिय लिगमा समेत उनी गोलका लागि संघर्ष गरिरहेका छन्। नेपालका लागि उनले अहिलेसम्म ६० अन्तर्राष्ट्रिय खेल खेलेका छन्। सन् २०१४ देखि उनी राष्ट्रिय टोलीमा थिए। खराब प्रदर्शनका कारण नै उनी पहिलोपटक राष्ट्रिय टोलीबाट बाहिरिएका हुन्। एन्फाले यसअघि हङकङविरुद्ध स्थगित भएको खेलका लागि टोलीमा अञ्जनलाई राखेको थियो।

राष्ट्रिय लिगको सुरुवाती खेल एपेन्डिक्सको शल्यक्रियाका कारण गुमाएका उनले गत फागुनमा राष्ट्रिय लिगमा पुनरागमन गरेका थिए। राष्ट्रिय लिगमा उनले एनआरटीबाट दुई गोल गरेका थिए। पछिल्लो समयम युवा मिडफिल्डर एरिकको प्रदर्शन पनि गतिलो छैन।

सन् २०२० देखि उनी राष्ट्रिय टोलीकै अभिन्न अंगका रूपमा थिए। सन् २०२० मा उनले बंगलादेशविरुद्ध राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। उनले अहिलेसम्म २३ अन्तर्राष्ट्रिय खेल खेलेका छन्। उनको नाममा एक पनि अन्तर्राष्ट्रिय गोल छैन।

दोस्रो रोजाइका दीपकलाई कप्तान तथा नियमित गोलरक्षक किरण चेम्जोङको विकल्पका रूपमा हेरिएको छ। दीपले चर्च ब्वाइजको राष्ट्रिय लिगअन्तर्गत पछिल्लो खेलमा चोट बोकेको थियो।

पहिलो जित निकाल्ने अवसर

प्रतियोगिताको समूह 'एफ'मा नेपाल पहिलो जितको खोजीमा छ। यसअघि पनि नेपाल लाओससँग पराजित भएको थियो। त्यसअघि मलेसिया र भियतनामसँग पनि दुवै खेलमा पराजित भएको थियो। तर, मलेसियासँगका खेल उल्टिँदा नेपाल ३-० ले विजयी भएको थियो। खेलमा मलेसियाले नेपाललाई पराजित गरे पनि कागजी प्रक्रिया त्रुटि भेटिएपछि नेपालको पक्षमा नतिजा आएको थियो।

नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ (कप्तान), विशाल सुनार, योगेश धिमाल

डिफेन्डर : अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, रोहित चन्द, सनिश श्रेष्ठ, सुमन श्रेष्ठ, सुमित श्रेष्ठ, योगेश गुरुङ

मिडफिल्डर : आयुष घलान, दीपेश गुरुङ, कृतिशरत्न छुन्जु, मणिकुमार लामा, मनीष डाँगी, पेम्बा दोर्जे लामा, रोहन कार्की, रोमन भुजेल

स्ट्राइकर : आदित्य शाक्य, जिलेस्पीजंग कार्की, मिलन राई, युवराज खड्का

■ प्रधानमन्त्री कप क्रिकेट

गण्डकीले हरायो एपिएफलाई

नयाँ पत्रिका

गण्डकी प्रदेशले प्रधानमन्त्री (पिएम) कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपिएफ क्लबलाई पहिलोपटक पराजित गरेको छ। मूलपानी क्रिकेट मैदानमा बागमतीले एपिएफमाथि ४३ रनको जित निकालेको हो। मूलपानी मैदानको आउटफिल्ड भिजेको कारण खेल २१ ओभरमा झारिएको थियो।

पहिलो ब्याटिङ गरेको गण्डकीले २१ ओभरमा सात विकेट गुमाएर एक सय ५० रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा एपिएफ १८.३ ओभरमा एक सय सात रनमा समेटिँदा गण्डकीले पहिलोपटक विभागीय टोलीलाई हरायो। गण्डकीको ऐतिहासिक जितमा बलर अपराजित पौडेलले घातक बलिङ गरेका थिए। उनले ३१ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारे। दुवै इनिङ्समा एकै अर्धशतकसमेत बनेनन्।

हारसँगै एपिएफको शीर्ष चारमा रहने सम्भावना कमजोर बनेको छ। एपिएफले जय ट्रफीमा स्थान बनाउन संघर्ष गर्नुपर्ने देखिन्छ। तीन अंकका साथ एपिएफ सातौँ स्थानमा छ। शीर्ष चार टोली मात्र जय ट्रफीका लागि छनोट हुने नेपाल क्रिकेट संघले जनाएको छ। गण्डकी तीन अंकका साथ आठौँ स्थानमा छ। लक्ष्य पछ्याएको इनिङ्समा एपिएफका लागि सुमित महर्जनले सर्वाधिक २२ रन बनाएका थिए।

एपिएफका भरपर्दा ओपनर लोकेश बमले नौ बलमा एक छक्का र दुई चौका प्रहार गरी १४ रन तथा आसिफ शेखले १४ बलमा दुई चौका प्रहार गरी १४ रनको योगदान दिए। कप्तान रोहितकुमार पौडेल तीन रनमा आउट भए। अमर रौटेला र अभिनाश बोहरा भने डक आउट भए। गण्डकीका लागि ओपनर गौरव विकले सर्वाधिक रूपमा ३७ रन जोडेका थिए। उनले ३६ बलमा तीन चौका र दुई छक्का हिर्काएका थिए। एपिएफका अभिनाश बोहराले सर्वाधिक तीन विकेट लिए। उनले पाँच ओभरमा ३५ रन खर्चिएका थिए।

बागमतीविरुद्ध आर्मीको रोमाञ्चक जित

प्रधानमन्त्री कपअन्तर्गत १८औँ खेलमा विभागीय टोली त्रिभुवन आर्मीले बागमती प्रदेशविरुद्ध रोमाञ्चक तीन विकेटको जित निकालेको छ। मूलपानी मैदानमा २८ ओभरमा झारिएको प्रतिस्पर्धामा बागमतीले पहिलो ब्याटिङ गरी २८ ओभरमा सात विकेट गुमाएर दुई सय आठ रनको बलियो योगफल बनाएको थियो। प्रत्युत्तरमा आर्मीले २७.५ ओभरमा सात विकेटको क्षतिमा दुई सय १० रन जोड्दै रोमाञ्चक जित निकाल्यो। आर्मीको जितमा कुशल मल्लले ५८ बलमा ९० रनको आक्रामक इनिङ्स खेलेका थिए। उनी खेलकै म्यान अफ दी म्याच भए। उनले आठ छक्का र तीन चौका प्रहार गरेका थिए। लक्ष्य पछ्याएको इनिङ्सको २७.५ ओभरमा कुशलले छक्का प्रहार गरी जित दिलाएका हुन्। बागमतीलाई हराएको आर्मीले प्रतियोगितामा आफ्नो अपराजित यात्रा जारी राखेको छ। अन्तिम ओभरमा आर्मीलाई १३ रन आवश्यकता थियो। कुशल र साहव आलम क्रिजमा थिए। बागमतीका बलर रिजन ढकालले अन्तिम ओभर फ्याँकेका थिए। उनले अन्तिम ओभरमा आशा गरेअनुरूप प्रदर्शन गर्न सकेनन्। जितपछि आर्मी चार खेलमा सात अंकसहित शीर्ष स्थानमा छ। दोस्रो स्थानको पुलिस र तेस्रो स्थानको मधेशले समान ५ अंक बनाएका छन्। बागमती २ अंकसहित नवौँ स्थानमा छ। हारले बागमतीको जय ट्रफीमा स्थान बनाउने सम्भावना निकै कमजार बनेको छ।

बागमतीविरुद्ध चम्किए कुशल

आर्मीको जितमा कुशलले सर्वाधिक अविजित ९० रन बनाए। शतकीय इनिङ्स खेल्न १० रनले चुके पनि उनले टोलीलाई महत्त्वपूर्ण दुई अंक दिलाउन सफल भए। बागमतीविरुद्ध जित निकाल्न आर्मीलाई अन्तिम ओभरमा १३ रन आवश्यक थियो। कुशलले रिजनको ओभरमा समान चौका र एक छक्का हिर्काउँदै जित दिलाएका थिए। आर्मीका लागि ओपनर तृतराज दासले ४८ बलमा ५४ रन बनाए। उनले चार चौका र एक छक्का हिर्काएका हुन्। नरेन साउदले २६ रनको योगदान गरेका थिए। आर्मीका कप्तान विनोद भण्डारीले नौ रन र अर्जुन साउदले १४ रन बनाए। बागमतीका लागि ईशान पाण्डे र विवेक राना मगरले समान दुई विकेट लिए। कप्तान सन्दीप र सोनु देवकोटाले समान एक विकेट लिएका थिए। ओपनर आशुतोष धिरैयाले सर्वाधिक ३८ रन बनाएका थिए। ३६ बलको सामना गरेका उनले पाँच चौका हिर्काएका थिए। पवन थापाले ३७ बलमा ३५ रन र विवेक थापामगरले २४ बलमा ३० रन बनाए।



खेल संक्षेप

महिला भलिबलको उपाधि इलाइटलाई

बागलुङ/ पोखराको इलाइट भलिबल एकेडेमीले महिला भलिबल प्रतियोगिताको उपाधि जितेको छ। बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले आयोजना भएको प्रतियोगिताको फाइनलमा इलाइटले शान्ता मावि पोखरालाई सोझो ३-० सेटमा हरायो। उपाधि भिडन्तमा इलाइट २५-२३, २५-२२ र २५-२३ ले विजयी भएको हो। इलाइटले एक लाख र उपविजेता शान्ता माविले ५० हजार रुपैयाँ पाएका छन्। यसअघि सेमिफाइनलमा शान्ता माविले सृष्टि फर्निचर धौलागिरि वीरेन्द्र माविलाई ३-२ को सेटमा निराश बनाएको थियो। अर्को सेमिफाइनलमा इलाइटले जैमिनी नगरपालिकामाथि ३-० को जित निकाल्यो। समितिका अध्यक्ष भूपेन्द्र खड्काका अनुसार उत्कृष्ट खेलाडीले जनही पाँच हजार रुपैयाँ पाएका छन्।



उत्तरप्रदेशसम्म दौडिए कार्की

काठमाडौं/ धावक रामसुन्दर कार्कीले ललितपुरदेखि भारतको उत्तरप्रदेशस्थित अयोध्या मन्दिरसम्मको आफ्नो दौड यात्रा पूरा गरेका छन्। चार सय ५० किलोमिटर दूरी ५५ वर्षीय कार्कीले १३ चैतको रामनवमीका दिन पूरा गरेका हुन्। गोदावरी नगरपालिका- १, गोदामचौरस्थित कार्कीटारमा आफैंले निर्माण गरेको हनुमान मन्दिरमा २७ फिट अग्लो पित्तलको गदा निर्माणका लागि आर्थिक संकलन गर्ने अभियानलाई निरन्तरता दिन कार्कीले अयोध्यासम्मको दौड यात्रा गरेको बताएका छन्।

यसअघि कार्कीले विभिन्न क्षेत्रमा दौड पूरा गरेका थिए। उनले पहिलोपटक उत्तरप्रदेशसम्म दौडेका हुन्। उनले काठमाडौंदेखि भारतको पश्चिम बंगाल हुँदै भुटानको सिमाना फुन्छुलिङसम्म दौडेका थिए। कार्कीले ०६४ देखि एक सय एक दिन लगाएर नेपालको तत्कालीन ७५ जिल्ला नै दौडेर पुगेका थिए।

बटौली कपको विजेता गोलपार्क

रुपन्देही/ बुटवल गोलपार्क क्रिकेट क्लबले प्रथम बटौली कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि चुमेको छ। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा आइतबार भएको फाइनलमा लुम्बिनी खुकुरी क्लबलाई ३७ रनले हराउँदै गोलपार्कले उपाधि हात पारेको हो। पहिलो ब्याटिङ गरेको बुटवल गोलपार्कले ६ विकेट गुमाएर एक सय ५४ रन बनायो। बुटवलका सुजन गौतमले अर्विजत ४४ रन र हरजित सिंहले ४२ रन जोडेका थिए। बलिङमा लुम्बिनीका रोशन गौतमले दुई विकेट लिए।

प्रत्युत्तरमा लुम्बिनीले १९.२ ओभरमा सबै विकेट गुमाएर एक सय १७ रन मात्रै बनायो। लुम्बिनीका रोशन गौतमले ३६ रनको योगदान दिए। बलिङमा बुटवल गोलपार्कका सन्दीप अर्याल र कलम अलीले समान तीन विकेट लिए। बुटवल गोलपार्कका हरजित सिंहले म्यान अफ द सिरिज हुँदै १० हजार रुपैयाँ पाए।

सातौँ चन्द्रस्मृति कप १ वैशाखमा

सुर्खेत/ सुर्खेतको गुर्भाकोट नगरपालिकामा पाँच लाख पुरस्कार धनराशिको सातौँ चन्द्रस्मृति कप ०८३ फुटबल प्रतियोगिता आगामी १ वैशाखमा हुने भएको छ। स्वर्गीय चन्द्रबहादुर बुढाको सम्झनामा मेहेलकुना फुटबल क्लब प्रतियोगिता हुन लागेको हो। प्रतियोगिता ८ वैशाखसम्म चल्नेछ। प्रतियोगितामा २० टोलीको सहभागिता रहने अनुमान छ। स्थानीयस्तरमा खेलकुदको विकास र युवालाई यसमा आकर्षित गर्न प्रतियोगिता आयोजना गर्न लागेको फुटबल क्लबका अध्यक्ष राजेन्द्र शर्माले बताए। विजेता टोलीले पाँच लाख र उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछन्। कर्णाली प्रदेशमै चन्द्रस्मृति कप लोकप्रिय र प्रतिष्ठित बन्दै गएको गुर्भाकोट नगरपालिकाका प्रमुख हस्तबहादुर पुनले बताए।

■ इन्डियन प्रिमियर लिग

१३ वर्षपछि मुम्बई पहिलो खेलमा विजयी



एजेन्सी

मुम्बई इन्डियन्सले इन्डियन प्रिमियर लिग (आइपिएल)मा १३ वर्षपछि पहिलो खेल जितेको छ। १९औँ संस्करणअन्तर्गत आइतबार मुम्बईले कोलकाता नाइट राइडर्समाथि ६ विकेटको सानदार जित निकालेको हो। वानखेडे रंगशालामा कोलकाताले पहिलो ब्याटिङ गरी चार विकेट गुमाएर दुई सय २० रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा मुम्बईले १९.१ ओभरमा चारै विकेट गुमाएर दुई सय २४ रन बनायो।

सन् २०१२ मा मुम्बईले अन्तिमपटक आफ्नो पहिलो खेलमा चेन्नई सुपर किंग्सलाई हराएको थियो। त्यसयता मुम्बई लगातार १२ वर्ष पहिलो खेलमा पराजित भयो। मुम्बईले इतिहासमा पहिलोपटक ठुलो लक्ष्य पछ्यायो। सन् २०२१ मा मुम्बईले चेन्नईले दिएको दुई सय १९ रन पार गरेको थियो। मुम्बईको जितमा ओपनर रायन रिकटनले ४३ बलमा आठ छक्का र चार चौका प्रहार गरी ८१ रन बनाए। रोहित शर्माले ३८ बलमा समान ६ छक्का र चौका प्रहार गरी ७८ रन जोडे। कप्तान हार्दिक पाण्ड्याले ११ बलमा १८ रन बनाए।

यसअघि पहिलो ब्याटिङ गरेको कोलकाताले ओपनिङ उत्कृष्ट गरेको थियो। ओपनरहरू अजिंका राहाने र फिन एलानले पहिलो विकेटका लागि ५.२ ओभरमा ६९ रनको साझेदारी गरेका थिए। शार्दुल ठाकुरले फिनको विकेट लिएका हुन्। फिनले १७ बलमा दुई छक्का र ६ चौका प्रहार गरी ३७ रनको योगदान दिए।

१९औँ आइपिएलकै सर्वाधिक विदेशी महँगा खेलाडी क्यामरुन गिनले १० बलमा समान एक चौका र छक्का प्रहा रगरी १८ रन जोडे। त्यसपछि रघुवंशी र रिंकु सिंहले चौथो विकेटका लागि ६० रनको साझेदारी गर्दै टोलीलाई १४५-३ बाट २०५-४ को बलियो स्थितिमा राखे। रघुवंशीले २९ बलमा ६ चौका र दुई छक्का प्रहार गरी ५१ रन जोडे। रिंकुले २१ बलमा चार चौकाको सहयोगमा ३३ रनको योगदान दिए। ओपनर राहानेले ४० बल सामना गरी पाँच छक्का र तीन चौका प्रहार गरी ६७ रन बनाए। बलिङमा मुम्बईका शार्दुलले तीन विकेट लिए।

चेन्दु ट्रेल रेसमा नेपालकी राममाया बुढा प्रथम

जुम्लामा **मानदत्त रावल**

अल्ट्रा धावक राममाया बुढाले चीनको चेन्दुमा भएको ट्रेल रेसमा पहिलो स्थान हात पारेकी छिन्। जुम्लाको पातारासी गाउँपालिका-२ को विकट पेरेगाउँमा जन्मेकी राममायाले पुनः एकपटक अन्तर्राष्ट्रिय ट्रेल रनिङमा उत्कृष्ट प्रदर्शन राख्दै च्याम्पियनसिप उपाधि हात पारेकी हुन्। नेपाली महिला ट्रेल रनिङ खेलाडी राममायाले चेन्दु ट्रेल पावर्ड बाई टिसाइगुअन्तर्गत महिला ६० किलोमिटरतर्फ पहिलो स्थान हात पारेकी हुन्। उनले निर्धारित दूरी ६ घण्टा ६ मिनेट ५७ सेकेन्डमा पूरा गरेकी हुन्। उनीपछि घरेलु खेलाडी टेन ती दोस्रो र ली यिङ तेस्रो भएका छन्। विदेशी भूमिमा उपाधि जित्दा धेरै खुसी लाग्ने राममायाले प्रतिक्रिया दिएकी छिन्।

'नेपालबाहिर रेस जित्दा खुसी छु,' चीनबाट उनले भनिन्, 'आगामी दिनमा पनि अल्ट्रा रेसमा राम्रो प्रदर्शनलाई निरन्तरता दिने लक्ष्य छ।' एथलेटिक्सको राष्ट्रिय प्रतियोगिता, क्रिस कन्ट्री दौड, रोड रेस हुँदै पछिल्लो समय अल्ट्रा रेसलाई नै निरन्तरता दिएकी राममायाले नयाँ विधामा पनि आफूलाई प्रमाणित गर्दै आएकी छिन्। विश्वचर्चित अल्ट्रा धावक सुनमायाको पदचापलाई पछ्याउँदै अघि बढेकी राममायाले पनि दिदी सुनमायाजस्तै उत्कृष्ट अल्ट्रा धावक बन्ने संकेत देखाइसकेकी छिन्। गत वर्ष हङकङमा भएको हङकङ १०० अल्ट्रा म्याराथनमा बुढा दिदीबहिनीले दुई फरक विधामा प्रतिस्पर्धा गर्दै उपाधि जितेर कीर्तिमान रचेका थिए। सुनमाया र राममाया दुई दिदीबहिनी हुन्। अन्तर्राष्ट्रिय धावक तथा गिनिजबुक रेकर्डर हरिबहादुर रोकायाले प्रशिक्षित गर्दै आएका दुई दिदीबहिनी चर्चित धावकका रूपमा परिचित छन्।

चीनको चेन्दुमा आयोजना भएको ट्रेल रेसअन्तर्गत ६० किमि दौडमा पहिलो स्थान रक्षा गर्ने क्रममा जुम्लाकी राममाया बुढाले ६ घण्टा ६ मिनेट ५७ सेकेन्ड समय लगाइन्



क्षितिजलाई नवौँ मिस्टर हिमालयको उपाधि

चितवनमा दुई दिनसम्म चलेको नवौँ मिस्टर हिमालय राष्ट्रिय शारीरिक सुगठनका विजेता क्षितिज थापाले १०३ प्रतिस्पर्धीलाई निराश बनाए

नयाँ पत्रिका

नेपाल व्यायाम मन्दिरका क्षितिज थापाले नवौँ मिस्टर हिमालय राष्ट्रिय शारीरिक सुगठन तथा स्पोर्टस् फिजिक्स च्याम्पियनसिपको उपाधि जितेका छन्। नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको आयोजनासँगै चितवन जिल्ला शारीरिक सुगठन संघको व्यवस्थापनमा भएको च्याम्पियनसिपमा क्षितिजले समग्रमा एक सय तीन खेलाडीलाई पछि पार्दै उपाधि हात पारेका हुन्। चितवनमा दुई दिनसम्म चलेको प्रतियोगितामा देशभरबाट एक सय चारजना खेलाडीले १६ विधामा प्रतिस्पर्धा गरेका थिए। ७५ केजी तौल समूहबाट समूहगत विजेता बनेका क्षितिज थापाले अन्तिम चरणमा उत्कृष्ट प्रदर्शन गरी उपाधि जितेका हुन्। उनले पाँच लाख रुपैयाँ पाएका छन्।

नवौँ मिस्टर हिमालयमा ५५ केजी तौल समूहमा सुनील आले (बुटवल फिटनेस, रुपन्देही), ६० केजी तौल समूहमा सुरेश दुवाल (ट्रान्क्विलिटी स्पा प्राली), ६५ केजीमा नवराज डुम्ब्रे (भूमही जिम एन्ड फिटनेस), ७० केजी तौल समूहमा अनिश रसाइली



(फ्रेन्ड्स फिटनेस, दाङ), ७५ केजी तौल समूहमा क्षितिज थापा (नेपाल व्यायाम मन्दिर, काठमाडौं), ८० केजी तौल समूहमा दीपजंग रोकामगर (एपेक्स जिम, काठमाडौं) र ८० केजीमाथि तौल समूहमा ललित धिमाल (ग्यालेक्सी फिटनेस, झापा) पहिलो भएका थिए।

पुरुष एथलेटिक्स फिजिक्स १७० सेमीमुनितर्फ विधामा रेशम राना (किङ्स फिटनेस, बुटवल) पहिलो भए। १७० सेमीमाथि अनुपविक्रम विष्ट (डिभाइन फिटनेस, कालिमाटी) शीर्ष स्थानमा रहे। यसैगरी, १७० सेमीमुनि ज्ञानेश्वर चौधरी (आइरन प्याराडाइज फिटनेस एन्ड स्पा, सिनामंगल)का पहिलो स्थानमा रहे। पुरुष स्पोर्टस् फिजिक्स १७० सेमीमाथि अनिल श्रेष्ठ (एनिटाइम फिटनेस) प्रथम भएका छन्।

महिलामा डिभाइनकी उर्मिला पहिलो

महिला एथलेटिक्स फिजिक्स विधामा डिभाइन फिजिकल फिटनेस सेन्टर कालीमाटीकी उर्मिला श्रेष्ठले उपाधि जितेकी छिन्। यला जिम ललितपुरकी सीता खत्री दोस्रो र द जिम एक्स भक्तपुरकी सुनु श्रेष्ठ तेस्रो भएका छन्। महिला मोडेल फिजिक्सतर्फ मन्स्टर जिम एन्ड फिटनेस हबकी बिनु जिटी पहिलो भइन्। त्यस्तै, महिला शारीरिक सुगठन विधामा डिभाइन फिजिकल फिटनेस सेन्टरकी शिला ठकुरीले उपाधि हात पारिन्। भक्तपुर वेलनेसकी तारा खाँइजू दोस्रो र पावर फिजिकल फिटनेसकी रिपु घर्ती तेस्रो भए। समूह विजेताले ५० हजार, उपविजेताले २५ हजार र तेस्रो स्थानमा रहेका खेलाडीले १५ हजार रुपैयाँ प्राप्त गरेका छन्। विजेता खेलाडीलाई सांसद रजनी श्रेष्ठसँगै आयोजक महासंघका अध्यक्ष राजेशबाबु श्रेष्ठले पुरस्कृत गरेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com